साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३० ✪ अङ्क ४६ ✪ १९ मङ्सिर २०८०, मङ्गलबार ✪ 5 Dec., 2023, Tuesday ✪ मूल्य रू. १०|-

## प्यालेस्टिनमा स्थायी युद्धविराम सम्झौता गराउन नेपाल सरकारबाट पहल हुनु जरुरी

काठमाडौँ। "इजरायलमा हराएका विपिन जोशीलाई फर्काउन नेपाल सरकारले प्यालेस्टिनी सरकारसँग सम्पर्क गर्नु आवश्यक छ। यसबारे नेपाली प्रतिनिधिमण्डल प्यालेस्टिनमा पठाउनु उपयुक्त हुन्छ।"

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समितिको बिहीबारको बैठकमा उक्त भनाइ राख्नुभएको हो।

"प्यालेस्टिनमा स्थायी युद्धविराम सम्झौताको लागि समितिले आह्वान गर्नु उचित हुनेछ। युद्ध भूमि इजरायलमा नेपाली विद्यार्थी र युवालाई पठाउने प्रम, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरू दोषी हुन्", सांसद सुवालले उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "एक सय वर्षअघि प्यालेस्टिनमा सबै जाति र धर्मका मानिसहरू मिलेर बसेका थिए। त्यसबेला यहुदीहरूको जनसङ्ख्या ६-७ प्रतिशतमात्र थियो। बेलायती दबाबमा संरा सङ्घले इजरायल घोषणा गरी यहुदीहरूलाई ५६ प्रतिशत प्यालेस्टिनी भूभाग दिलायो। गएको असोज ५ गते संयुक्त राष्ट्र सङ्घको महासभामा प्यालेस्टिनी भूमि नदेखाई मध्यपूर्वको नयाँ नक्सा देखाइयो। त्यसपछि प्यालेस्टिनी लडाकु सङ्गठन हमासले असोज २० गते यसको जवाफ दिएको हो। यसैको निहुँ बनाई अमेरिकी सरकारको सहयोगमा इजरायलले यहुदीवादी सरकारले प्यालेस्टिनीहरूको जातीय सफायालाई तीव्र पाऱ्यो। युनसेफका प्रमुखको लोग्ने अमेरिकी हतियार व्यापारी भएको सार्वजनिक भयो। मध्यपूर्व क्षेत्रमा विश्वको तीनचौथाइ तेल र ग्यास भण्डार रहेको छ। प्यालेस्टिनमा इजरायली आक्रमण भइरहेको बेला अमेरिकी सरकारले इजरायलबाट तेल र ग्यास ओसारिरहेको युरोपेली सङ्घका सांसदले बताए। अमेरिकी सरकारले इजरायललाई १ खर्ब ६ अर्ब डलर सहयोग गऱ्यो। यसमध्ये १५ अर्ब डलरको हतियार थियो, त्यही हतियारले गाजा ध्वस्त पाऱ्यो।"

"अमेरिकी विदेशमन्त्रीको दबाबमा नेपाल सरकारले एमसीसी सम्झौता पारित गराएको र रुसविरुद्ध यूएनमा मत दिएको असंलग्न परराष्ट्र नीति होइन। बेलायती साम्राज्यवादको लागि पठाइएको गोर्खा भर्ती भारत हुँदै अहिले युक्रेन र रुसमा पुग्यो। नेपाली युवालाई भाडाको सिपाही बनाउने काम बन्द गर्नुपर्दछ", सांसद सुवालले समितिमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

"प्रमको यूएन, मित्र देश चीन र कोप २८ मा जानुअघि समितिसँग सुझाव

बाँकी पृष्ठ १२ मा

### प्यालेस्टिनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध प्रदर्शन तथा सभा

## नेपाली जनता स्वतन्त्र प्यालेस्टिनको पक्षमा




ललितपुर। "नेपालीहरू अहिले जाजरकोटको भूकम्पमा मरेका छन् भने भूकम्पपछि चिसोले पनि मरिरहेका छन्। सरकारले जनतालाई बचाउन सकेन। गोर्खा भर्तीमा भर्ना भएका नेपाली युवाहरू बेलायती र भारतीय सेना भएर लड्दै मरे भने युक्रेन र रुसको सेनामा भर्ना भएर पनि ज्यान गुमाउँदै छन्। इजरायलमा सिक्ने र कमाउने भनी पठाइएका नेपाली विद्यार्थी १० जनाको मृत्यु भयो भने एकजना विपिन जोशी बेपत्ता छन्।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा शुक्रबार ललितपुरमा प्यालेस्टिनी स्वतन्त्रताको समर्थन र अमेरिकी सहयोग प्राप्त इजरायली फासीवादको विरोधमा भएको प्रदर्शन र सभामा व्यक्त गर्नुभएको हो।

उहाँले भन्नुभयो, "संयुक्त राष्ट्र सङ्घले बेलायतको दबाबमा प्यालेस्टिनीहरूको भूमि हडपेर इजरायल घोषणा गरेको थियो। प्यालेस्टिनी जनता आफ्नो भूमि फिर्ता लिन ७५ वर्षदेखि लड्दै छन्। गएको असोज ५ गते संयुक्त राष्ट्र सङ्घको महासभामा इजरायली प्रधानमन्त्री नेतन्याहुले प्यालेस्टिनी भूमि मेटिएको नयाँ मध्यपूर्वको नक्सा पेस गरे। प्यालेस्टिनीहरूको लडाकु सङ्गठन हमासले असोज २० गते इजरायललाई जवाफ दियो। अमेरिकी राष्ट्रपति बाइडेन कार्तिक १ गते इजरायल पुगेर आवश्यक हतियार सहयोग दिने वाचा गरे। अमेरिकाले इजरायललाई १ खर्ब ६ अर्ब डलर सहयोग गऱ्यो। यसमध्ये १५ अर्ब डलरको हतियार थियो। त्यही हतियारको भरमा इजरायलले प्यालेस्टिनीहरूको गाजापट्टीमा नरसंहार गऱ्यो। अहिलेको प्यालेस्टिन इजरायलको युद्धविराम स्थायी सम्झौतामा परिणत गराउन र प्यालेस्टिन स्वतन्त्र घोषणा गराउन हामी यहाँ भेला भएका छौँ।"

नेपालको ऋण २३ खर्ब रुपैयाँ बढी पुगेको, सावाँब्याज तिर्न बर्सेनि ३ खर्ब रुपैयाँ चाहिने स्थिति आउनुमा ३४ वर्षयता सिंहदरबार कब्जा गर्न पुगेका शासक पार्टीहरू नै दोषी भएको सांसद सुवालले स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "नेपालको नदीनाला र प्राकृतिक स्रोत साधन भारतले कब्जा गरेजस्तै मध्यपूर्वको तेल र ग्यास भण्डार कब्जा गर्न अमेरिकी सरकारले इजरायललाई अगाडि बढाएको हो। युरोपेली सङ्घका एक सांसदले भर्खरै आफू प्यालेस्टिन पुगी अध्ययन गरी फर्केको र त्यहाँको तेल र ग्यास अमेरिकाले ओसारिरहेको बताए। इजरायलले गाजापट्टीको ५२४ विलियन डलरको ग्यास र तेल भण्डारण कब्जा गर्न यो युद्ध गरेको हो।"

अहिलेको युद्धविरामलाई स्थायी सम्झौतामा परिणत नगरिएसम्म अमेरिकी साम्राज्यवादविरोधी विश्वका जनताको प्रदर्शन र सभा चालू रहने धारणा सचिव सुवालले व्यक्त गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका

बाँकी पृष्ठ १२ मा

## अमेरिकी प्रजातन्त्र साम्राज्यवाद र पुँजीपतिहरूको हितमा केन्द्रित

भक्तपुर। प्यालेस्टाइन र इजरायल युद्धमा महिला तथा बालबालिकाहरूको नरसंहार भइरहेको विषयमा अन्तरक्रिया र मार्गनिर्देशन कार्यक्रम बिहीबार सम्पन्न भयो।

नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सबै विषयको निर्णय राजनीतिसँग जोडिने भएकोले कर्मचारीहरू राजनीतिबाट अलग्ग हुन नसकिने धारणा व्यक्त गर्दै भक्तपुरको विकास हुनुमा नेपाल मजदुर किसान पार्टीले गरिरहेको इमानदारीपूर्वक राजनीतिको प्रतिफल नै हो भन्नुभयो।

अमेरिकी साम्राज्यवादको आडमा इजरायलले प्यालेस्टिनीहरूको हत्या गरिरहेको जातीय नरसंहार भएको उहाँले स्पष्ट पार्नुभयो।

"अमेरिकी प्रजातन्त्र साम्राज्यवाद र पुँजीपतिहरूको हितमा केन्द्रित छ। प्यालेस्टाइनमा हमला गर्न अमेरिकाले इजरायललाई हतियार उपलब्ध गराएकोले संरा अमेरिकालाई विश्वका न्यायप्रेमी जनताले कहिल्यै क्षमा दिने छैनन्", प्रमुख प्रजापतिले भन्नुभयो।

युद्ध क्षेत्रमा इजरायलमा 'सिक्ने र कमाउने' नाममा नेपाली विद्यार्थी पठाउनु सरकारको अकर्मण्यता भएको स्पष्ट पार्दै उहाँले युद्धभूमि इजरायलमा नेपाली विद्यार्थी र युवालाई पठाउने प्रम, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरू दोषी छन् भन्नुभयो।

एक सय वर्षअघि प्यालेस्टाइनमा सबै जाति र धर्मका मानिसहरू मिलेर बसेको र त्यसबेला यहुदीहरूको जनसङ्ख्या ६-७ प्रतिशतमात्र रहेकोमा बेलायतको दबाबमा संरा सङ्घले ५६ प्रतिशत प्यालेस्टिनी भूभाग दिलाई इजरायल राज्य स्थापना गरेको चर्चा गर्दै उहाँले भन्नुभयो, "मध्यपूर्व क्षेत्रमा विश्वको तीनचौथाइ तेल र ग्यास भण्डार रहेको छ। त्यही ग्यास र तेल कब्जा गर्न अमेरिकाले प्यालेस्टाइनविरुद्ध युद्ध भड्काइरहेको हो।"

प्यालेस्टाइनमा स्थायी युद्धविराम अहिलेको आवश्यकता भएको उल्लेख गर्दै केन्द्रीय सदस्य प्रजापतिले प्यालेस्टिनी जनताको पक्षमा विश्वका न्यायप्रेमी जनताले जुलुस र जनप्रदर्शन गरिरहेका छन् भन्नुभयो।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एनबी दुवालले प्यालेस्टिनी जनताको पक्षमा आवाज उठाउनु न्यायप्रेमी जनताको समर्थन भएको बताउनुभयो।

नेमकिपाको स्वार्थ भने भनेको देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै रहेको स्पष्ट पार्दै उहाँले नेमकिपाले प्यालेस्टिनी जनताको पक्षमा आवाज उठाई इजरायली आक्रमणको विरोध गरी अन्तर्राष्ट्रिय कर्तव्य निर्वाह गरिरहेको छ भन्नुभयो।

कामदार जनताको भविष्य समाजवादी व्यवस्थामा मात्र सम्भव

बाँकी पृष्ठ १२ मा

## कामदारवर्गको हित गर्ने व्यवस्था समाजवाद

ललितपुर। विश्व सर्वहारावर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्म दिवसको अवसरमा नेमकिपा महालक्ष्मी समितिको आयोजनामा शनिबार सिद्धिपुरमा मार्क्सवादमा एङ्गेल्सको योगदान विषयमा अन्तरक्रिया भयो।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले भन्नुभयो, "शासन सत्ता सम्हालेर सम्पूर्ण कामदारवर्गको हितमा शासन गर्ने सिद्धान्तका प्रतिपादक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुनुहुन्थ्यो। उहाँहरूले मानव समाजमा दु:खको कारण पुँजीपतिवर्गको शोषण भएको पत्ता लगाउनुभयो। वास्तवमै कामदारवर्गको हित गर्ने व्यवस्था समाजवाद हो।"

नेमकिपा वाग्मती प्रदेश समिति सदस्य एन. महर्जनले भन्नुभयो, "पुँजीवादी बन्दोबस्त दोषरहित भएको भए समाजवादी बन्दोबस्तको उदय नै हुने थिएन। मार्क्सवादी राजनैतिक अर्थशास्त्रले पुँजीवादको उत्थान, विकास र पतनको सिद्धान्तको व्याख्या गरेको छ। अतिरिक्त मूल्य नै शोषणको प्रमुख आधार हो। पुँजीपतिवर्गको शोषणकै कारण सर्वहारावर्गको जन्म भएको हो र पुँजीवादको विकल्प समाजवाद हो।"

नेमकिपा ललितपुर जिल्ला समितिका उपाध्यक्ष अशोक महर्जनले भन्नुभयो, "नेपालमा पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादी राखनेले उल्टो कार्य गरिरहेको छ; संशोधनवादी नीति लिइरहेको छ। नेमकिपाले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई मार्ग निर्देशक सिद्धान्तको रूपमा अँगालिरहेको छ।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला सदस्य महन्त महर्जनले समाजवादी व्यवस्थामा उत्पादनका मुख्यमुख्य साधन सामाजिकीकरण हुने, व्यक्तित्त्व विकासमा समान अवसर पाउने, गाउँ र सहरको भेद क्रमश: अन्त्य हुने, शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त गर्ने जिम्मा सरकारको हुन्छ भन्नुभयो।

नेपाल कर्मचारी समाजका अध्यक्ष एल.पी. गौतमले भन्नुभयो, "विश्वका सचेत मजदुरहरू, संवेदनशील बुद्धिजीवी समुदाय र मानव समाजको विकासबारे सूक्ष्म ढङ्गले चिन्तन गर्ने लेखक, कवि र कलाकारहरूले मार्क्स र एङ्गेल्सलाई सदा सम्झिरहन्छन्।"

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले भन्नुभयो, "मानिसको जीवनमा संसारलाई परिवर्तन गर्ने बाटो देखाउनु एक महान् काम हो। डार्विनले जीव-विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाउनुभयो। त्यसले जीव जगतमा मात्र होइन, समाजशास्त्र र राजनैतिक क्षेत्रमा समेत प्रभाव पाऱ्यो।"

नेपाल प्राध्यापक सङ्घका केन्द्रीय सदस्य कान्छा दुवालले भन्नुभयो, "मार्क्स एक यहुदी जातिका मानिस हुन्। उहाँले संसारका सम्पूर्ण मानव जातिको कल्याणको लागि कामदारवर्गको राज्य सत्ता समाजवाद ल्याउनुपर्ने आवश्यकता देख्नुभयो।"

नेमकिपा महालक्ष्मीका सदस्य आशाराम महर्जनले काठमाडौँ उपत्यकाको कला संस्कृति संरक्षण गर्न उपत्यकामा बसाइँसराइ रोकी देशमा सन्तुलित विकास गर्नु आवश्यक छ भन्नुभयो।

उक्त अन्तरक्रिया कार्यक्रम एम. महर्जनको सभापतित्वमा भएको थियो। कार्यक्रममा रुपना महर्जन, कृष्णराज महर्जन, बिकी महर्जन,अनिश महर्जन, सुजिना महर्जन, भरत र इन्द्रराज महर्जनलगायतले समाजवादी व्यवस्थामा कामदार जनताको सेवा हुने बताउनुभयो।

## सुर्खेतमा नेपाल क्रान्तिकारी मजदुर सङ्घको स्थापना दिवस




सुर्खेत। नेपाल क्रान्तिकारी मजदुर सङ्घको स्थापना दिवस (मङ्सिर १५) को अवसरमा विश्व सर्वहारा वर्गका महान नेता फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्मजयन्ती गरी मनाइयो।

आयोजक समितिका अध्यक्ष अकलबहादुर रानाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले फ्रेडरिक एङ्गेल्सको जीवनी र योगदानबारे जानकारी दिनुभयो।

उहाँले पार्टी निर्देशन पालना गर्नु साङ्गठनिक आचरण लागू गर्नु कार्यकर्ताको अनुशासन भएको बताउनुभयो।

कार्यक्रममा नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोरा, शेरबहादुर शाही, प्रेमकुमार थापा, बिजुकला राना, गोविन्दनाथ योगी, धनेन्द्र विक, पर्व कार्की, हस्तबहादुर गुरुङ, धनबहादुर रावत, ऐनबहादुर शाही, निरकबहादुर शाही र मनबहादुर विकलगायतले बोल्नुभएको थियो।



*हरेक ठाउँमा मनपरी गर्दै कुल्चदै हिँड्ने अमेरिकी साम्राज्यवादले आफूलाई संसारका जनताको शत्रु बनाएको छ र उसले आफूलाई झन्झन् एक्लो पार्दै छ। दास हुन नमान्नेहरू अमेरिकी साम्राज्यवादको हातमा अणु बम र हाइड्रोजन बम देखेर कहिले पनि घुँडा टेक्ने छैनन्।*

*–माओ त्सेतुङ*

## सम्पादकीय

# पेसा परिर्वतनले समाजमा पर्ने प्रभाव

समाजवादीहरूमाझ काम र पेसाबारे अनेक छलफल र चिन्तन भएको थाहा हुन्छ। एक व्यक्तिले वर्षौंसम्म एउटै काम गर्दा वाक्कदिक्क लाग्ने हुँदा पेसा फेर्न पाउने वा फेर्न लगाउनु आवश्यक छ भन्ने विचार देखियो। व्यक्तिलाई एक पेसाबाट अर्को पेसामा पठाउँदा पुरानो काममा त्यस व्यक्तिको सीप वा कुशलता नयाँ काममा नहुन सक्ने तर्क र व्यावहारिक ज्ञान पनि त्यत्तिकै सत्य हो। एक शिक्षकलाई सिकर्मीको काम नदिए पनि शिक्षकलाई कुनै कार्यालयको कर्मचारी बनाउनु कति उपयुक्त होला भन्नेबारे पनि चिन्तन र व्यावहारिक उदाहरणहरूबारे पनि छलफल गर्नु उपयुक्त हुने देखिन्छ।

एक शिक्षकलाई सिकर्मीको काम नदिई बैदार, मुखिया, खरिदार वा सुब्बाको काम दिएमा के ती शिक्षकले सफलता हासिल गर्न सकिएला भन्नेबारे एकछिन घोत्लिनु मनासिब हुँदैन होला ? दुई सय वर्ष पहिलेका समाजवादीहरूको चिन्तन र छलफल आज व्यवहारमा सजिलै व्यावहारिक नहोला, तर नेपालको वर्तमान समयमा छलफलको विषय भने बन्न सक्ला ! एक जना एम. डी. गरेका र अनुभवी डाक्टरले कानुनको अध्ययन गरी अदालतमा बहस गरी २-४ वटा मुद्दा जितेको उदाहरणले एक शिक्षकले वा पत्रकारले कानुनको अध्ययनपछि वकालत गरी राम्रै वकालत पेसामा सफलता हासिल गर्न सक्लान् भनी अनुमान गर्न कठीन हुन्छ।

एम.डी. गरेका डाक्टरको शिक्षाको जग अब्बल भएको होला, भाषा र विषयवस्तुमा राम्रो दखल होला भन्दैमा एक जना शिक्षक वा पत्रकार राम्रो वा सफल वकिल बन्न सक्लान् भनी ठोकुवा गर्नु अलि हतारिएको निष्कर्ष होला ! एक राम्रो शिक्षक जसरी एक राम्रा कलाकार बन्न सक्ने ठोकुवा गरिन्न त्यस्तै एक कलाकार एक खेलाडी बन्न सक्दैन। त्यसको कारण हरेक व्यक्तिको पृष्ठभूमिसँग सम्बन्धित हुन्छ। राम्रो लेखक सफल वक्ता हुन पनि सक्छ, नहुन पनि सक्छ। तर, राम्रो वक्ता उत्कृष्ट लेखक र राम्रो लेखक वक्तृत्वकलामा पारङ्गत नहुन पनि सक्छ ! यसकारण, पेसा रोज्ने र पेसामा परिवर्तन गर्दा व्यक्तिले आफ्नो अनुहार नदेखे जस्तै आफ्नो क्षमताबारे थाहा नपाउने हुँदा अरूको सल्लाहले काम गरेका उदाहरणहरू धेरै पाइन्छन्। आफूलाई दुई तीन विषयको समान हिसाबले जानकारी भएको ठान्ने व्यक्तिको परीक्षाफलमा सबै विषयमा समान परीक्षाफल हुने गर्दैन। सबै सफल व्यापारी अर्थशास्त्री हुँदैनन् र सबै अर्थशास्त्री पनि सफल व्यापारी हुँदैनन्। ज्ञानका पनि फरक पक्ष हुन्छन् भने पेसाको कुशलता पनि समान हुँदैनन्।

व्यवहारमा राम्रा पत्रकार र लेखक वक्तृत्वकलामा कमजोर देखिएका धेरै उदाहरण छन्। कवि सिद्धिचरणको कविताबारे पाठकहरू सबै मन्त्रमुग्ध हुन्छन्, तर उहाँले बोल्नुहुँदा स्रोताहरूलाई एक एक शब्द सुन्नको निम्ति पर्खनुपर्ने हुन्छ। त्यही विषय कविता र लिखित भाषणमा पाठकहरू बढी रमाउँथे र रसास्वादन गर्थे। आफूले आफ्नो मुख नदेखे जस्तै आफ्नो खुबी र कौशल आफूलाई भन्दा दर्शक, स्रोता र अनुभव गर्नेहरूलाई थाहा हुन्छ। आत्मगत दृष्टिकोणभन्दा अरूको राय महत्त्वपूर्ण हुने गर्छ। अर्को भाषामा कम बोल्ने व्यक्तिभन्दा फरासिला व्यक्तिबारे प्रत्यक्षदर्शीहरूलाई मूल्याङ्कन गर्न सजिलो हुनु स्वयम्सिद्ध छ।

माथिका छलफलबाट के थाहा हुन्छ भने कुनै व्यक्ति आफ्नो पेसाबाट विरक्तिएको छ भने उसले अर्को पेसा रोज्नु स्वाभाविक हो र त्यसलाई अरूले रोक्नु हुन्न तर रोज्नुभन्दा पहिले नयाँ पेसाबारे राम्रो जानकारी हुनु आवश्यक हुन्छ। त्यसो नगर्दा नेपालका धेरै युवाहरू नयाँ गल्लावालहरू (म्यानपावर कम्पनीका) एजेन्टहरूको मीठा-मीठा कुराहरूको विश्वासमा घर-खेत बन्धकी राखी लाखौं रुपैयाँ खर्च गरेर विदेश गएका केही महिनापछि नै रुवाबासी गर्ने र घर परिवारसँग माफी माग्नेहरूको कमी छैन। लाखौं युवाहरूले बाध्य भएर सोचेको भन्दा फरक काम गर्दै वर्षौंसम्म आँसु बगाउँदै सानो रकम लिएर फर्केका छन्। कतिले त जोरी-पारीको अगाडि मनको बह नफुकाई फुर्ति गर्ने र सफलताको धाक लगाउनेहरू पनि धेरै देखिए।

शारीरिक श्रमभन्दा पनि बौद्धिक श्रममा छिटछिटो पेसा बदल्नेहरू बढी पीडित छन्। तर, पुँजीवादी समाजमा पैसासँग आफ्नो काम दाँज्ने हुँदा सय दोब्बर पैसा भएपछि अनेक अपराधसँग जोडिएको पेसालाई पनि राम्रो सम्झनु कालान्तरमा व्यक्ति मात्रै होइन समाजको निम्ति पनि हितकर नहुने विषय जगजाहेर छ। देशको योग्य डाक्टर, इन्जिनियर वा अन्य पेसाका योग्य र कुशल नेपालीहरूलाई विदेश पठाउँदा विदेशीलाई फाइदा होला, नेपालीलाई होइन। कुशल कालिगडसमेत ज्यामीमा जानु कुन बुद्धिमानी होला विचारणीय विषय हो।

# साम्राज्यवादी युद्धको विरोध गर्नु जरुरी छ

✍ **प्रेम सुवाल**

अहिले जाजरकोटको भूकम्पमा नेपालीहरूको ज्यान गुमिरहेको छ भने भूकम्पपछिको चिसोबाट पनि ज्यान गुमिरहेको छ। सरकारले जनतालाई बचाउन सकेन। गोर्खा भर्तीअन्तर्गत बेलायती र भारतीय सेनामा भर्ती भएका नेपाली युवाहरूको विश्वको कुना कुनाको लडाइँमा रगत बग्यो भने युक्रेन र रुसको सेनामा भर्ना भएर पनि ज्यान गुमाउँदै छन्। इजरायलमा 'सिक्ने र कमाउने' भनी पठाइएका नेपाली विद्यार्थी १० जनाको मृत्यु भयो भने एकजना विपिन जोशीको अझै पत्तो छैन।

बेलायतको दबाबमा संयुक्त राष्ट्र सङ्घले सन् १९४७ मई महिनामा प्यालेस्टिनीहरूको भूमिलाई इजरायल घोषणा गरेको थियो। प्यालेस्टिनी जनता ७५ वर्षदेखि आफ्नो भूमि फिर्ता प्राप्तिको निम्ति लड्दै छन्। यो यथार्थ थाहा पाएका इजरायली प्रधानमन्त्री नेतन्याहुले गएको असोज ५ गते संयुक्त राष्ट्र सङ्घको महासभामा प्यालेस्टिनी भूमि मेटेर मध्यपूर्वको नयाँ नक्सा पेश गऱ्यो। प्यालेस्टिनीहरूको लडाकु सङ्गठन हमासले असोज २० गते यसको जवाफ इजरायललाई दियो।

अमेरिकी राष्ट्रपति जो वाइडेन कार्तिक १ गते इजरायल पुगेर नेतन्याहुलाई आवश्यक हतियार सहयोग दिने वाचा गरे। अमेरिकाले इजराललाई १ खर्ब ६ अर्ब डलर सहयोग गरेको सार्वजनिक भयो भने यसमध्ये १५ अर्ब डलरको हतियार पठायो। अमेरिकी हतियारको भरमा इजरायलले प्यालेस्टिनीहरूको गाजापट्टीमा नरसंहार गर्दै छ। हमास र इजरायलबिचको युद्धविरामलाई स्थायी सम्झौतामा परिणत गराउन र प्यालेस्टिनलाई स्वतन्त्र घोषणा गराउन प्यालेस्टिनीहरूको सङ्घर्षमा ऐक्यबद्धता जनाउन हामी आज यहाँ भेला भएका हौं।

युद्धभूमि इजरायलमा नेपाली युवा र विद्यार्थीलाई पठाउने प्रम, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरू नेपाली विद्यार्थीको मृत्यु र बेपत्ताका दोषी हुन्। विपिन जोशीलाई सकुशल फिर्ता गराउन नेपाल सरकारले हमाससँग कुराकानी गर्नुपर्दछ र नेपाल सरकार प्यालेस्टिनी जनताको स्वतन्त्रताविरोधी नभएको स्पष्ट गर्नुपर्दछ।

२३ लाख जनसङ्ख्या भएको गाजापट्टिमा ४७ प्रतिशत केटाकेटी छन्। अहिले इजरायली आक्रमणबाट घाइते भएकामध्ये ७० प्रतिशत महिला र केटाकेटी छन्। २० वर्षयता १० हजार प्यालेस्टिनी केटाकेटीलाई इजरायली जेलमा राखियो। अहिले प्रत्येक घण्टामा दुई प्यालेस्टिनी महिलाहरूको मृत्यु भइरहेको छ। संयुक्त राष्ट्र सङ्घ मातहतकै युनिसेफका प्रमुखकी लोग्ने अमेरिकी हतियार बिक्रेता भएको र गाजामा पड्किरहेको बम उसकै हतियार भएको समाचार प्रकाशित भयो। इजरायली बमबाट गाजापट्टीमा २ लाख ३४ हजार घर क्षति भयो भने त्यसमध्ये ४६ हजार घर पूर्ण क्षति भयो। लाखौं गाजाबासी अहिले खानेकुराको अभावमा छट्पटिरहेका छन्। संसारका दाताहरूले प्यालेस्टिनी जनताको समर्थन गरी सहयोग गर्दै छन्।

एमसीसी सम्झौतापछि नेपालमा पनि युक्रेन र प्यालेस्टिनमा जस्तै युद्ध हुने खतरा बढ्यो। युक्रेनमा अमेरिकाको रुसविरोधी छद्म युद्ध हो भने मध्यपूर्वको तेल र ग्यास भण्डारण कब्जा गर्न प्यालेस्टिनमा अमेरिकी सहयोगमा इजरायली आक्रमण भइरहेको हो। एमसीसी सम्झौता अमेरिकी स्वार्थको लगानी र अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने हो। एसपीपी साझेदारीअनुसार अमेरिकी सेनाले नेपाली सेनाको ब्यारेक कब्जा गर्ने हो। अमेरिकी विदेशमन्त्रीको फोन धम्कीमा एमसीसी सम्झौता संसद्बाट पारित गराउने र संयुक्त राष्ट्र सङ्घमा रुसको विरुद्ध मत दिने सरकारहरूले असंलग्नताको सिद्धान्त जप्नु पाखण्ड जस्तै हो।

नेपाली युवालाई १७१ देशमा सस्तो ज्यामी बन्न पठाउने नेपालका सरकारहरूले अमेरिकी दबाबमा प्रजग कोरियाका युवाहरूलाई नेपालमा काम गर्न दिएनन्। चारवर्ष अगाडि नै उनीहरूलाई फिर्ता पठाइयो। केही हप्ताअघि प्रजग कोरियाको राजदूतावास बन्द गरी राजदूत फिर्ता जानुभयो। साम्राज्यवादविरोधी देश प्रजग कोरियाले नेपालमा ५५ वर्षदेखिको राजदूतावास बन्द गरेको नेपालले एउटा मित्र गुमाएको हो। नेपाल सरकारले यसबारे स्पष्ट पार्नु जरुरी छ।

नेपाली युवा वैदेशिक रोजगारीमा पठाएको हुँदा अहिले दाल, चामल, तरकारीसमेत भारतसँग किनेर खानुपर्ने अवस्था भयो। सरकारहरूले नेपालको नदीनाला कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, पश्चिम सेती, मुगु कर्णाली, तिला १, तिला २, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो भारतलाई दिए। प्रम पुष्पकमल दाहालको जेठ महिनाको भारत भमणमा फुकोट कर्णाली पनि भारतलाई दिइयो। भारतलाई नेपालको नदीनाला र बिजुली दिनु देशघात हो। सरकार आफैले बिजुली उत्पादन गरी नेपालीलाई सस्तोमा दिनुपर्दछ। यो आवाज हामीले उठाइरहेका छौं।

सरकारमा गएकाहरूले उखु खेती र कपास खेती समाप्त पारे। अब विदेशबाट दुध ल्याएर पशुपालन पनि समाप्त पार्ने सिंहदरवारको तयारी छ। सरकारले साना तथा घरेलु उद्योगलाई प्राथमिकतामा राख्नुपर्दछ। तर विदेशी दलाल पुँजीपति वर्गलाई ४७ खर्ब ऋण दिने र घरेलु तथा साना उद्योगीलाई १०९ अर्बमात्र ऋण दिने सरकारहरू आर्थिक माफियाहरूको चङ्गुलमा परेकै हो।

नेपाल सरकारको कूल सार्वजनिक ऋण २३ खर्ब रुपैयाँ पुगेको सार्वजनिक भयो। प्रधानमन्त्री दाहालले मङ्सिर ५ गते बोलाएको बैठकमा अर्थमन्त्रीले सावाब्याज तिर्न बर्सेनि ३ खर्ब रुपैयाँ चाहिने बताए। यसको दोषी ३४ वर्षयता सिंहदरबार कब्जा गर्न पुगेका शासक दलका नेताहरू नै हुन्।

नेपालको नदीनाला र प्राकृतिक स्रोत साधन भारतले कब्जा गरेजस्तै मध्यपूर्वको तेल र ग्यास भण्डार कब्जा गर्न अमेरिकी सरकारले इजरायली फासिवादलाई अगाडि बढाएको हो। युरोपेली सङ्घका एक सांसदले भर्खरै आफू प्यालेस्टिन पुगेर फर्केको र त्यहाँको तेल एवम् ग्यास अमेरिकी सरकारले ओसारिरहेको बताए। अमेरिकी सरकारले गाजापट्टीको ५२४ विलियन डलरको ग्यास र तेल भण्डारण कब्जा गर्न इजरायललाई यो युद्ध गराएको सार्वजनिक भयो।

हमाससँगको युद्धविरामलाई स्थायी शान्ति सम्झौतामा परिणत गराउन र प्यालेस्टिन स्वतन्त्र राज्य घोषणा गराउन अमेरिकी साम्राज्यवादविरोधी विश्वका जनताको प्रदर्शन र सभा चालू भइरहनेछ। यो सङ्घर्षमा सम्पूर्ण नेपाली जनता पनि सामेल हुनु आवश्यक छ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्यालेटिनी जनाको समर्थनमा नेपाल क्रान्तिकारी महिला सङ्घको आयोजनामा २०८० मङ्सिर १५ गते ललितपुरको मङ्गलबजारमा भएको सभामा व्यक्त विचारको सार - सं.)*

**नेपाली विद्यार्थी फिर्ता ल्याउन टोली प्यालेस्टिन पुग्नुपर्ने**

इजरायलमा हराएका विपिन जोशीलाई फर्काउन नेपाल सरकारले हमास र प्यालेस्टिनी सरकारसँग कुराकानी गर्नु आवश्यक छ। यसबारे संसदीय प्रतिनिधिमण्डल प्यालेस्टिन पुग्नु उपयुक्त हुनेछ। प्रम दाहाल जलवायु सम्मेलनमा कतार पुगे तर प्यालेस्टिन पनि पुग्नु आवश्यक छ।

हमास र इजरायलबिच स्थायी युद्धविराम सम्झौताको लागि समितिले आह्वान गर्नु आवश्यक छ। युद्ध भूमि इजरायलमा नेपाली विद्यार्थी र युवालाई पठाउने प्रम, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरूलाई जिम्मेवार बनाउनु जरुरी छ।

एक सय वर्षअघि प्यालेस्टिनमा सबै जाति र धर्मका मानिसहरू मिलेर बसेका थिए। त्यसबेला यहुदीहरूको जनसङ्ख्या ६-७ प्रतिशतमात्र थियो। बेलायती दबाबमा संरा सङ्घले सन् १९४७ मई महिनामा इजरायल घोषणा गरी यहुदीहरूलाई ५६ प्रतिशत प्यालेस्टिनी भूभाग दिलाएको थियो। त्यसबेलादेखि प्यालेस्टिनीहरू आफ्नो भूमि फिर्ताको लागि सङ्घर्ष गर्दै छन्। असोज ५ गते संयुक्त राष्ट्र सङ्घको महासभामा इजरायली प्रम नेतन्याहुले प्यालेस्टिनी भूमि मेटेर मध्यपूर्वको नयाँ नक्सा देखाए। यसको जवाफ प्यालेस्टिनी लडाकु सङ्गठन हमासले असोज २० गते इजरायललाई दियो। यसैलाई निहुँ बनाई अमेरिकी सरकारको सहयोगमा इजरायल यहुदीवादी सरकारले प्यालेस्टिनीहरूको जातीय सफाया गर्ने आफ्नो पुरानो नियतलाई तीव्र पाऱ्यो। मध्यपूर्व क्षेत्रमा विश्वको तीनचौथाइ तेल र ग्यास भण्डार रहेको छ। प्यालेस्टिनमा इजरायली आक्रमण भइरहेको बेला अमेरिकी सरकारले इजरायलबाट तेल र ग्यास ओसारिरहेको युरोपेली सङ्घका सांसदले बताए। अमेरिकी सरकारले इजरायललाई १ खर्ब ६ अर्ब डलर सहयोग गऱ्यो। यसमध्ये १५ अर्ब डलरको हतियार थियो, त्यही हतियारले गाजा ध्वस्त पाऱ्यो।


अमेरिकी विदेशमन्त्रीको दबाबमा नेपाल सरकारले एमसीसी सम्झौता पारित गराएको र रुसविरुद्ध यूएनमा मत दिएको असंलग्न परराष्ट्र नीतिको उल्लङ्घन हो। बेलायती साम्राज्यवादको लागि पठाइएको गोर्खा भर्ती भारत हुँदै अहिले युक्रेन र रुसमा पुऱ्याइयो। नेपाली युवालाई भाडाको सिपाही बनाउने काम तत्काल बन्द गराउन यो समितिले सरकारलाई निर्देशन दिनु जरुरी छ।

प्रधानमन्त्री दाहाल संयुक्त राष्ट्र सङ्घ, मित्र देश चीन र कोप २८ जलवायु सम्मेलनमा भाग लिन जानुअघि यो समिति बैठकसँग सुझाव लिनु उचित हुने थियो, तर लिइएन। भारतको पञ्जावमा बालिने परालको धुवाँले नेपालमा आँखा पोल्ने, आकाश धुम्म हुने, श्वासप्रश्वास रोग बढेको थियो। जलवायु परिवर्तनसँगै नेपालका हिमालहरू पग्लिने बढ्यो। सरकारले कोप-२८ मा यी विषयहरू उठाउनु जरुरी छ तर उठाएको छैन।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको पैसामा संसदीय समितिले अन्तरक्रिया गर्न नहुने र नेपाल सरकारसँग समन्वय गरी कार्यक्रम राख्नु जरुरी छ। नेपालीको दूध फाल्न लगाउने र विदेशी दूध आयात गर्ने काम गरेर सरकारहरू उखु खेतीजस्तै पशुपालनलाई पनि समाप्त पार्दै छन्। समितिले सरकारलाई कृषिमा जोड दिन लगाउन निर्देशन दिनु आवश्यक छ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समितिको २०८० मङ्सिर १४ गतेको बैठकमा व्यक्त विचारको सार - सं.)*

# एनसेलको सम्पत्ति सरकारले किन्नुपर्ने




**शुक्र**

वैदेशिक लगानीको दूरसञ्चार सेवा प्रदायक संस्था एनसेलको शेयर बिक्री गर्दा नेपाल सरकारको अनुमति लिइएन। नेपालमा सञ्चालन भएको कम्पनीको शेयर खरिद बिक्री गर्दा नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने प्रावधान भए पनि जानकारी समेत नगराई शेयर बिक्री गरियो।

सन् २००५ मा मेरो मोबाइल नाममा स्पाइस नेपाल कम्पनीले नेपालमा दूरसञ्चार सेवा सुरु गरेको हो। सन् २०१० मा स्विडिस कम्पनी टेलियासोनेराले कम्पनीको शेयर खरिद गरी एनसेल नाम राख्यो। सन् २०१६ मा टेलियासोनेराले मलेसियन कम्पनी आजियाटालाई एनसेलको शेयर बिक्री गऱ्यो। १ खर्ब ४३ अर्ब रुपियाँमा ८० प्रतिशत शेयर खरिद गरेको आजियाटाले गत बुधबार ६ अर्ब ६५ करोड रुपियाँमा बेलायती कम्पनी स्पेक्ट्रलाइटलाई बिक्री गऱ्यो।

२५ वर्षपछि एनसेलको स्वामित्व नेपाल सरकारमा आउने सम्झौताअनुसार सन् २०२९ मा एनसेलको लाइसेन्स अवधि सकिँदै छ। सिङ्गापुर बस्ने गैरआवासीय नेपाली सतिशलाल आचार्यको नाममा बेलायतमा दर्ता भएको कम्पनीको नाममा शेयर खरिद भएको छ। यसअघि टेलियासोनेराले आजियाटालाई ८० प्रतिशत शेयर बिक्री गर्दा नेपाल सरकारलाई लाभकर तिरेको थिएन। यस पटक पनि नेपाल सरकारलाई तिर्नुपर्ने कर छली गर्नकै लागि विदेशमै कारोबार भएको हो। देशले ठूलो मूल्यको राजस्व गुमाउँदा पनि सरकार चुप बसेको देखियो। एउटा स्पष्टीकरण सोधेर सरकार पन्छिन मिल्दैन।

नाफा नयाँ शेयर धनीले पाउनुपर्नेमा सन् २०२९ सम्मै आजियाटाले नै नाफा खाने गरी कसरी शेयर बिक्री हुन्छ ? यो त नेपाल सरकारलाई झुक्याउनका लागि एउटा कागज बनाइएको हो। सरकारले आँखा चिम्लेर विदेशी लगानी भित्र्याउँदाको परिणाम विस्तारै देखिँदै छ।

नेपाल सरकारको कानुनभन्दा माथि हुने गरी सम्झौता भएको एमसीसी आएपछिको परिणाम के होला ? नवउपनिवेशवादीहरू 'सियो बनेर छिर्ने र फाली बनेर निस्कने' हो। बेलायतमा एक पाउण्ड लगानीमा खोलिएको कम्पनीले केही महिनामै कसरी अर्बौं रुपियाँको कम्पनी किन्न सक्छ ?

यसअघि नै स्पेक्ट्रलाइटका मालिक सतिशलाल आचार्यकी श्रीमती भावनासिंह श्रेष्ठको सुनिवेरा क्यापिटल भेन्चरका नाममा २० प्रतिशत शेयर खरिद भएको हो। सतिशलाल आचार्यलाई अगाडि राखेर एनसेल नेपाल सरकारको स्वामित्वमा आउन नदिने षड्यन्त्र भयो। नेपाली नागरिकको ५० प्रतिशत शेयर भए पुनः २५ वर्षका लागि लाइसेन्स नवीकरण गर्न पाउने प्रावधान रहेको हुँदा आफ्नी श्रीमतीका नाममा ३० प्रतिशत शेयर सार्न अहिलेदेखि षड्यन्त्र गरिएको हो। होइन भने ९६.३४ प्रतिशत घटाएर किन शेयर बिक्री गरिन्छ ? प्रश्न उठ्नु स्वाभाविक हो।

यसअघि स्मार्ट सेल नामक कम्पनीको ३० अर्ब बक्यौता र कर नेपाल सरकारलाई नदिई भागेका व्यक्ति सतिशलाल आचार्य नै हुन्। राज्यकोषको कर नतिरी फरार अभियुक्त प्रधानमन्त्री दाहालको नजिकमा हुनुको पछाडि कमिशन भएको जानकारहरू बताउँछन्। अहिलेको एनसेल काण्डमा दुई खर्ब २९ अर्ब रुपैयाँ घोटाला भएको अनुमान गरिएको छ।

एनसेलको सम्पत्ति ६ अर्ब मात्र भए ४० अर्ब ऋण दिने नेपालका तीन ओटा बैङ्कलाई नेपाल सरकारले कार्वाई गर्छ कि गर्दैन ? जनता यो प्रश्न पनि गरिरहेका छन्। एनसेलको सम्पत्ति ६ अर्बमात्र भए नेपाल सरकारले किन किनेन ? प्रधानमन्त्रीको निकट भएकै कारण एनसेलले राजस्व छली गर्न पाएको हो ? सतिशलाल आचार्यको प्रधानमन्त्री दाहालसँग निकट सम्बन्ध रहेको र शेयर खरिदमा प्रधानमन्त्रीकी छोरी गङ्गा दाहालको मिलिमतो भएको चर्चा छ। यो विषयमा छानबिन गरी दोषीलाई कडा कारबाही हुनु जरुरी छ।

# माओवादी र नेसपाबिच पार्टी एकता कि विलय ?

**विवेक**

> भट्टराई र प्रचण्डबिचको पार्टी एकताको चर्चासँगै दुईजना ठगहरूको कथा स्मरण गर्नु पनि सान्दर्भिक हुनेछ – 'घ्यु बेचुवा र तरबार बेचुवा ।' बजारमा दुईजना ठगहरू घुमिरहन्छन्, एकजनाको हातमा घ्यूको ठेकी र अर्कोको हातमा तरवार । दुईजना भेट हुनासाथ घ्यु बेचुवाले बहाना बनाउँछ – 'के गर्ने एउटा तरवार किन्ने मन थियो तर मेरो घ्यु नबिकेर मात्रै हो ।' तरवार बेचुवा मख्ख पर्छ र भन्छ 'म पनि घ्यु खरिद गर्ने भनेर आएको तर तरवार बेच्न नसकेर घुम्दै छु ।' दुवै जनाबिच कुराकानी हुन्छ र वस्तु साटासाट गर्ने सहमतिमा पुग्छ । मनमनै दुवै जना खुशी भएर घर जान्छन् । तरबार बेचुवाले घ्यु खोलेर हेर्छ, त्यसमा त घ्यु एक तह राखेर तल सबै पिँडालु राखेको पाउँछ । उता घ्यु बेचुवाले नक्कली तरवार देखेर पश्चाताप गर्छ । दुवैले अर्कोलाई ठग्न खोज्दा आफै ठगिएको पाउँछन् । प्रचण्ड र भट्टराईको एकता पनि यो कथामा झैं एकले अर्कोलाई ठग्न खोज्दा पश्चाताप भए जस्तै हुने निश्चित छ ।

यतिखेर माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबिच पार्टी एकताको चर्चा छ । माओवादीका अध्यक्ष प्रचण्ड र समाजवादीका अध्यक्ष बाबुराम भट्टराई दुवै माओवादीका पूर्व नेताहरू हुन् । उनीहरूकै नेतृत्वमा २०५२ सालदेखि २०६२ सालसम्म नेपालमा सशस्त्र सङ्घर्ष भयो । त्यस क्रममा १७ हजार नेपालीले ज्यान गुमाए, हजारौँ अङ्गभङ्ग र सयौँ बेपत्ता भए तथा राज्यको खर्बौंको सम्पत्ति क्षति भयो । सशस्त्र सङ्घर्षको बेला ती नेताहरूले नेपाली जनतालाई समाजवादको सपना देखाएका थिए । त्यही विश्वासमा नेपाली जनताका छोराछोरीहरू युद्धमा होमिन तयार भए । माओवादी शान्ति प्रक्रियामा आएदेखि अहिलेसम्म उनीहरू पटक पटक सरकारमा पुगे तर जनताले आशा गरेअनुसारको केही काम भएन । १७ वर्षको यो अवधिमा ४ पटक त माओवादी नेतृत्वमै सरकार बन्यो । अहिले पनि माओवादीकै नेतृत्वमा सरकार छ । तर जनताको हितमा कुनै पनि काम हुन नसक्दा स्वयम् माओवादीका नेता कार्यकर्ता निराश छन् ।

डा. बाबुराम भट्टराईले नेपालको संविधान घोषणापछि नै माओवादी त्याग गरे र नयाँ शक्ति पार्टी गठन गरे । उनले अब 'माओवादीको औचित्य सकियो' भनी माओवादीकै विरोध गरे । केही पछि नै नयाँ शक्ति पार्टी उपेन्द्र यादवसँग पार्टीबिच एकता गरी उनी जसपाको नेता बने । अहिले त्यसबाट अलग भएर नेपाल समाजवादी पार्टी गठन गरी त्यसको नेतृत्व गर्दै छन् । उनको अस्थिर चरित्रले कुनै पनि बेला रवि लामिछानेको नेतृत्वमा गठित 'स्वतन्त्र' पार्टीमा जान सक्ने धेरैको अनुमान थियो । पटक पटक जनतालाई धोका दिई आफ्नो राजनीतिक जीवन धरापमा परेका भट्टराइले 'अस्तित्व' जोगाउनकै लागि पनि आफ्नो पार्टी कसैसँग एकताको बहानामा विलय गराउनु जरुरी थियो । माओवादी नै उसको निम्ति सहज बाटो हो र त्यसैले पनि उनी माओवादीसँग पार्टी एकताको लागि पहल गर्दै छन् ।

माओवादी त्यागेर नयाँ शक्ति पार्टी गठनपछि उनले माओवादी अध्यक्ष प्रचण्डमाथि लगाएका आरोपहरू एकपटक हेरौँ ! उनले भनेका थिए–'बुढी गण्डकीमा प्रचण्ड, देउवा र ओलीले नौ अर्ब पैसा खाए । आवश्यक परे म प्रमाणित गर्न सक्छु ।'

'प्रचण्ड गणतन्त्रमा जान तयार थिएनन् । उनी संविधानसभाका विरोधी थिए ।'

उपर्युक्त भनाइहरू भट्टराईले सार्वजनिक मञ्च र सञ्चारमाध्यममा पटक पटक व्यक्त गरेका हुन् । अब प्रश्न उठ्छ, प्रचण्ड नौ अर्ब भ्रष्टाचार गर्ने भ्रष्टाचारी हुन् भने भ्रष्टाचारीसित पार्टी एकता गर्नु के आफू पनि भ्रष्टाचारीको साझेदार बन्नु होइन ? बाबुराम भट्टराईको सिद्धान्त, नीति र विचार के हो ?

कुनै बेला उनी नेमकिपालाई 'गुठी' को संज्ञा दिन्थे । विचार र सिद्धान्त राम्रो भएर के गर्ने सानो ठाउँमा सीमित र 'सानो पार्टी' भनेर हेला गर्थे । आफूलाई 'महान्' सिद्धान्तकार र अरूलाई मान्छे नगन्ने उनको स्वभाव थियो । माओवादीबाट पार्टी अलग भएर ८ वर्ष छुट्टै पार्टी चलाएपछि उनलाई थाहा भयो होला नि ! पार्टी सञ्चालन विदेशीको सहयोग लिएर, बैंक लुटेर, बन्दुक देखाएर अरूको सम्पत्ति लुटेर, पुँजीपतिहरूलाई थर्काएर करोडौँ 'चन्दा' असुल गरेर चलाए जस्तो सजिलो रहेनछ भनेर । त्यसैले त भट्टराईले प्रचण्डसामु आत्मसमर्पणको बाटो रोजेको हुन सक्छ ।

अघिल्लो निर्वाचनमा काङ्ग्रेसको मत पाएर बाबुरामले १ सिट जिते । पछिल्लो निर्वाचनमा त्यो पनि सुरक्षित गर्न नसक्ने देखेपछि गठनबन्धनका उम्मेद्वार प्रचण्डलाई गोर्खा निर्वाचन क्षेत्र छोडेर 'त्याग' को नाटक गरे । उनको त्याग त सन्यासीले सारा सम्पत्ति त्याग गरेजस्तै भएन र ! जसको कुनै कार्यकर्ता नै छैन; सबै लाखापाखा लागिसके । उनले प्रचण्डलाई गोर्खामा सिट छोडेको बहानामा काठमाडौँमा अन्य पार्टीको समर्थन लिएर छोरी मानुषीलाई जिताउन चाहेको कसलाई थाहा छैन र ?

विदेशीद्वारा पालित पोषित भाडाका टट्टुहरूको हालत कस्तो हुन्छ भन्ने एक उदाहरण भट्टराई हुन् । उनले भारतको जेएनयुमा अध्ययन गरेको मात्रै होइन, राजनैतिक प्रशिक्षण पनि त्यहीँबाट लिएका हुन् । गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता कसको एजेन्डा थियो । अहिले झन् झन् प्रस्ट हुँदै छ । त्यो उद्देश्य पूरा गर्न नै माओवादीमा यति धेरै भारतले 'लगानी' गरेका रहेछन् भने जनताले बिस्तारै बुझ्दै छन् ।

उनी नेपालको अर्थमन्त्री हुँदा सुधारका के काम गरे ? प्रधानमन्त्री भएको बेला अन्य सरकारहरूले भन्दा फरक के गरे ? जनताले प्रश्न गरिरहेका छन् । 'विदेशी लगानीको उद्योगहरूमा प्राकृतिक विपत्ति वा केही गरी क्षति भएमा सम्पूर्ण क्षतिपूर्ति नेपाल सरकारले गर्ने भनी भारतसँग देशघाती 'बिप्पा सम्झौता'गर्ने उनी नै हुन् । उनकै पालमा नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सैनिक राखेर चेकजाँच गर्ने काम सुरु भएको हो । अब भट्राईलाई नेपाली जनताले कसरी चिन्ने ?

ललिता निवास काण्डका नायकहरूमध्ये उनी पनि एक हुन् । उनी स्वयम्ले 'ललिता निवासमा गल्ती भएकै हो छानबिनमा सहयोग गर्न तयार छु' भनेका थिए । सबै प्रमाणले नक्कली मोही कायम गर्न मुख्य भूमिका खेल्ने उनी नै हुन् भनी प्रमाणित हुँदाहुँदै उनलाई पहुँचको आधारमा मुद्दा चलाइएन । उनी माओवादीको नेतृत्व गर्ने नेता भएर पनि कम्युनिष्ट व्यवस्था चाहँदैनन् । तर, पनि उनको पार्टीको नाम भने 'समाजवादी' राखेका छन् । यसैलाई भनिन्छ 'जसको सिङ छैन उसको नाम तिखे' ।

माओवादी अध्यक्ष प्रचण्ड पनि त्यस्तै पात्र हुन् । करिब १ वर्षअघि उनले 'माओवादी केन्द्रबाहेक अब नेपालमा अरू कुनै माओवादी पार्टी छैन भनी घोषणा गरेका थिए ।

सशस्त्र सङ्घर्षको बेलाका माओवादी ४।५ टुक्रामा विभाजनपछि प्रचण्डलाई आफ्नो अस्तित्व जोगाउनै मुस्किल पर्दै गयो । उनी कहिले एमालेसित मिलेर स्थानीय चुनाव लड्छन् र लगतै नेकासँग मिलेर संसद् र प्रदेशको चुनाव लड्छन् । राजनैतिक सिद्धान्त, नैतिकता, मूल्य र मान्यता एकातिर फालेर जे गरेर पनि केही स्थान बढी जित्नमै उनको ध्यान केन्द्रित हुन पुग्यो । कहिले नेकासँग मिलेर चुनाव लड्छन् तर सरकार एमालेसँग मिलेर बनाउँछन्, स्वार्थको लागि पुन: एमालेलाई धोका दिएर नेकासँगै गठबन्धन गर्न पुग्छन् । उनको चरित्र नेपालको राजनीतिमा अवसरवादको गतिलो उदाहरण बनेको छ । पार्टीको विचार, सिद्धान्तलाई त्याग गरेपछि मानिस र संस्था कहाँबाट कहाँ पुग्छ ? डेढ दशकको माओवादीको स्थितिले स्पष्ट पारेको छ ।

सशस्त्र सङ्घर्षको बेला ८० प्रतिशत नेपालको भूमि आफ्नो कब्जामा रहेको दाबी गर्ने, संविधानसभाको पहिलो निर्वाचनमा एक्लै लडेर पनि ५० प्रतिशत प्रत्यक्षतर्फ जित हासिल गर्न सक्ने क्षमता राख्ने माओवादी अहिले प्रचण्ड स्वयम् जित्न पनि सिट खोजेर हिँड्नुपर्ने अवस्थामा पुग्यो । प्रचण्ड स्वयम्ले ३ पटक सरकारको नेतृत्व गर्दा समेत पार्टीको सिद्धान्तअनुसार कुनै काम गर्न सकेनन् । नेका, एमाले र राप्रपाले गरेकालाई उनले निरन्तरता मात्रै होइन त्यति पनि गर्न नसकेको आरोप माओवादीप्रति छ ।

का. रोहितले भन्नुभएजस्तै 'विचार र सिद्धान्त त्याग्नु भनेको हिमालयमा चिप्लेटी खेल्नु सरह हो', आज माओवादीको हकमा सही साबित भएको छ । अब कहिल्यै हिजोको माओवादीको रूपमा अगाडि बढ्न नसक्ने अवस्थामा माओवादी पुग्यो र विगतमा उसले बोकेको एजेन्डा र मूल्य मान्यता सब त्याग गरी फाइदा नै उनीहरूको राजनीतिको लक्ष्य बन्यो ।

भट्टराई र प्रचण्ड दुवैको लागि अहिले पार्टी एकता अपरिहार्य भएको छ । कुनै विचार र सिद्धान्तको आधारमा नभइ दुवै नेताको अस्तित्व रक्षाको लागि पार्टी एकता उनीहरूको बाध्यता हो । यो एकता पनि 'काँचो धागो जतिकै बलियो' हुने निश्चित छ । किनभने यो एकता दुई नेताहरूको स्वार्थहरूको एकता हो । जहाँ स्वार्थ हुन्छ, त्यहाँ विवाद अवश्यम्भावी छ । माओवादी र एमालेबिच एकता पछि गठित नेकपाको अवस्था सबैले देखिसकेकै छन् ।

भट्टराई र प्रचण्डबिचको पार्टी एकताको चर्चासँगै दुईजना ठगहरूको कथा स्मरण गर्नु पनि सान्दर्भिक हुनेछ – 'घ्यु बेचुवा र तरबार बेचुवा ।' बजारमा दुईजना ठगहरू घुमिरहन्छन्, एकजनाको हातमा घ्यूको ठेकी र अर्कोको हातमा तरवार । दुईजना भेट हुनासाथ घ्यु बेचुवाले बहाना बनाउँछ – 'के गर्ने एउटा तरवार किन्ने मन थियो तर मेरो घ्यु नबिकेर मात्रै हो ।' तरवार बेचुवा मख्ख पर्छ र भन्छ 'म पनि घ्यु खरिद गर्ने भनेर आएको तर तरवार बेच्न नसकेर घुम्दै छु ।' दुवै जनाबिच कुराकानी हुन्छ र वस्तु साटासाट गर्ने सहमतिमा पुग्छ । मनमनै दुवै जना खुशी भएर घर जान्छन् । तरबार बेचुवाले घ्यु खोलेर हेर्छ, त्यसमा त घ्यु एक तह राखेर तल सबै पिँडालु राखेको पाउँछ । उता घ्यु बेचुवाले नक्कली तरवार देखेर पश्चाताप गर्छ । दुवैले अर्कोलाई ठग्न खोज्दा आफै ठगिएको पाउँछन् । प्रचण्ड र भट्टराईको एकता पनि यो कथामा झैं एकले अर्कोलाई ठग्न खोज्दा पश्चाताप भए जस्तै हुने निश्चित छ ।

दुई पार्टीको एकता भएकै खण्डमा पनि त्यसले देश र जनताको निम्ति केही फाइदा गर्ने छैन । 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' भनेझैं अर्थहीन एकताको रूपमा सबैले देख्नुपर्ने छ । त्यसको लागि भने केही समय धैर्यताको मात्र आवश्यक पर्नेछ ।

# विकसित देशले अनुदान होइन, क्षतिपूर्ति दिनुपर्छ

**रामरतन चौधरी**

संयुक्त राष्ट्र सङ्घीय जलवायु सम्मेलन (२०२३ नोभेम्बर ३० देखि डिसेम्बर १२) मा सहभागी हुन नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको प्रतिनिधि मण्डल संयुक्त अरब इमिरेट्सको दुबई पुगेको छ । जलवायु परिवर्तनको असरले नेपाललाई समस्या परेको कारण आफू कोप-२८ मा सहभागी हुन दुबई पुगेको उनले दाबी गरेका छन् । दुबईमा प्रधानमन्त्री प्रचण्डले 'हिमाल : हामीलाई जलवायु सङ्कटबाट कसले बचाउँछ ?' विषयक उच्चस्तरीय छलफल सत्रको अध्यक्षता पनि गरे । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा छुट्टै इभेन्टको अध्यक्षता गर्दै छलफल सञ्चालन गरेको यो पहिलो पटक हो ।

उक्त गोलमेच छलफलमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेस, किर्गिज रिपब्लिक, भुटान, स्लेभेनिया, मोन्टेनेग्रो, एन्डोरालगायतका देश र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडीपी), संयुक्त राष्ट्र सङ्घीय खाद्य एवम् कृषि सङ्गठन (एफएओ) का प्रतिनिधि र जलवायु क्षेत्रमा काम गरिरहेका विश्लेषकहरूको समेत सहभागिता रह्यो । प्रधानमन्त्रीको सचिवालयका अनुसार सो बैठकमा नेपालदेखि अन्टार्कटिकासम्ममा देखिएको जलवायु परिवर्तनको असर र मानव जीवनमा यसले पारेको नकारात्मक प्रभावबारे आइसीसीआई, इसिमोडलगायत अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध विषयविज्ञहरूले प्रस्तुतीकरण दिए ।

मङ्सिर १६ गते शनिबार 'कन्फेरेन्स अफ पार्टिज अन क्लाइमेट चेन्ज' विषयक उच्चस्तरीय सम्मेलनलाई सम्बोधन गर्दै प्रम प्रचण्डले पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न ढिला भइसकेको र यसले हिमालमा ठूलो सङ्कट आएको उल्लेख गरे ।

पेरिस सम्झौतामा 'जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीयरूपमा घटाउने र तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न प्रयास गर्ने' उल्लेख छ । यसैगरी, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई अनुकूलनका लगि क्षमता वृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समयानुकूलनलाई प्रवर्द्धन गर्ने सम्झौतामा स्पष्ट छ । तर, आफूलाई शक्तिसम्पन्न ठान्ने मुलुकहरूले पेरिस सम्झौताको मर्मलाई बेवास्ता गरे ।

जलवायु परिवर्तनमा नेपालको नकारात्मक योगदान छैन । तर पनि यसको विनाशकारी असर नेपालीले भोगिरहनुपरेको छ । प्रधानमन्त्री प्रचण्डले यो सम्मेलनमा विकसित राष्ट्र र अन्तर्राष्ट्रिय समुदायले अल्पविकसित मुलुकका लागि अनुमानयोग्य, समतामूलक स्रोत र प्रविधिको व्यवस्था गरी जलवायु सङ्कटलाई सम्बोधन गर्न अति कम विकसित मुलुकलाई अनुदान दिनुपर्ने माग गरे । वास्तवमा नेपालजस्तो देशलाई विकसित देशले अनुदान होइन, क्षतिपूर्ति दिनुपर्छ । यसकारण प्रम प्रचण्डले क्षतिपूर्तिकै विषयलाई जोड दिनु जरुरी छ ।

नेपालका हिमालहरू क्रमश: काला पहाडमा रूपान्तरण हुँदै छन् । हाम्रा हिमनदीहरू पग्लँदै छन् । जलवायु परिवर्तनको कारण अनावृष्टि, अतिवृष्टि तथा लामो खडेरीजस्ता समस्याहरू देखिन थालेका छन् । पानीका मूलहरू क्रमश: सुक्दै छन् । कहिल्यै बाढी नआउने मुस्ताङमा यस वर्ष बाढीबाटै ठूलै क्षति पुग्यो । जलवायु परिवर्तनले नेपालीको जनजीवनलाई समेत प्रभावित तुल्याइरहेको छ । जलवायु परिवर्तनको कारण नेपालमा बर्सेनि ६ सय ४७ जनाको मृत्यु हुन्छ । वन तथा वातावरण मन्त्रालयको प्रतिवेदनअनुसार बर्सेनि झण्डै २ अर्व ७७ करोड रूपैयाँ बराबरको नोक्सानी हुन्छ । यस्ता समस्या औद्योगिक विकासको नाममा अत्याधिक कार्बन उत्सर्जन गरेर पृथ्वीको ओजोन तहमा प्वाल पार्न भूमिका निर्वाह गर्ने मुलुकहरूको कारण उब्जेको हो । संसारमा २० ठूला अर्थतन्त्र मुलुक (जी २०) ले विश्वको कार्बन उत्सर्जनको ८० प्रतिशत हिस्सा ओगटेका छन् । त्यसैले जलवायु परिवर्तनमा नकारात्मक योगदान नभएका हाम्रो जस्तो देशलाई त्यस्ता मुलुकले क्षतिपूर्ति दिनुपर्दछ ।

गत महिना संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेस नेपालको चारदिने भ्रमणमा आउनुभयो । त्यसबेला उहाँले नेपालको अन्नपूर्ण र सोलुखुम्बु पुगेर जलवायु परिवर्तनका असरलाई नजिकबाट नियाल्नुभयो । विश्वव्यापी जलवायु परिस्थितिका बारे महासचिव गुटेरेसले पटकपटक विश्व समुदायको ध्यानाकर्षण पनि गराउनुभएको छ । नेपालले अध्यक्षता गरेको सत्रमा पनि महासचिव गुटेरेसले हिमालका मुद्दा सम्बोधन गर्न ढिला गरे अपूरणीय क्षति हुने विषय उठाउनुभयो । समस्या समाधान गर्न जिम्मेवार मुलुक र निकायहरू छिटोभन्दा छिटो लाग्नुपर्ने उहाँको सुझाव थियो । गुटेरेसले भन्नुभयो- "मैले आफैंले हिमालमा जलवायु परिवर्तनको असर हेरेर आएको छु । अब यसमा ढिला भइसक्यो, समस्या सम्बोधन गर्न सबै लाग्नुपर्छ ।"

सन् २०२२ मा नासाको नेतृत्वमा गरिएको एक अध्ययनले यदि तापमान पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्रीमाथि पुग्यो भने पृथ्वीमा थप जोखिम बढ्ने सङ्केत गरेको छ । यस वर्ष विश्वको तापक्रम करिब एक दशमलव एक डिग्रीले बढेको छ । औद्योगिक विकासको होडमा रहेका मुलुकहरूले आफ्नो हठ नत्यागे विश्व तापक्रमलाई पेरिस सम्झौताअनुसार एक दशमलव पाँच डिग्रीमा सीमित गर्न सकिने अवस्था छैन । सन् दुई हजार एक सयसम्म विश्वव्यापी औसत तापमान दुईदेखि चार डिग्रीले बढ्ने प्रक्षेपण गरिएको छ । यसो भयो भने पृथ्वीमा ठूलो सङ्कट निम्तिने निश्चित छ ।

दुबइमा जारी कोप-२८ मा जलवायु परिवर्तनको कारण उब्जिने सङ्कटबाट जोगिन औपचारिकरूपमा हानि नोक्सानी कोष सुरु गरिएको समाचार पनि छ । विश्वव्यापी तापक्रम वृद्धिसँग सम्बन्धित प्राकृतिक विपत्तिबाट तहसनहस भएका कमजोर र जोखिममा रहेका मुलुकले 'हानि र नोक्सानी' कोषको जोडदार माग गरेपछि उक्त कोषको स्थापना गरिएको हो । धनी राष्ट्रहरूले गत वर्ष इजिप्टको शार्म अल शेखमा भएको कोप-२७ शिखर सम्मेलनको सम्झौतामा कोषलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । कोप-२८ सम्मेलनको उद्घाटनका दिन यही मङ्सिर १४ गते उक्त कोष र कोषको व्यवस्थापनका लागि चार सय २३ दशमलव एक मिलियन अमेरिकी डलर सहयोगको प्रतिबद्धता गरियो । आयोजक संयुक्त अरब इमिरेट्स र जर्मनीले एक एक सय मिलियन, युरोपियन युनियनबाट एक सय ४५ दशमलव ६ मिलियन (जर्मनीको सहित), संयुक्त अधिराज्यबाट ७५ मिलियन, संयुक्त राज्य अमेरिकाबाट २४ दशमलव पाँच मिलियन र जापानबाट १० मिलियन अमेरिकी डलर प्रतिबद्धता व्यक्त भएको छ । कोषले नेपालजस्ता सङ्कटापन्न विकासोन्मुख देशमा जलवायु परिवर्तन तथा जलवायुजन्य अतिशय मौसमी र ढिलो सुरु हुने विपद्का घटनाबाट हुने आर्थिक र गैरआर्थिक हानिनोक्सानीलाई सम्बोधन गर्ने अपेक्षा राखिएको छ । तर, आफूलाई विकसित ठान्ने मुलुकहरूले प्रत्येक वर्ष हुने सम्मेलनमा प्रतिबद्धता जनाउने र कार्यान्वयन नगर्ने व्यवहार देखाउँदै आएका छन् । प्रचण्ड नेतृत्वको प्रतिनिधि मण्डलले यसविरुद्ध डटेर सङ्घर्ष गर्नु जरुरी छ ।

*२०८० मङ्सिर १७ गते*

# विभिन्न गतिविधि गरी विभिन्न ठाउँमा एङ्गेल्स दिवस मनाइयो

**पुँजीपतिवर्गले बहुमत जनताको सेवा नगर्ने**

भक्तपुर । नेपाल मजदुर किसान पार्टी इनाचो चोर्चा एकाइ समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले फ्रेडरिक एङ्गेल्सले मार्क्सवादी सिद्धान्त प्रतिपादन गर्न ठूलो भूमिका खेलेको बताउँदै फ्रेडरिक एङ्गेल्सका श्रीमतीले एङ्गेल्सको मृत्युपश्चात् पनि उनका भावना र विचारहरू प्रकाशनमा ल्याउन अहम् भूमिका खेलेको बताउनुभयो । पुँजीपतिवर्गले बहुमत जनताको सेवा नगर्ने हुँदा समाजवादी व्यवस्थाको निम्ति लड्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

स्थानीय पार्टी प्रतिनिधि पुरुषोत्तम तमखुले एङ्गेल्स एक पुँजीपतिवर्गको भए तापनि मार्क्सवादी सिद्धान्त प्रतिपादन गरी कामदारवर्गको हितमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

समितिका सदस्य कृष्णगोविन्द लाखाले सबै धनी शोषक र सबै गरिब कम्युनिस्ट हुँदैनन् भन्ने कुरा प्रस्ट पार्नुभयो । एङ्गेल्सले २८ वर्षको उमेरमा नै समाजवादको आवश्यकता महसुस गरी कामदारवर्गको मुक्तिको निम्ति सिद्धान्त प्रतिपादन गर्नुभएको उहाँले बताउनुभयो ।

कार्यक्रममा समितिका सदस्य हरिरत्न गोर्खालीले एङ्गेल्सले आफ्नो अमूल्य समय र सम्पत्ति समाज र प्रकृतिको विकासमा लगानी गरेर योगदान गरेको बताउनुभयो । उहाँले वडामा भइरहेका गतिविधिहरूका साथै भनपाबाट नगरवासीले नि:शुल्क रगत र अक्सिजन सुविधा पाइरहेको जानकारी दिनुभयो ।

समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुले समाजको निम्ति योगदान गर्ने व्यक्तिहरूको स्मरण गर्नुपर्नेमा जोड दिँदै सङ्गठनका हरेक कार्यक्रममा नयाँ पुस्तालाई संलग्न गराउनुपर्छ भन्नुभयो ।

**किसानहरूबिच २०३ औँ एङ्गेल्स जयन्ती**

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु एङ्गेल्सको २०३ औँ जन्म जयन्तीको अवसरमा नगरस्तरीय किसान भेला गरी प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भयो ।



प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् सांसद सुरेन्द्रराज गोसाईले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्ग निर्देशक सिद्धान्त मानी नेपालमा बहुमत कामदार वर्गका जनतालाई राजनैतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टी, किसान सङ्घर्षको जगमा रहेर देशको सार्वभौमिकता रक्षार्थ अन्याय, अत्याचार, शोषण र दमनविरुद्ध अघि बढेको पार्टी हो, विश्वमा साम्राज्यवादीहरूको स्वार्थअनुरूप कमजोर देशहरूमाथि अतिक्रमण गर्ने, प्राकृतिक स्रोत साधन कब्जा गर्ने नियतले जातीय दमनको रूपमा आज रुस- युक्रेन युद्ध र प्यालेस्टाइन र इजरायलबिच युद्ध भइरहेको छ । हतियार बेचेर धनी हुन पल्केका अमेरिकी साम्राज्यवाद विश्वमा बदनाम भएको छ ।"

उहाँले प्यालेस्टाइनमा महिला, बालबालिका, सर्वसाधारण जनतामाथि नरसंहार हुनु र विद्यालय, अस्पताल सार्वजनिक स्थलहरूमा बमबारी गरी विनास र हत्या गर्नु युद्ध अपराध हो भन्नुभयो । युद्ध अपराधविरुद्ध विश्वका न्यायप्रेमी देशभक्त जनताले विरोध गरिरहेको उल्लेख गर्दै उहाँले देशका शासक दलहरू साम्राज्यवादको पक्षमा लागिपरेका छन् भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले विश्व सर्वहारावर्गका गुरु एङ्गेल्सको जीवनीबारे चर्चा गर्दै किसानहरूले पनि पार्टी प्रकाशनहरू निरन्तर अध्ययन गरी अन्तरक्रिया, गोष्ठी भेला गरी सचेत हुँदै जानुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याखवको सभापतित्वमा भएको कार्यक्रममा आर. प्रजापति र पूर्णगोपाल राजचलले पनि बोल्नुभएको थियो ।

**एङ्गेल्स विश्व सर्वहारा वर्गका महान् गुरु**

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टी कार्यालय लम्कीमा विश्व सर्वहारावर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको जन्मजयन्तीको अवसरमा अध्ययन गोष्ठी गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले एङ्गेल्स एक उद्योगपतिका छोरा भए पनि सर्वहारावर्गको लागि जीवनभर सङ्घर्ष गरेको बताउनुभयो । मार्क्सवादी सिद्धान्त प्रतिपादित हुनुमा उहाँको ठूलो भूमिका रहेको स्पष्ट पार्दै उहाँले एङ्गेल्स मार्क्सका साथीमात्रै होइन विश्व सर्वहारावर्गका महान् गुरु पनि हुनुहुन्थ्यो भन्नुभयो । संसारमा किसान र मजदुरको पनि राज्य व्यवस्था हुन्छ भनी प्रमाणित भइसकेकोले आज संसारमा समाजवादी व्यवस्थाको विकास भएको उहाँले भन्नुभयो ।

नेपालका नामधारी कम्युनिस्ट पार्टी संशोधनवादी र पुँजीवादी भएकोले कामदार जनताको हितमा नियम कानुन बन्न नसकेको उल्लेख गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीले जनताको प्रजातन्त्र हुँदै समाजवादी व्यवस्था र साम्यवादी व्यवस्था ल्याउन पार्टी प्रकाशन अध्ययन गरी जनताको सेवा गर्नुपर्छ भन्नुभयो । उहाँले जनतालाई व्यक्तिको पछि होइन, विचारको पछि लाग्न सचेत पार्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले स्वास्थ्य, शिक्षा रोजगार समाजवादी व्यवस्थामा सुनिश्चित हुन्छ भन्नुभयो । महिलाको मुक्ति वर्गीय मुक्ति सँगै हुने उहाँले बताउनुभयो । नेमकिपा कैलालीका सदस्य ज्योति बडुवालले मार्क्स, एङ्गेल्सका कृति र प्रकाशन अध्ययन गरी जनताको सेवा गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा कैलालीका सचिव गगनबहादुर थापामगर, कोषाध्यक्ष जानकी सिजापति, नेपाल क्रान्तिकारी किसान सङ्घ कैलालीका अध्यक्ष गजबहादुर दर्लामीमगर, नेपाल क्रान्तिकारी युवा सङ्घ कैलालीका अध्यक्ष प्रेमबहादुर सिजापति र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य प्रतिभा रावलले एङ्गेल्सको जीवनीबारे बोल्नुभएको थियो ।

**मार्क्स–एङ्गेल्स उन्नाइसौँ शताब्दीका विश्व चर्चित व्यक्तित्व**

ललितपुर । विश्व सर्वहारावर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्म दिवसको अवसरमा नेमकिपा ललितपुरको आयोजनामा मङ्गलबार ललितपुरमा अन्तरक्रिया भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले मार्क्स र एङ्गेल्स उन्नाइसौँ शताब्दीका विश्व चर्चित व्यक्तित्व हुनुहुन्थ्यो, सर्वहारावर्गको हित गर्ने व्यवस्था समाजवाद हुँदै साम्यवाद पुग्ने बन्दोबस्त हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादी दर्शन, अतिरिक्त मूल्यको शिक्षा र वैज्ञानिक समाजवादबारे व्याख्या विश्लेषण गरेको छ ।"

नेमकिपा वाग्मती प्रदेश समिति सदस्य एन. महर्जनले भन्नुभयो, "मार्क्सवादी राजनैतिक अर्थशास्त्रले पुँजीवादको उत्थान, विकास र पतनको सिद्धान्तको व्याख्या गरेको छ । अतिरिक्त मूल्य नै शोषणको प्रमुख आधार हो । पुँजीपतिवर्गको शोषणकै कारण सर्वहारावर्गको जन्म भएको हो । पुँजीवादको विकल्प समाजवाद हो ।"

उहाँले नेमकिपा सिद्धान्तनिष्ठ र देशभक्त पार्टी भएकोले नेपाली जनताले मनपराएका छन् । तर, शासक दलहरूले जनताको गरिबीको मौका छोपेरे आश्वासन बाँडेर मत लिने गर्नु बेठीक भएको बताउनुभयो ।

नेमकिपा ललितपुरका सचिव नरेश महर्जनले भन्नुभयो, "समाजवादी व्यवस्थामा सम्पूर्ण उत्पादनका साधन सामाजिकीकरण हुने, व्यक्तित्व विकासमा समान अवसर पाउने, गाउँ र सहरको भेद क्रमश: अन्त्य हुने, शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त गर्ने जिम्मा सरकारको हुन्छ । स्वदेशमै रोजगारको बन्दोबस्त र शोषणको अन्त्य हुने र महिला र पुरुषबिचको लैङ्गिक भेदभावको अन्त्य हुन्छ ।

नेपाल मजदुर किसान पार्टी ललितपुरका सदस्य महन्त महर्जनले मार्क्सले लेख्नुभएको 'पुँजी' पुस्तक दोस्रो र तेस्रो प्रकाशन गर्नुभएको थियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "डार्विनले जीव विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाउनुभयो भने मार्क्सले मानव इतिहासको नियम पत्ता लगाउनुभयो, अर्थशास्त्रमा अतिरिक्त मूल्य पत्ता लगाउनुभयो र निजी सम्पत्ति र समृद्धि कसरी सामूहिक सम्पत्ति हुन्छ भन्ने प्रस्ट पार्नुभयो ।"

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले भन्नुभयो, "नेपालमा पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादी राख्नेले उल्टो कार्य गरिरहेको छ । संशोधनवादी नीति लिइरहेको छ ।"

अन्तरक्रिया कार्यक्रम आर. वी. डंगोलको सभापतित्वमा भएको थियो । कार्यक्रममा रीमा महर्जनले कम्युनिस्ट विचारधारा प्रचार गर्न एङ्गेल्सको योगदान महत्त्वपूर्ण रहेको धारणा राख्नुभयो ।

**कीर्तिपुरमा एङ्गेल्स दिवस**

नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा कीर्तिपुरमा विश्व सर्वहारा वर्गका गुरु एङ्गेल्सको २०३ औँ जन्म दिवस मनाइयो ।

हरेक हप्ता बुधबार 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक अध्ययन गोष्ठीको क्रममा एङ्गेल्स दिवस मनाइएको हो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले एङ्गेल्सले आफू २८ वर्षको समयमा १८४८ मा कार्ल मार्क्ससँग मिलेर कम्युनिस्ट घोषणापत्र निकालेको बताउनुभयो ।

उहाँले एङ्गेल्सबाट शिक्षा लिनुपर्ने बताउनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका कोषाध्यक्ष कान्छाबाबु महर्जनको सभापतित्वमा भएको कार्यक्रममा अविरमान महर्जन, अशोक डंगोल, नन्दलाल महर्जन, मधुकर श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# अध्ययन गोष्ठी

चितवन । नेपाल क्रान्तिकारी मजदुर सङ्घको ५६ औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति चितवनको आयोजनामा 'श्रमिक' साप्ताहिकको अध्ययन गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चितवन जिल्ला समितिका अध्यक्ष हरिप्रसाद दुवालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा नियमित जानकारी हुनको लागि 'श्रमिक' साप्ताहिक तथा पार्टीका प्रकाशनहरू अध्ययन गरी छलफल र अन्तरक्रिया चलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

'श्रमिक' साप्ताहिकले कामदार जनता र देशको सार्वभौमिकताका पक्षमा आवाज उठाइरहेको उहाँले बताउनुभयो ।

मोहन प्रजाले पार्टी समर्थक र कायकर्ताको निम्ति 'श्रमिक' साप्ताहिक बौद्धिक खुराक हुने बताउनुभयो ।

कार्यक्रममा रामबाबु प्रजा, ज्ञानेन्द्र प्रजा र राजकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

हार्दिक समवेदना



जन्म
२०२०/०४/०६

निधन
२०८०/०८/१०

कल्धरि कठायत

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ दैलेख जिल्ला समितिका सदस्य जनकबहादुर कठायतकी ममतामयी आमा **कल्धरि कठायत**को दु:खद निधन भएको आज १० औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

नेपाल मजदुर किसान पार्टी
ठाँटीकाँध गा.पा. वडा नं. ४ वार्ड समिति गैरागाउँ, दैलेख

# जनता लोभलालचमा फस्न नहुने



दैलेख । नेपाल मजदुर किसान पार्टी आठबिस नगरपालिका वडा नं ९ को तेस्रो वडा सम्मेलन शनिबार सम्पन्न भयो ।

सम्मेलनमा नेमकिपा जिल्ला समिति दैलेखका अध्यक्ष जगत वलीले सत्तासीनहरू गुण्डा र माफियाहरूको पक्षमा जान नहुने चर्चा गर्दै नेपाली जनतालाई दिउँसै हत्या गर्ने हत्यारालाई जेल हाल्नुको सट्टा जेल मुक्त गर्नेहरू कसरी सद्दे हुन्छन् भनी प्रश्न गर्नुभयो ।

पद र पैसाको लागि राजनीति गर्ने सत्तासीन दलले अपराधीहरूलाई माफी दिएर गलत राजनीति गरिरहेको उहाँले बताउनुभयो । "नेपाली जनता कुनै लोभ प्रलोभनमा नपरी सचेत बन्नु जरुरी छ", उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य निरकबहादुर शाहीले कार्तिक १७ गते जाजरकोट र पश्चिम रुकुम केन्द्रबिन्दु बनाएर गएको भूकम्पमा जनताले थप पीडा खेपिरहेको बेला सरकारले सही, निष्पक्ष र समान तरिकाले राहत वितरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालीहरू युद्धस्थलमा जान बाध्य पार्ने काम सरकारले गरिरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखका उपाध्यक्ष लक्ष्मीकुमार विक, सहसचिव टीकाराम कठायत, खड्कबहादुर कठायत, सैरे कामी, शेरबहादुर विक, नेमकिपा आठबिस नगर समितिका अध्यक्ष जयबहादुर बडुवाल, नेमकिपा आठबिस नगर समितिका सदस्य नन्दरूपा बडुवाल, नेक्राकिसङ्घ दैलेख जिल्ला समितिका उपाध्यक्ष रतनबहादुर कठायत, नेक्राशिसङ्घ दैलेख जिल्ला सल्लाहकार समितिका सदस्य दलबहादुर सिजापति, नेक्रायुसङ्घ आठबिस नगर समिति सचिव नवीनकुमार सिजापति, नेक्राशिसङ्घका अध्यक्ष कलमबहादुर सिजापति, नेक्राविसङ्घका अध्यक्ष गीताकुमारी विक, नेमकिपा वडा नं ८ एकाइ समितिका अध्यक्ष रामबहादुर सिजापति, वडा नं ७ एकाइ समिति अध्यक्ष रणबहादुर कठायत, नेमकिपा वडा नं ९ एकाइ समितिका उपाध्यक्ष विष्णु कठायत र कटक विकलगायतका वक्ताहरूले सम्मेलन सफलताको शुभकामना दिनुभएको थियो ।


धनबहादुर सिजापतिले पनि बोल्नुभएको सो कार्यक्रम नेमकिपा ९ नं वडा सम्मेलन तयारी समितिका संयोजक तेजबहादुर सिजापतिको सभापतित्वमा भएको छ । कार्यक्रममा विभिन्न स्थानीय देउडा गीत र पञ्चे बाजा प्रस्तुत गरिएको थियो । सभाअघि जुलुस भएको थियो ।

# समानताको कठिन बाटोमा भारतका महिलाहरू : एक छलफल

✍ **समा**

शताब्दी पुरानो इतिहासदेखि आजसम्म भारतमा महिलाहरूमाथि उत्पीडनको कथा फरक ढङ्गले उस्तै छ। अझ कामदार वर्गका महिला आजको आधुनिक समाज र नवउदारवादी अर्थव्यवस्थाको जाँतोमा बेसरी पिल्सिएका छन्। महिला हिंसा र बलात्कार, दाइजो प्रथा, जातीय दलनको तस्वीर निकै घिनलाग्दो छ। भारतीय कामदार महिलाहरू पितृसत्तात्मक समाजको परिधिसँगै पुँजीवादी शोषण व्यवस्थाबाट प्रताडित छन्। ती असमान समाज र व्यवस्थाको दोहोरो शोषण खेपिरहेका छन्। मोदीको फासीवादी ज्यादतीले मुस्लिम र अन्य गैर हिन्दू महिलाहरूले भोगिरहेको शासनाको त लेखाजोखा पनि छैन।

हिजो मनुस्मृतिले घोषणा गरेझैं आज पनि भारतीय महिलाहरू जाति, वर्ग र लैङ्गिक अपमान र उत्पीडन भोगिरहेका छन्। आठ शताब्दी पहिले तेलुगु कवि बेडेनाले व्याख्या गरेको एक भारतीय नारीको तस्वीर २१ औं शताब्दीका कामदार वर्गका भारतीय महिलाहरूको मुहारमा प्रतिविम्बित भएको अनुभव हुन्छ। घरेलु हिंसा, यौन शोषण, दुर्व्यवहारसँगै घरको चारभित्तामा कैद जीवनलाई भारतीय धर्म एवम् संस्कृतिले नै मान्यता दिएको अनुभव गरिन्छ। भारतको इतिहासमा महिलामाथिको शोषणविरुद्ध थुप्रै आन्दोलनहरू पनि उठेका छन्। वामपन्थी किसान र मजदुर आन्दोलनसँगै जागी उठेको महिला आन्दोलनले महिलाहरूको वर्गीय मुद्दा र शोषणबाट मुक्तिको बाटो देखाएको महसुस गरिएको छ। भारतको तेलंगाना, तमिलनाडु, केरलालगायतका क्षेत्रमा उठेका कामदार वर्गीय महिला आन्दोलन भने भारतका बहुमत शोषित पीडित महिलाहरूको निम्ति चाँदीको घेरा थियो।




भारतमा नवउदारवादी राज्य व्यवस्थाको पछिल्लो ३ दशकमा महिला श्रमशक्ति झन् घटेको तथ्याङ्क छ। श्रमशक्तिमा महिलाको हिस्सा १९९९-२००० मा ४१ प्रतिशत, २०११-१२ मा ३२ र २०१९ सम्म आइपुग्दा २५ प्रतिशतमा झरेको छ। काम गरिखाने ३ चौथाइ महिलासँग जीविकोपार्जनका लागि काम छैन। घरायसी कामबाट भने ती मुक्त छैनन्। यो स्थितिको कारण उदार अर्थव्यवस्था हो भन्ने तर्क पुस्तकको हो। नवउदार अर्थनीतिले विशेषत: ग्रामीण महिलालाई श्रमबाट वञ्चित गर्यो। ग्रामीण क्षेत्रको कृषिमा सबैभन्दा बढी रोजगारी अर्थात् श्रम सिर्जना हुन्थ्यो तर सबैभन्दा प्रतिकूल असर कृषि क्षेत्रमा पर्यो। भूमिहीनता, बाली लगाउने तरिकामा परिवर्तन, मेशिनको प्रयोग, कीटनाशक औषधीको प्रयोगजस्ता गतिविधिले कृषि रोजगारी स्वात्तै घट्यो। ग्रामिण महिलालाई वैकल्पिक रोजगारी दिइएन। ग्रामीण साना तथा हस्तकला उद्योग, कुटीर तथा घरेलु उद्योगमा कर्पोरेट र उद्योगपतिहरूको कब्जा बढ्यो। यसले पनि महिलालाई श्रमबाट बञ्चित गर्यो। उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल, ओडिशा, मध्य प्रदेशजस्ता क्षेत्रहरू बढी प्रभावित बने। बल्लतल्ल प्राप्त रोजगारीमा पनि निकै थौरै ज्याला दिएर महिलामाथि शोषण चालु छ। कामदार पुरुषको ठाउँमा महिला राख्न परे ज्याला कटौती गरिन्छ। यसो हेर्दा भारतको बढ्दो आर्थिक वृद्धिले रोजगारी सृजनामा कुनै योगदान नगरेको देखिन्छ। त्यसको प्रत्यक्ष असर कामदार महिलालाई परेको छ।

भारतीय महिलाहरूको स्थिति, वर्गीय र लैङ्गिक असमानताको अवस्थाबारे सामाजिक शोध संस्था ट्राइकन्टिनेन्टलबाट प्रकाशित पुस्तक, डोजियर नं ४५ "समानता की कठिन राह पर भारतकी महिलाएँ" निकै पठनीय छ। पुस्तकले वर्तमान स्थितिसँग इतिहासको तुलनामात्र होइन भविष्यको अवस्था कस्तो होला भन्ने चिन्तनसमेत गरेको छ, शोषण विरुद्ध उठेका सङ्घर्षहरूबारे जानकारी दिएको छ। नेपाल भारतसँग सिमाना जोडिएको देश हो, भारतको सामाजिक र सांस्कृतिक प्रभाव नेपालमा ज्यादा छ। नेपालका कामदार वर्गका महिलाहरूको स्थितिसँग तुलनात्मक अध्ययनका लागि पनि पुस्तक निकै उपयोगी र छलफल योग्य छ। २०२१ मा प्रकाशित यस पुस्तकको आँकडा र तथ्याङ्क भने केही पुरानो छ तर वास्तविक अवस्था भने उही हो।

भारतमा करिब एकतिहाइ विवाहित महिला घरभित्र आफ्नो श्रीमानको हातबाट हिंसा भोग्न बाध्य छन्। घरभित्रको हिंसालाई भारतीय समाज र संस्कारले नै स्विकारोक्ति दिएको छ। करिब १५ देखि ४९ वर्षका ५२ प्रतिशत महिलालाई लाग्छ कि 'श्रीमानले श्रीमतीलाई पिट्ने हक राख्छन्।" अन्धपरम्परा र अन्धविश्वास भारतीय महिला शोषणको एउटा गहिरो जड हो भन्दा फरक नपर्ला। भारतमा हरेक १०-१५ मिनेटमा एउटा बलात्कारको घटना दर्ता हुन्छ। २०२१ को तथ्याङ्कअनुसार दैनिक ८७ देखि ९० वटा बलात्कारको घटना दर्तामात्र हुन्छ। दर्ता नभएका घटना अझ कति होलान्। घरभित्र श्रीमतीमाथि यातना र यौन शोषणबारे भारतीय सरकारलाई पटक्कै चासो छैन।

भारतीय समाजमा महिला शिक्षा र साक्षरताको पाटो भने सकारात्मक देखिन्छ १९११ मा जम्मा १ प्रतिशत महिला शिक्षित रहेको भारतीय समाजमा अहिले ७० प्रतिशत साक्षर छन्। २४ वर्षभन्दा कम उमेरका ९० प्रतिशत छोरीहरू शिक्षित छन्। यद्यपि, प्राविधिक विषयमा महिलालाई अझै प्रोत्साहन छैन। शिक्षाको उज्यालोले पनि महिलालाई सामाजिक परिधिबाट स्वतन्त्र बनाएको छैन। घरभित्रको कामका लागि महिला बढी समय खर्चन विवश छन्। औसतमा करिब दिनको ५ घण्टा १५ मिनेट समय घरायसी काममा समय खर्च हुन्छ महिलाहरूको। अझ बच्चा बच्ची भएका महिला थप दुई घण्टा बढी घरको काममा अल्झन्छन्। यो पुस्तकको तथ्याङ्क हो। कति महिला घर र बच्चा बच्चीकै हेरचारका लागि आफ्नो जागिर या काम छोड्न बाध्य हुन्छन्। यो नेपाली समाजको पनि पीडा हो। महिलाहरू घरभित्रै सीमित नराख्न राज्यले नै शिशुस्याहार केन्द्र र सामुहिक भान्छाघर, लाउन्ड्री (लुगा धुने) को बन्दोबस्त गर्नुपर्ने हो। यो मागसहित वामपन्थी खेमाका महिला आज पनि आन्दोलित नै छन्।

भारतमा नवउदारवादी राज्य व्यवस्थाको पछिल्लो ३ दशकमा महिला श्रमशक्ति झन् घटेको तथ्याङ्क छ। श्रमशक्तिमा महिलाको हिस्सा १९९९-२००० मा ४१ प्रतिशत, २०११-१२ मा ३२ र २०१९ सम्म आइपुग्दा २५ प्रतिशतमा झरेको छ। काम गरिखाने ३ चौथाइ महिलासँग जीविकोपार्जनका लागि काम छैन। घरायसी कामबाट भने ती मुक्त छैनन्। यो स्थितिको कारण उदार अर्थव्यवस्था हो भन्ने तर्क पुस्तकको हो। नवउदार अर्थनीतिले विशेषत: ग्रामीण महिलालाई श्रमबाट वञ्चित गर्यो। ग्रामीण क्षेत्रको कृषिमा सबैभन्दा बढी रोजगारी अर्थात् श्रम सिर्जना हुन्थ्यो तर सबैभन्दा प्रतिकूल असर कृषि क्षेत्रमा पर्यो। भूमिहीनता, बाली लगाउने तरिकामा परिवर्तन, मेशिनको प्रयोग, कीटनाशक औषधीको प्रयोगजस्ता गतिविधिले कृषि रोजगारी स्वात्तै घट्यो। ग्रामिण महिलालाई वैकल्पिक रोजगारी दिइएन। ग्रामीण साना तथा हस्तकला उद्योग, कुटीर तथा घरेलु उद्योगमा कर्पोरेट र उद्योगपतिहरूको कब्जा बढ्यो। यसले पनि महिलालाई श्रमबाट बञ्चित गर्यो। उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल, ओडिशा, मध्य प्रदेशजस्ता क्षेत्रहरू बढी प्रभावित बने। बल्लतल्ल प्राप्त रोजगारीमा पनि निकै थौरै ज्याला दिएर महिलामाथि शोषण चालु छ। कामदार पुरुषको ठाउँमा महिला राख्न परे ज्याला कटौती गरिन्छ। यसो हेर्दा भारतको बढ्दो आर्थिक वृद्धिले रोजगारी सृजनामा कुनै योगदान नगरेको देखिन्छ। त्यसको प्रत्यक्ष असर कामदार महिलालाई परेको छ।

भारतीय महिला पनि वर्गमा विभक्त छन्। शहरका महिलाहरू जो जागीरदार छन् तिनले पनि आफ्नो घर र बच्चाबच्ची हुर्काउन गरिब महिलाहरूको सहारा लिएका हुन्छन्। घरेलु कामदारका रूपमा अधिकांश महिलाहरू काम गर्छन्। ७५ प्रतिशत महिला बेरोजगार छन्। २५ प्रतिशत रोजगार महिला असमान ज्यालाको कारण शोषित छन्। यसर्थ भारतीय समाजमा महिलाहरूलाई आर्थिक समानता त परको कुरा हाललाई रोजगारी या इलम दिए पुग्छ भन्ने आवाज छ।

महिला सामाजिक आर्थिक उत्पीडनको विरोधसँगै समानताको लागि शान्तिपूर्ण सङ्घर्षदेखि सशस्त्र सङ्घर्षसमेत गर्न तयार छन्। आफ्नो हक र मानव अधिकारका निम्ति एकजुट छन्। भारतले लामो समय ब्रिटिश उपनिवेशसँग लड्यो। औपनिवेशिक उत्पीडनविरुद्ध महिलाहरू पनि सडकमा उत्रे, हतियार समाए। राजनीतिक अधिकारको निम्ति लामो सङ्घर्ष गरे। काङ्ग्रेस नेतृत्वको भारतको स्वतन्त्रता आन्दोलनमा धेरै भन्दा धेरै महिला आकार्षित बनेको इतिहास छ। तर कम्युनिष्ट पार्टीले नेतृत्व गरेको सशस्त्र किसान आन्दोलन, तेलङ्गाना सशस्त्र सङ्घर्ष, तेभागा आन्दोलन, वर्ली आदिवासी विद्रोह र अन्य यस्तै लडाइहरूले किसान पृष्ठभूमिका महिलाहरूलाई साँच्चैको मुक्ति सङ्घर्षसँग जोड्यो। ती महिलाले केवल जमिन्दारी प्रथाको विरोध गर्न सिकेनन् बरु वर्गमा विभक्त समाजमा किसान र मजदुर महिलाहरूको साँचो मुद्दालाई बुझेर लड्न सिके। त्यो भारतीय कम्युनिष्ट आन्दोलन नै थियो जसले महिलालाई पितृसत्तात्मक परिधिबाट बाहिर आई आफ्नो अधिकारको निम्ति लड्न सिकायो। शोषणसहितको समाजमा कामदारवर्गका महिला र पुरुष दुबै मुक्त हुन सक्दैनन्, त्यसैले व्यवस्था परिवर्तनका निम्ति मजदुर र किसान आन्दोलन आवश्यक छ भन्ने सिकायो। महिलाले महिलामात्रको मुद्दाका निम्ति होइन वर्गीय लडाईमा हातेमालो गर्नुपर्छ भन्ने सिकायो। वामपन्थी आन्दोलनले महिलाको मानवअधिकार र नागरिकताको अधिकारसँगै सामन्तवादी सोच र पुँजीवादी व्यवस्थाको अन्त्यका लागि आज पनि महिलालाई एकताबद्ध गर्दै छ। यो भारतको उज्यालो पक्ष हो।

भारतीय पितृसत्तात्मक समाजमा सबैभन्दा बढी अर्थात् ९० प्रतिशत बलात्कार आफ्नै चिनजानकै मानिसबाट हुने गरेको तथ्याङ्क छ। सन् १९७२ को मथुरा काण्डबारे पुस्तकमा चर्चा छ। १४ वर्षकी आदिवासी छोरीमाथि दुई पुलिस या सुरक्षाकर्मीले गरेको निर्मम बलात्कारलाई न्यायालय र पुलिस प्रशासनले कसरी छोप्न खोज्यो भन्ने घिनलाग्दो शब्दचित्र प्रस्तुत छ। रक्षक नै भक्षक भएको मथुरा घटनाले पूरा देशलाई झक्झकायो, सडकमा उतार्यो। यौन उत्पीदन या बलात्कारविरुद्धको ठूलो आन्दोलन थियो त्यो। १९८० तिर दाइजोको लागि गरिएको एउटा नृसंश हत्याबारे व्याख्या छ। दाइजो नल्याइएको भन्दै प्राय: जसोलाई जलाएर मार्ने गरेको देखिन्छ र त्यसलाई आत्महत्याको नाम दिई थामथुम गर्ने गरिएको अध्ययन छ। सन् १९९२ मा एक सामाजिक कार्यकर्ता भँवरी देवीको सामुहिक बलात्कारले पितृसत्तात्मक समाज व्यवस्थाविरुद्ध महिला आन्दोलन जराकजुरुक्क उठायो। "बालविवाह रोक्नुपर्छ, छोरी पढाउनुपर्छ, घरेलु हिंसा बन्द हुनुपर्छ" भन्ने चेतना बाँड्दै हिँड्ने सामाजिक कार्यकर्ताको सामुहिक बलात्कारपछि महिला हिंसाविरुद्ध संसद्सम्म चर्को आवाज उठ्यो तर राजनैतिक दलहरू नै अपराध लुकाउनतिर लागेको यथार्थ पनि पुस्तकभित्र छ। आजसम्म आइपुग्दा महिलाका निम्ति केही प्रगतिशील कानुनको बन्दोबस्त त गरियो तर कार्यान्वयन निर्बल छ। रक्सी नै घरेलु हिंसाको एउटा महत्त्वपूर्ण कारकका रूपमा महसुस गरियो। त्यसपछि रक्सीविरुद्धको आन्दोलन थालिएको सन्दर्भ पुस्तकमा छ। सम्पूर्ण महिला मादक पदार्थविरुद्धको आन्दोलनमा उत्रेको तस्वीर छ। भारतीय कम्युनिष्ट पार्टीहरूले भने ती आन्दोलित महिलाहरूलाई साक्षरता कक्षा सञ्चालन सुरु गरे। त्यसलाई सङ्घर्षको एउटा हिस्सा बताइयो।

महिलाका लागि भान्छाको ग्यास, शौचालयको बन्दोबस्त, सजिलो ऋणको व्यवस्था, पेन्सन, अनुदानको मुद्दा राजनीतिक बनाइयो। यद्यपि राजनीतिमा महिला सहभागिता आज पनि न्यून छ। संसद्मा जम्मा १४ प्रतिशत महिला छन्। वामपन्थी या कम्युनिस्टलाई छोडेर अन्य राजनीतिक दलहरूले असक्षम महिलालाई, नातागोतालाई आरक्षण कोटामा ल्याई राजनीतिमा महिलाको सहभागिता र प्रस्तुति कमजोर बनाउने षड्यन्त्र पनि भइरहेको देखिन्छ। त्यतिमात्र होइन कामदार वर्गका महिला संसद्सम्म पुग्ने बाटो नै बन्द गरिएको छ भन्दा अतिशयोक्ति नहोला।

नवउदारवादी अर्थव्यवस्थाले सामाजिक सुरक्षा र सुविधा कटौती गर्छ। महिलाहरूको सवालमा त पीडीएस (सार्वजनिक वितरण प्रणाली) को राशनलाई नै घटाएको रेकर्ड छ। बजारमा बढ्दो मूल्यवृद्धिले महिलालाई बढी डामेको छ। नवउदारवादी बजार अर्थतन्त्र कामदार महिलाका निम्ति अभिशाप नै हो। त्यसमाथि बढ्दो माइक्रो फाइनान्सहरूले महिलाहरूमाझ एक किसिमको लुट मच्चाए। महिलाहरूले नै ठाउँ ठाउँमा निर्माण गरेको सहायता समूहले भने कोभिड १९ महामारीसँग लड्न सघायो।

वामपन्थी आन्दोलनले बहुमत कामदार वर्गका भारतीय महिलाहरूलाई सामाजिक, आर्थिक समानताको बाटो देखाएको छ। गाउँ र सहरहरूमा उठेका किसान र मजदुर आन्दोलनले महिला आन्दोलनलाई सघाएको छ। यसर्थ महिला आन्दोलन बलियो बनाउन शोषणको विरुद्धमा सङ्घर्ष जरुरी छ। कुनै पनि शोषणको विरोध महिला आन्दोलनको मुद्दा बन्नुपर्ने तर्क पुस्तकको हो

जातको आधारमा दलित महिलाहरू अझ शोषित छन्। शारीरिक र मानसिक शोषणमात्र होइन तिनलाई अपमानको घाउ पनि दुख्छ। प्रभुत्वशाली जातिले दलित महिलालाई आफ्नो मनोरञ्जनको वस्तु बनाइरहेको यथार्थ टिठलाग्दो छ। भाजपा सत्तामा गएदेखि दलित बालिकाहरूमाथि ज्यादती अझ बढेको तथ्याङ्क छ। उत्तर प्रदेशको एउटा घटना जहाँ एक दलित युवतीलाई चार माथिल्लो जातिका केटाहरूले सामुहिक बलात्कार गरे। त्यो घटनालाई भाजपाले नै छोप्न खोजेको तथ्यले मोदी सरकारको सक्कली रूप उदाङ्ग्याउँछ।

साम्प्रदायिकताकै नाउँमा महिला अझ प्रताडित छन्। मुस्लिम महिलाहरूको वर्तमान स्थिति भाजपाले ल्याएको एनआरसी (राष्ट्रिय नागरिक रजिस्टर) र सीएए (नागरिकता संशोधन अधिनियम) को कारण अझ नाजुक बन्दै छ। मुसलमान समुदायका भारतीय नागरिकको नागरिकता अधिकार खोस्न ल्याइएको एनआरसी र सीएए मोदी फासीवादी नीति नै हो। त्यसको विरोधमा मुस्लिम महिलाहरू सडकमा ओर्लिए। हजारौं हजार सङ्ख्यामा त्योभन्दा अघि कहिल्यै पनि त्यसरी मुस्लिम महिला सडकमा ओर्लिएका थिएनन् होला।

महिलालाई लिङ्ग, जात र साम्प्रदायिकताका आधारमा गरिने थुप्रै हिंसा र अपराधहरूको बोध पुस्तकले गराउँछ। यसको विरोधसँगै सामाजिक, आर्थिक र राजनीतिक समानताका लागि उठेका आन्दोलनहरू पनि वर्गमा विभक्त भएको बोध गराउँछ। हिजो तेलंगाना, केरला, तमिलनाडुजस्ता ठाउँहरूमा उठेको वामपन्थी आन्दोलनहरूले वास्तवमै कामदारवर्गका महिलाहरूलाई सही मार्ग प्रदान गरेको थियो।

भारतीय महिलाहरूको मुक्तिको लागि पितृसत्तात्मक समाजको उन्मूलनसँगै फासीवादी राजनीतिक बन्दोबस्त र नवउदारवादी अर्थव्यवस्थाको अन्त्य जरुरी छ। व्यवस्थाविरुद्धको लडाइँ नै भारतीय महिलाहरूको मुक्तिको बाटो हो। यही व्यवस्थामा सुधारका केही कार्यक्रमहरूले काम गरिखाने महिलाको जीवनमा कुनै परिवर्तन हुनेछैन। नेपालको सन्दर्भमा पनि महिला आन्दोलनको मार्गबारे छलफल ढिला भइसकेको बोध पुस्तकले गराउँछ। पठनीय पुस्तकका लागि प्रकाशक ट्राइकन्टिनेन्टलप्रति साधुवाद छ।

# कठघरामा किसिन्जर (हिन्द-चीन)

✍ सम्यक



१०० वर्षको उमेरमा गत मंसिर १४ गते चर्चित कूटनीतिज्ञ हेनरी किसिन्जरको निधन भयो। भोलिपल्ट नेपाली संसद्को 'अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति' मा किसिन्जरको सम्मानमा शोक प्रस्ताव पारित गर्नुपर्ने आवाज उठ्यो। सोही दिन 'कान्तिपुर' पत्रिकामा नेपालका एक कुटनीतिज्ञले लेखे - "उहाँको योगदानबाट निरन्तर रूपमा भावी पुस्ता पनि लाभान्वित भइरहने कुरा निर्विवाद छ।" यी टिप्पणीहरू किसिन्जरको विरासत नबुझी हचुवाका भरमा गरिएका हुन्। किनभने तेस्रो विश्वका बहुमत जनताका दृष्टिमा किसिन्जर युद्ध सरदार थिए। उनीबाट संरा अमेरिकाजस्ता साम्राज्यवादीहरू 'लाभान्वित भइरहेको' भने साँचो हो। यहाँ हामी किसिन्जरबारे संक्षिप्त चर्चा गर्छौं।

हेनरी किसिन्जर सन् १९२३ मा जर्मनीमा जन्मेका थिए। उनी दश वर्षको पुग्दा हिटलर सत्तामा आए। सत्तामा आएकै वर्ष उनले यहुदीहरूलाई एक्ल्याएर शिविरहरूमा राख्न थाले, यातना दिन थाले। किसिन्जरको परिवार यहुदी थियो। उनले नाजीवादी युवा कार्यकर्ताहरूबाट सास्ती पनि खेपेको पढ्न पाइन्छ। १५ वर्षको उमेरमा परिवारसित किसिन्जर संरा अमेरिका गए। २० वर्षको उमेरमा अमेरिकी नागरिक बने। अध्ययनपछि केही वर्ष हार्वर्ड विश्वविद्यालयमा अध्यापन गरे। किसिन्जर महत्त्वाकाङ्क्षी थिए। त्यसैले उच्च सरकारी ओहोदामा पुग्ने कसरतमा लागे।

किसिन्जरले सन् २००१ म कूटनीतिक क्षेत्रमा लागेकाहरूलाई सल्लाह दिएका थिए - "आफूले जसको लागि काम गर्ने हो, सुरुमा उसको विपक्षी गुटमा लाग्नू।" सुरुमा किसिन्जर नेल्सन रकफेलरका हितैषी थिए। रकफेलर त्यसबेला अमेरिकाको राष्ट्रपति रुवेल्टकै पालादेखि प्रभावशाली नेता थिए। किसिन्जरले अमेरिकी परराष्ट्र मन्त्रालयमा आँखा लगाउँदै गर्दा रकफेलर न्युयोर्कका गभर्नर थिए। उनीसँगको उठबसबाट किसिन्जरले लाभ उठाउँदै गए।

सन् १९६३ मा भियतनाम युद्धमा शान्तिको प्रयास गर्दागर्दै डेमोक्रेटिक पार्टीबाट राष्ट्रपति बनेका केनेडीको हत्या भएपछि उपराष्ट्रपति लिन्डन बि जोन्सन राष्ट्रपति बने। जोन्सन डेमोक्रेटिक पार्टीका नेता थिए तर केनेडीभन्दा विपरीत भियतनाम युद्धका पक्षपाती थिए। गुप्त दस्तावेजहरूबाट भियतनाम युद्धका पक्षधर गुटले नै केनेडीको हत्या गरेको साबित भएको छ। यस अर्थमा केनेडीको हत्या अमेरिकी 'दरबारी हत्याकाण्ड' थियो। जोन्सनले भियतनाम युद्धलाई सन् १९६८ सम्म लम्ब्याए। त्यसबेला भियतनाम युद्धको विरोधमा अमेरिकामा ठूलो जनलहर उठेको थियो। युद्धमा अमेरिकाको हार निश्चित भइसकेको थियो। पेरिसमा शान्ति वार्ता चलिरहेको थियो। अमेरिकामा राष्ट्रपति निर्वाचनको माहोल थियो। किसिन्जर आगामी राष्ट्रपतिको लागि उच्च ओहोदामा रही काम गर्न चाहन्थे।

किसिन्जरले बेलाबेला भियतनाम भ्रमण गरिसकेको हुनाले र भियतनामका केही व्यक्तित्वसँग नजिकको सम्बन्ध हुनाले जोन्सनको सरकारले उनीसँग पनि परामर्श गरिरहेको थियो। त्यसैले पेरिस शान्ति वार्तामा चलिरहेको चर्चाबारे उनी जानकार थिए। गोप्य रूपमा उनी राष्ट्रपति पदका रिपब्लिकन उम्मेदवार रिचर्ड निक्सनको टोलीसँग पनि सम्पर्कमा थिए। निक्सनको टोली शान्ति वार्तालाई आफ्नो चुनावी विजयको लागि प्रयोग गर्न खोज्दै थियो। यस्तैमा उनीहरूले विपक्षी टोलीबाट एउटा विभीषण पायो। ती विभीषण थिए - हेनरी किसिन्जर। किसिन्जर जुन पार्टीले जित्छ उत्तै लाग्ने ताकमा थिए। पेरिसमा चलिरहेको शान्ति सम्झौता सफल हुने निश्चित थियो। यसकै लागि राष्ट्रपति जोन्सनले भियतनाममाथि बमबारी रोकेका थिए। यो गोप्य कुरा किसिन्जरले निक्सनका मान्छेहरूलाई बताइदिए। उनी त्यसबेला जोन्सनको सरकारी वार्ता टोलीका सल्लाहकार थिए।

अमेरिकाको 'लोगन ऐन' ले कुनै पनि अमेरिकी नागरिकलाई व्यक्तिगत रूपमा विदेशी शक्तिसँग निजी कूटनीति सञ्चालन गर्न मनाही गरेको थियो। तर, निक्सनका मानिसहरू समानान्तर रूपमा दक्षिण भियतनामी नेताहरूसँग सम्पर्कमा थिए। शान्ति सम्झौता भए डेमोक्रेटिक पार्टीका उम्मेदवार हाम्फ्रे विजयी हुने निश्चित थियो किनभने अमेरिकी जनता शान्तिको पक्षमा थिए। निक्सनका मान्छेहरूले भित्रभित्र दक्षिण भियतनामी टोलीलाई 'चुनावमा हामी जित्नेछौँ' भनेर बढी लाभदायी सम्झौताको लोभ देखायो। त्यसैले अन्तिम बिन्दुमा पुगेर दक्षिण भियतनामी वार्ता टोलीले सम्झौताबाट हात झिक्यो। शान्ति वार्ता भङ्ग भयो र अमेरिकी जनता आक्रोशित भए।

सन् १९६९ मा पुगनपुग १ प्रतिशतको झिनो मतान्तरले रिचर्ड निक्सन अमेरिकाको ३७ औँ राष्ट्रपति निर्वाचित भए। निक्सन यहुदी र बुद्धिजीवीलाई घृणा गर्थे। तर, उनले एक यहुदी बुद्धिजीवी किसिन्जरलाई आफ्नो राष्ट्रिय सुरक्षा सल्लाहकार बनाए। पछि उनले 'गोप्य कुरा लुकाउन सक्ने खुबीका कारण किसिन्जरलाई सुरक्षा सल्लाहकार बनाएको' लेखे।




निक्सनले किसिन्जरलाई प्रचुर अधिकार दिए। किसिन्जर अरूले कजाउनसक्ने मानिस थिएनन्। उनी आफ्नै सुरले काम गर्थे। उनलाई '४० समिति' को सदस्य बनाइयो। अमेरिकी गुप्तचर निकाय सिआइए राष्ट्रपति ह्यारी ट्रयुमेनले स्थापना गरेका थिए। त्यसले सञ्चालन गर्ने खुफिया कारबाहीहरूको निर्णय भने एउटा गुप्त समितिले गर्थ्यो। यही समितिको नाम थियो - '४० समिति'। किसिन्जर सन् १९६९ देखि १९७६ सम्म यस समितिका प्रमुख थिए। त्यसैले यसबीच अमेरिकाले विदेशमा गरेका सम्पूर्ण खुफिया कारबाहीका हर्ताकर्ता किसिन्जर थिए।

निर्वाचन प्रचारप्रसारका क्रममा रिचर्ड निक्सनले आफ्नो सरकारले जनतासँग 'भियतनाममा आणविक हतियार प्रयोग नगर्ने, उत्तर भियतनाम र त्यसका हिन्द-चीनका अन्य देशमा हमला नगर्ने' वाचा गरेका थिए। विजयी भएपछि निक्सन र किसिन्जरले बलप्रयोगमार्फत युद्ध टुङ्ग्याउने बाटो लिए। उनीहरूले शान्ति वार्ताको बाटो थुने।

उत्तर भियतनाममा कम्युनिस्ट शासन थियो भने दक्षिणमा अमेरिकी कठपुतली सरकार थियो। उत्तरबाट दक्षिणलाई ठूलो खतरा नभएको तथ्य अमेरिकी अधिकारीहरूलाई थाहा थियो। १९६८ जनवरीमा रक्षामन्त्री रोबर्ट म्याकनमाराले संसद्मै मेकोङ डेल्टा क्षेत्रमा उत्तर भियतनामी सेना नभएको स्पष्ट पारेका थिए। गुप्तचरी रिपोर्टले पनि त्यो कुरा पुष्टि गरेको थियो। लिन्डन जोन्सनका पेरिस वार्ताकार ह्यारिमनले उत्तर भियतनामले दक्षिणका दुई प्रान्तबाट आफ्नो ९० प्रतिशत सेना फिर्ता लगिसकेको बताएका थिए। जोन्सन सरकारले बमबारी रोक्दा गरेको सम्झौता अनुसार त्यो वातावरण बनेको थियो। यस्तो स्थितिमा भनेर दक्षिण भियतनामी गाउँहरूमा हमला गर्दा सर्वसाधारणहरू मर्ने निक्सन र किसिन्जरलाई थाहा थियो। तैपनि उनीहरूले भियतनाममाथि भारी बमबारी गर्ने गोप्य योजना बनाए। भियतनामी कम्युनिस्टहरूको 'शरणस्थल' भन्दै अमेरिकी सेनाले सन् १९६८ डिसेम्बरमा मेकोङ डेल्टामा हमला गऱ्यो। त्यो हमलाको नाम 'अपरेसन स्पिडी एक्सप्रेस' थियो। ६ महिनासम्म लगातार हमला भइरह्यो। झन्डै साढे ३ हजारचोटि बमबारी भयो। बमवर्षक विमानमा लेखिएको थियो - 'मृत्यु व्यापार हो र व्यापार राम्रो हुन्छ।' अमेरिकी तोप, बमवर्षक विमान र आगजनीमा परेर कैयन गाउँहरू खरानी भए। रात र दिन एकै भए। ११ हजारभन्दा बढी भियतनामी जनता मरे। मृत लाससँग जम्मा ७४८ थान हतियार भेटिए। यसको अर्थ मारिनेमा 'भियतकङ छापामार' भन्दा निर्दोष जनताको सङ्ख्या बढी थियो।

भियतकङ छापामारहरूको शरणस्थल भन्दै निक्सन र किसिन्जरले भियतनामका भौतिक पूर्वाधार नष्ट गर्ने र छिमेकी देशमा पनि हमला गर्ने योजना बनाए। चीन र उत्तर भियतनामलाई जोड्ने रेलमार्ग भत्काउन एकचोटि किसिन्जरले 'तापआणविक हतियार' को प्रयोग गर्ने र नदीको बाँध भत्काएर उत्तर भियतनाममा बाढीको प्रकोप ल्याउने विषयमा पनि सोचेका थिए। (युक्रेन युद्धको बेला किसिन्जर निकै बुढो भइसकेका थिए। तर आफ्नो पापको प्राय:श्चित गर्न हुनुपर्छ, युक्रेनमाथिको हमलाले रुस चिढिने र त्यसबाट तापआणविक युद्ध निम्तिन सक्ने 'खतरा' औँल्याएर 'वाहवाही' बटुलेका थिए।) त्यसबेला किसिन्जरको तापआणविक युद्ध गर्ने मनसाय पूरा भएन।

कम्बोडिया र लाओस तटस्थ देश थिए। तटस्थ देशमाथि हमला गर्नु जेनिभा अभिसन्धि र राष्ट्रसङ्घको बडापत्रको बर्खिलाफ हुन्थ्यो। राष्ट्रपति आइजनहावरको पालामा सन् १९५६ मा बेलायत, फ्रान्स र इजरायलले इजिप्टमाथि हमला गर्दा सोही अभिसन्धिका आधारमा युद्ध रोकिएको थियो। तर, निक्सन र किसिन्जरका लागि अन्तर्राष्ट्रिय कानुन कागजका खोस्टा थिए। भियतकङ छापामारहरूको 'शरणस्थल' भन्दै अमेरिकी सेनाले कम्बोडिया र लाओसमा हान्न थाल्यो। गैर आणविक हतियारमध्ये सबैभन्दा शक्तिशाली र विध्वंसकारी हतियार मानिने 'बि-५२' बमवर्षकबाट कम्बोडियामा मात्र साढे ३ हजारपल्ट बमबारी गरियो। १९६९ को मार्चदेखि १९७० को मे महिनासम्म कम्बोडियाली सीमा क्षेत्रमा लगातार खुफिया हमला गरे। ती सैन्य कारबाहीको नाम 'ब्रेकफास्ट', 'लन्च', 'स्न्याक्स', 'डिनर' र 'डेसर्ट' थिए। यिनमा परेर क्रमश: १६४०, १९८, ३८३, ७७० र १२० कम्बोडियाली नागरिक मारिए। समग्रमा अमेरिकी बमबारीमा परेर लाओसमा ३ लाख ५० हजार र कम्बोडियामा


Children running away from the inferno, they sustained bad burns when a napalm bomb was dropped in their village

६ लाख सर्वसाधारणले ज्यान गुमाए। यो सङ्ख्या न्यूनतम् सङ्ख्या हो। यसमा युद्धले गर्दा शरणार्थी हुनेहरूको सङ्ख्या, नेपाम-डिफोलियज जस्ता विषालु रसायनिक हतियारले मरेका र आजपर्यन्त मरिरहेका सर्वसाधारणको सङ्ख्या जोडिएको छैन।

'अपरेसन ब्रेकफास्ट' १९६९ मार्च १६, दिउँसो २ बजे भएको थियो। हमलाको खबर सुनेर निक्सन र किसिन्जर दुवै उत्साहित थिए। किसिन्जरले त्यसलाई 'ठूलो सफलता' भनेका थिए। किसिन्जरले कति उत्साहित थिए भने उनले सेनाका हाकिमहरूलाई पन्छ्याएर आफै बमबारीको योजना बनाए। उनको युद्धपिपासु चरित्र देखेर उनका धेरै सहकर्मीहरूले राजीनामा दिए। तत्कालीन अमेरिकी रक्षा र विदेशमन्त्री भियतनाममा 'बि-५२' बमवर्षकको प्रयोग गर्न नहुने विचारमा अडिग थिए। त्यसैले विदेश मन्त्रालयका २०० भन्दा बढी कर्मचारीहरूले विदेशमन्त्रीलाई विरोधपत्र लेखेका थिए। निक्सन र किसिन्जरले बाहिर हमला कम गर्ने प्रतिबद्धता जनाए। तर, १९७३ मा आधाआधीतिर बमबारीमा २१ प्रतिशत बढोत्तरी भयो।

'बि-५२' को बमबारी अन्धाधुन्ध हुन्थ्यो। यो बमवर्षक जमिनमा काम गरिरहेका मानिसहरूले चालै नपाउने उचाइमा उड्थ्यो। अर्कोतिर विमानचालकले भुइँमा 'शत्रु' ठम्याउन सक्दैनथे। त्यसैले उनीहरू झुप्रा र खाडलहरूमाथि प्रहार गर्थे। विष्फोट कति चर्को हुन्थ्यो भने भुइँ खनेर लुकेका बालबालिकाहरू पनि किरा मरेसरी मर्थे। अमेरिकी हमलामा परेर मर्ने हिन्द-चीनी जनताको कुनै लेखाजोखा छैन। यद्यपि अमेरिकी रक्षामन्त्रालय पेन्टागनको तथ्याङ्कअनुसार लिन्डन जोन्सनले भियतनाममाथि हमला रोकेको मिति १९६८ मार्चदेखि १९७२ को मार्चसम्ममा हिन्द-चीनमा मर्नेहरूको आँकडा यसप्रकार छ :

अमेरिकीहरू - ३१,२०५। दक्षिण भियतनामी सर्वसाधारण - ८६,१०१। 'शत्रुहरू' - ४,७५,६०९। त्यस्तै अमेरिकी संसदीय समितिको आँकडाअनुसार रिचर्ड निक्सनको ४ वर्षे कार्यकालमा विश्वभरि ३० लाख सर्वसाधारण मारिएको, घाइते र बेघर भएको तथ्यांक छ। त्यस अवधिमा हिन्द-चीनमा मात्र अमेरिकी सेनाले ४५ लाख टन विष्फोटक पदार्थ प्रहार गरेको थियो। जब कि दोस्रो विश्वयुद्धमा जम्मा २० लाख ४४ हजार टन विष्फोटक पदार्थ प्रहार भएको थियो। अर्कोतिर, अमेरिकी गुप्तचर निकाय सिआइएको छापामार दस्ताले चलाएको 'फिनिक्स अभियान' मा ३५,७०८ भियतनामी सर्वसाधारणले ज्यान गुमाएका थिए। यो खुफिया अभियान निक्सनकै कार्यकालमा चलाइएको थियो।

यी सबै हत्याकाण्डमा निक्सनको जत्तिकै किसिन्जरको हात पनि थियो। उनले अमेरिकी बमबारी 'मानवविहीन' क्षेत्रमा गरिएको भनेर धेरैचोटि आफ्नो बचाउ गर्न खोजेका थिए। तर, अमेरिकाको सरकारी आँकडाले नै त्यसलाई गलत साबित गर्छ। किसिन्जरले आफ्नो संलग्नता लुकाउन धेरै प्रयास गरेको प्रमाणहरूबाट खुल्छ। उनले आफ्नो आज्ञा पालन गरेका छन् कि छैनन् भनी जाँच्न लाओसस्थित अमेरिकी राजदूतमाथि पनि गुप्तचरी गराएका थिए। त्यति मात्र होइन, उनले राष्ट्रपति कार्यालयका उच्च अधिकारी र आफ्नै सहयोगीहरूमाथि पनि गुप्तचरी गराएका थिए। यस्तै गुप्तचरी गर्ने क्रममा अमेरिकामा ३८ औँ राष्ट्रपतिका लागि निर्वाचन भयो। त्यसमा निक्सनलाई जिताउन किसिन्जरले भियतनामसँग शान्ति वार्ता अगाडि बढाए। तर, त्यस वार्ताबाट जून सम्झौता भयो, त्यो लिन्डन जोन्सनको पालाको सम्झौताभन्दा फरक थिएन। किसिन्जर 'ससम्मान सम्झौता' को रटान लगाउँथे, अमेरिकी 'विश्वसनीयता' मा जोड दिन्थे। तर, सन् १९७२ को भियतनाम सम्झौता सन् १९६८ को भन्दा फरक थिएन। यसबाट हिन्द-चीनमा लाखौँ मानिसहरूको हत्या तेस्रो विश्वका जनतालाई मान्छे नगन्ने किसिन्जरको साम्राज्यवादी सोचका कारण भएको पुष्टि भयो। किसिन्जरको कार्यकालपछि यो सोच अमेरिकी विदेश नीतिको मूलधार बन्यो।

भियतनाम युद्ध टुङ्ग्याएकै परिवेशमा दोस्रो कार्यकालका लागि सन् १९७२ मा निक्सनले ६० प्रतिशत मतान्तरले विपक्षी उम्मेदवारलाई पछारे। तर, यसका लागि उनका मान्छेहरूले विपक्षीहरूविरुद्ध गुप्त युद्ध नै छेडेका थिए। कर्मचारीतन्त्र र सुरक्षा निकायलाई विपक्षीहरूको गुप्तचरीमा निक्सनले व्यापक प्रयोग गरेका थिए। डेमोक्रेटिक पार्टीको 'वाटरगेट' कार्यालयमा गुप्तचरी गर्ने क्रममा निक्सनका मानिसहरू समातिएपछि राष्ट्रपतिविरुद्ध महाअभियोग लाग्ने निश्चित भयो। महाअभियोगमा अमेरिकी सिनेटको अनुमति नै नलिई हिन्द-चीनमा हमला गरेको मुद्दा पनि थियो। यसबाट बच्न निक्सनले राजीनामा दिए। यससँगै उपराष्ट्रपति जेराल्ड फोर्ड राष्ट्रपति बने। उनले निक्सनलाई आममाफी दिए र किसिन्जरलाई विदेशमन्त्री बनाए। किसिन्जरले जेराल्ड फोर्डको पालामा इन्डोनेसियाका तानाशाह सुहार्तोलाई कम्युनिस्ट सफायाको नाममा इस्ट टिमोरका जनतालाई मार्न भने। सुहार्तोले त्यो देशका ३० प्रतिशत जनता अर्थात् २ लाख निहत्था जनताको रगतको होली खेले र आफ्ना प्रभुलाई खुसी पारे। यही बेला अमेरिकी जहाजलाई कम्बोडियाली खमेर रुज समूहले समातेको निहुँमा १५ हजार पाउन्ड बम खसाले। जब कि कम्बोडियाले एक दिनअघि नै जहाज फिर्ता गरिसकेको थियो। एक तथ्यांकका अनुसार किसिन्जर अमेरिकी सुरक्षा सल्लाहकार हुँदा मात्र अमेरिकी सेनाले विदेशी भूमिमा ५ लाख टनभन्दा बढी बमबारी गरेको थियो। आफ्नो फाइदाका लागि भियतनाम युद्ध लम्ब्याएर किसिन्जरले महिला, बालबालिका र वृद्धवृद्धा गरी लाखौँलाख निर्दोष हिन्द-चीनी जनताको रगत बगाए।

बाँकी पृष्ठ ७ मा

# दक्षिण चीन सागर नीतिमा वासिङ्टनसँग पङ्क्तिबद्ध हुनु मनिलाको लागि पनि जोखिमपूर्ण छ

✍ लु हङ

हालै, फिलिपिन्सले लगातार अमेरिकासँग सैन्य सहयोगलाई बलियो बनाउँदै चीनसँग दक्षिण चीन सागरको विवादलाई बढाउने प्रयास गरिरहेको छ । फिलिपिन्सले नोभेम्बर २१ देखि २३ सम्म दक्षिण चीन सागरमा अमेरिकासँग संयुक्त हवाई र समुद्री गस्ती अभ्यास सञ्चालन गरेको थियो ।

यो राष्ट्रपति फर्डिनान्ड मार्कोस जूनियरको हवाई भ्रमणको क्रममा फिलिपिन्सले दक्षिण चीन सागरमा आफ्नो आचार संहिता (COC) बनाउन अन्य दावीकर्ता देशहरूसँग सम्पर्क गर्न पहल गरेको थियो ।




चीनप्रति फिलिपिन्सको नीतिको सन्दर्भमा मनिलाले आफ्नो फाइदाको लागि आर्थिक र व्यापारिक सम्बन्धलाई बलियो बनाउनमा जोड दिएको छ । फिलिपिन्स, एक मध्यम आकारको विकासशील देशको रूपमा, अगाडि चुनौतीपूर्ण विकास कार्यहरूको सामना गर्दैछ । चीनको महत्त्वपूर्ण आर्थिक शक्ति र विशाल बजार देशको आर्थिक र सामाजिक विकासको लागि महत्त्वपूर्ण छ । चीनप्रति फिलिपिन्सको नीतिको मुख्य र चुनौतीपूर्ण पक्ष द्विपक्षीय सम्बन्धमा दक्षिण चीन सागरको मुद्दालाई कसरी सम्हाल्ने भन्नेमा निहित छ ।

भूतपूर्व राष्ट्रपति रोड्रिगो डुटेर्टे प्रशासनको विपरीत घरेलु राष्ट्रवाद र संयुक्त राज्य अमेरिकाद्वारा उक्साउनेजस्ता कारकहरूद्वारा सञ्चालित मनिलाको वर्तमान सरकारले वाशिङ्गटनसँग निरन्तर सैन्य सहयोगलाई गहिरो बनाउँदै छ र दक्षिण चीन सागर मुद्दामा थप अडान, बारम्बार र सक्रियरूपमा मुद्दालाई बढाउँदै संरा अमेरिकासँगको गठबन्धनलाई महत्त्व दिँदै गएको छ ।

चीनप्रति फिलिपिन्सको नीतिमा, विशेषगरी दक्षिण चीन सागर मुद्दामा अमेरिका एक महत्त्वपूर्ण कारक हो जसलाई बेवास्ता गर्न सकिँदैन । बाइडेन प्रशासनले चीनलाई अमेरिकी आधिपत्यलाई चुनौती दिनसक्ने एकमात्र देशको रूपमा हेर्छ । संरा अमेरिकाको दक्षिण चीन सागर नीतिको सर्वोच्च प्राथमिकता दक्षिण चीन सागरमा अमेरिकाको स्थिति सुदृढ गर्ने आधारभूत लक्ष्यका साथ एशिया-प्रशान्त क्षेत्रलाई बाधा पुऱ्याउनु र यसलाई अन्तर्राष्ट्रिय मुद्दामा उभ्याउनु हो किनकि यसले अमेरिकालाई हस्तक्षेपको अवसर प्रदान गर्ने गर्दछ ।

दक्षिण चीन सागर नीति र इन्डो-प्यासिफिक रणनीतिमा वाशिङ्गटनसँग पङ्क्तिबद्ध हुनुले फिलिपिन्स सरकारलाई अमेरिकाको ध्यान र समर्थन प्राप्त गर्न मद्दत गर्छ, जसले गर्दा अमेरिका-फिलिपिन्स गठबन्धनलाई बलियो बनाउँछ र सरकारको लागि घरेलु समर्थन बढाउँछ । दक्षिण चीन सागरमा फिलिपिन्सले हालैका कार्यहरू यस तर्कसँग मिल्दोजुल्दो छ, तर यो दृष्टिकोणसँग धेरै चुनौतीहरू पनि आउँछन् ।

पहिलो, मार्कोस जूनियर प्रशासनको चीन नीति र दक्षिण चीन सागर मुद्दामा उसको दृष्टिकोण बीचको अन्तर्निहित विरोधाभास छ । दक्षिण चीन सागर मुद्दा चीन-फिलिपिन्स सम्बन्धको एक अपरिहार्य र महत्त्वपूर्ण पक्ष हो, सायद दुई राष्ट्रहरूबिचको सबैभन्दा संवेदनशील र चुनौतीपूर्ण मुद्दा पनि । मनिलाले चीनसँगको आफ्नो सम्बन्ध बिग्रन दिन चाहँदैन विशेषगरी आर्थिक र व्यापारिक सम्बन्धको सन्दर्भमा । यद्यपि, दक्षिण चीन सागरको मुद्दा बनाएर चीनसँग द्वन्द्व निम्त्याइ रहेको छ, मित्रवत सम्बन्ध कायम राख्ने प्रयासहरूलाई बाधा पुऱ्याइरहेको छ ।

दोस्रो, फिलिपिन्सको दक्षिण चीन सागरको दाबी उचित र कानूनी आधार छैन । फिलिपिन्सद्वारा प्रस्तावित तथाकथित कानुनी औचित्यहरू, जस्तै टोमस क्लोमाले पत्ता लगाएको 'फ्रीडमल्याण्ड' र 'पहिलो खोज र प्रभावकारी पेशाहरू' को सिद्धान्तहरू गारबल, विशिष्टता र झूटका मुद्दाहरूले भरिएका छन् ।

तेस्रो, फिलिपिन्सको एउटा छुट्टै आचार संहिता खोज्ने प्रयासले दक्षिण चीन सागरमा पक्षहरूको आचरणसम्बन्धी घोषणाको उल्लङ्घन गर्छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नोभेम्बर २० मा जोड दिए अनुसार दक्षिण चीन सागरमा घोषणालाई कार्यान्वयन गर्न चीन र आसियान सदस्य राष्ट्रहरूको लागि सीओसी निर्माण गर्नु महत्त्वपूर्ण कार्य हो ।

चौथो, फिलिपिन्सले अमेरिकाको चीन विरोधी रथमा बाँधिएको जोखिमको सामना गरिरहेको छ । अमेरिकाले चीनलाई रणनीतिक प्रतिद्वन्द्वीका रूपमा हेर्छ, जसले गर्दा यस क्षेत्रमा सैन्य उपस्थिति बढाएको छ र फिलिपिन्स जस्ता सहयोगी र साझेदारहरूलाई त्यसलाई नियन्त्रणमा राख्ने प्रयास भइरहेको छ । मार्कोस जूनियर प्रशासनको अधीनमा, फिलिपिन्सले चीनलाई सन्तुलनमा राख्न अमेरिकी प्रभावको फाइदा उठाउन खोजेको छ, जसले सैन्य सहयोगलाई बलियो बनाएको छ । यद्यपि, यो रणनीतिले अमेरिकामा अत्यधिक निर्भर हुने र चीन विरुद्धको आफ्नो दृष्टिकोणमा 'बाध्य' हुने सम्भावना बोकेको छ, जसले फिलिपिन्सलाई द्वन्द्वमा फस्ने जोखिम बढाउँछ ।

*(लेखक चिकपा शानतोङ प्रान्तीय समिति (शानडोङ एकेडेमी अफ गभर्नेन्स) को पार्टी स्कूलका प्राध्यापक हुन् ।)*

*- ग्लोबल टाइम्सबाट*

**कठघरामा...**

किसिन्जरलाई अमेरिकी विदेशी नीतिका वास्तुकार भन्ने कल्गी लगाइन्छ । तर अमेरिकाको साम्राज्यवादी चरित्र किसिन्जरभन्दा पुरानो हो । उनी आउनुभन्दा अगाडि नै अमेरिकाले भियतनाम युद्ध थालेको थियो । वास्तवमा किसिन्जरले अमेरिकी विदेश नीतिलाई आफ्नो निजी स्वार्थपूर्तिका लागि दुरूपयोग गरे । उनले सत्तामा पकड जमाउनका लागि भियतनामसँगको राष्ट्रपति जोन्सनको वार्ता प्रयास भाँडे र आफ्नो गलत समझदारीलाई सही प्रमाणित गर्न हिन्द-चीनका लाखौँ जनताको ज्यान लिए । त्यसैले 'युद्धअपराधी' बाहेक अर्को विशेषण उनलाई सुहाउन्न । चर्चित पत्रकार क्रिस्टोफर हिचेन्सको पुस्तक 'कठघरामा किसिन्जर' मा दिइएका प्रमाणहरू उनलाई युद्धअपराधी साबित गर्न पर्याप्त छन् । उनी एउटा तर्क दिन्छन् - 'सन् १९३३-३८ मा कोकी हिरोता जापानका विदेशमन्त्री थिए । सोही अवधिमा सन् १९३७-३८ मा जापानी सेनाले चीनको नानकिङमा कुख्यात सामूहिक बलात्कार मच्चायो । उनले जापानी सेनालाई त्यो कार्य रोक्न भने । सेनाले हुन्छ-हुन्छ भन्यो, तर नानकिङका चेलीहरूको नृशंस बलात्कार रोकेन । पछि अमेरिकी जर्नेल डगलस म्याकार्थरको नेतृत्वमा टोकियो इजलास बस्यो । बलात्कार काण्ड रोक्न तत्कालीन जापानी मन्त्रिपरिषद्लाई राजी गराउने जिम्मेवारी पूरा नगरेको हुनाले उनलाई युद्ध अपराधी घोषित गरी मृत्युदण्ड दिइयो । भियतकङ छापामारहरूलाई सखाप पार्ने निहुँमा हिन्द-चीनका लाखौँ निहत्था जनता मार्ने आदेश दिने किसिन्जरलाई युद्ध अपराधको दण्ड किन नदिने ?' हिचेन्सको सोझो र न्यायोचित प्रश्न छ । यो प्रश्न पुरानो हो । तर, बेलायतका राजालाई चिहानबाट निकालेर मरणोपरान्त झुन्ड्याइएको नजिर छ । जीवनभर आफ्ना कुकार्यहरूका खुफिया प्रमाणहरू मेटाउनमा दिलोज्यानले लागेका किसिन्जर अब त्यसो गर्न जीवित छैनन् ।

किसिन्जरको प्रभावशाली व्यक्तित्वलाई लिएर धेरै अफवाह पढ्न पाइन्छ । यसबारे एउटा प्रसङ्गसँगै यस लेखको बिट मारौँ । सन् १९७१ मा न्युयोर्कमा किसिन्जरसँग गोप्य वार्तालाप गरेका प्रसिद्ध पत्रकार विल्फ्रेड बर्चेटले किसिन्जरको व्यक्तित्वबारे लेखे - "किसिन्जरका कठोर र चिसा आँखाले उनको मुस्कानबाट आत्मीयता खोसेको थियो । आफूमाथि बढी नै विश्वास गर्नु उनको व्यक्तित्व थियो ।" बर्चेटलाई भेट्दा किसिन्जर दक्षिण र उत्तर भियतनाम दुवैतिरका नेताहरूसँग 'शान्ति वार्ता' को तयारी गर्दै थिए । तर भित्रभित्र उनी आफ्नो गुप्तचर निकायलाई उत्तर भियतनामका उच्च कम्युनिस्ट नेताहरूलाई अपहरण गरेर हत्या गर्ने षड्यन्त्र पनि गर्दै थिए । उनको दोहोरो चरित्र र हिन्द-चीन, त्यहाँका नेता र जनताबारे जानकार बर्चेटले 'किसिन्जर किसिन्जरजस्तो नभए के हुन्थ्यो' भन्नेबारे एउटा काल्पनिक चित्र कोरेका छन् । उनी लेख्छन् - "किसिन्जर अक्सर चित्रण गरिएजस्तो साँच्चिकै वास्तविक राजनेता वा कूटनीतिज्ञ हुन्थे भने लाखौँ सैनिक र सर्वसाधारणको ज्यान जोगिने थियो, हिन्द-चीनमा संरा अमेरिकाले सम्मानित स्थान हासिल गर्ने थियो, कम्बोडियाका 'माझी जनता' को त्रासदी टार्न सकिने थियो र विश्वको त्यो कुनामा शान्ति र स्थायित्व प्रबर्द्धन गर्न सकिने थियो ।"

**सन्दर्भ सामग्री**

क्रिस्टोफर हिचेन्स, द ट्रायल अफ हेनरी किसिन्जर (सन् २००१) ।
सेमोर हर्स, द प्राइस अफ पावर (सन् १९८३) ।
विल्फ्रेड बर्चेट, एट द ब्यारिकेड्स (सन् १९८१) ।
'एमआर अनलाइन' र 'ग्लोबल रिसर्च' मा प्रकाशित हेनरी किसिन्जरसम्बन्धी विभिन्न लेख-रचनाहरू ।

# अमेरिकी राजनीतिज्ञहरूले आफूलाई 'दुष्ट' विचारबाट मुक्त गर्न आवश्यक छ : ग्लोबल टाइम्स सम्पादकीय

हालैको एक मिडिया अन्तर्वार्तामा अमेरिकी सिनेटमा अल्पमतका नेता (रिपब्लिकन पार्टी) मिच म्याक्कोनेलले चीन, रूस, प्रजग कोरिया र इरानलाई 'दुष्टको नयाँ ध्रुव' भनेर उल्लेख गरे र उनीहरूले अमेरिकाको लागि प्रत्यक्ष खतरा रहेको बताए । २१ औँ शताब्दीको सबैभन्दा शक्तिशाली राष्ट्रका प्रख्यात राजनीतिज्ञबाट आएको मध्ययुगीन युरोपेली 'इन्क्विजिसन' को कट्टरपन्थी र क्रूर भाषाको सम्झना दिलाउने यस्ता अभिव्यक्ति १४० भन्दा बढी देश र क्षेत्रहरूको प्रमुख व्यापारिक साझेदार चीनको वर्णन गर्न प्रयोग भइरहेको छ । यस्ता अभिव्यक्ति दुवै बेतुक हुनुका साथै गहिरो सम्बन्धित छ । यसले अमेरिकी विचारधाराको पागलपन र यसले निम्त्याउने ठुलो जोखिमको बारेमा गहिरो चिन्ता बढाउन सक्दैन ।




म्याककोनेल यस्ता शब्दहरू बोल्ने पहिलो व्यक्ति होइनन् र वर्तमान अस्वस्थ राजनीतिक वातावरण र अमेरिकी राजनीतिमा जडतालाई ध्यानमा राख्दै उनी सम्भवत: अन्तिम पनि हुने छैनन् । संयुक्त राष्ट्र सङ्घका लागि पूर्व अमेरिकी राजदूत तथा रिपब्लिकन राष्ट्रपति पदका उम्मेद्वार निक्की हेलीले हालै अझ तीव्र स्वरमा यस्तै टिप्पणी गरेकी थिइन् । रूढिवादी रिपब्लिकनहरूमध्ये म्याक्कोनेललाई सबैभन्दा कट्टरपन्थी मानिएको छैन, तर पनि अहिले उनले खुला रूपमा त्यस्ता कुराहरू गरिरहेका छन् । यो स्पष्ट छ कि ध्रुवीकृत सोच र वैचारिक पागलपन वाशिङ्गटनमा द्रुत रूपमा फैलिरहेको छ । 'इन्क्विजिसन' को सम्झना दिलाउने तरिकामा आजको संसारको सबैभन्दा शक्तिशाली सेनाको साथ एक देश (संरा अमेरिका) - सरल, कच्चा, र चरम - डरलाग्दो परिणामहरू अनिवार्य छन् ।

'खराब' को विपरीत 'न्याय' हो । अरूलाई 'खराब' भनेर लेबल लगाउनु भनेको जसले त्यसो गर्छ त्यो 'न्याय' को मूर्त रूप हो, स्वाभाविक रूपमा नैतिक उच्च भूमिमा उभिएको हो । यदि अर्को पक्षलाई नराम्रो मानिन्छ भने, न्यायको तर्फबाट काम गरिरहेको जस्तै 'दुष्ट पक्ष' विरूद्ध प्रहार गर्नु धार्मिकताको कुरा हुन्छ । न्याय र दुष्टताले सम्झौता वा सहअस्तित्वको लागि कुनै ठाउँ छोड्दैन, यो 'मार या मर' को लडाइँ हो भन्छ । यदि उनले भनेजस्तो उत्तेजनात्मक कारबाही जारी रह्यो भने, संसार जङ्गली समाज भन्दा पनि क्रूर हुनेछ ।

समस्या यो छ, 'दुष्ट' के हो र 'न्याय' के हो भनेर कसले निर्धारण गर्ने ? यसबारे अमेरिकामा नि:सन्देह विवेक र योग्यताको कमी छ । आजको विविध संसारलाई हेर्न र अत्यन्त जटिल अन्तर्राष्ट्रिय सम्बन्धहरू ह्यान्डल गर्न यो विभेदपूर्ण, कालो र सेतो, भेदभाववादी सोचको प्रयोगले वास्तवमा आफूलाई 'दुष्ट' मा परिणत गरिरहेको छ ।

न्यायको नाममा कति अपराध हुन्छ ? ९/११ आक्रमण पछिका वर्षहरूमा अमेरिकी राजनीतिज्ञहरूले 'एक्सिस अफ इभिल' शब्दलाई बारम्बार उल्लेख गरेका छन् । अहिले लक्ष्यहरू परिवर्तन भएका छन्, तर यसले निरन्तर रूपमा अमेरिकाले दबाउन चाहेका केही देशहरूलाई जनाउँछ । त्यसबेला अमेरिकाले इराकसँग सामूहिक विनाशकारी हतियार भएको बहाना प्रयोग गरेर इराकमाथि आक्रमण गऱ्यो, जुन दावी पछि निराधार साबित भयो ।

हालैका वर्षहरूमा, 'लोकतन्त्र, स्वतन्त्रता र मानव अधिकार' को ब्यानरमुनि अमेरिकाले विश्वव्यापी रूपमा धेरै युद्ध, द्वन्द्व र मानवीय सङ्कटहरू उक्साएको छ । जब अमेरिकी राजनीतिज्ञहरूले 'खराब' र 'न्याय' को बारेमा घमण्ड गर्छन्, तिनीहरूले पहिले तिनीहरूको पछाडि तारा र धर्कासहितका झन्डा हेर्नुपर्छ र निर्दोषको जीवनको कति रगतको दाग लागेको छ भनेर हेर्नुपर्छ ।

अब, वाशिङ्गटन राजनीतिज्ञहरूले फेरि एक पटक परमाणु-सशस्त्र चीन र रूसलाई 'दुष्टहरूको ध्रुव' को भागको रूपमा लेबल गरिरहेका छन्, जसले अनिवार्य रूपमा मानिसहरूलाई सोच्न बाध्य पार्छ कि उनीहरूले जनमत तयार गरिरहेका छन् र अन्य देशहरूको हितमा अतिक्रमण गर्न वैधता खोजिरहेका छन् । अमेरिकी राजनीतिज्ञहरूको 'दुष्टको ध्रुव' वाक्यांशको अन्तर्निहित सन्देशलाई उनीहरूले 'अमेरिकी विरोधी शक्तिहरूको मिलीभगत' भनेर बुझाउँछन् । अनिवार्य रूपमा, यो प्रक्रिया हो जसको माध्यमबाट अमेरिकाले शत्रुहरू पहिचान गर्न र सिर्जना गर्न खोज्छ ।

'लोकतन्त्रविरूद्ध अधिनायकवाद' को वाशिङ्गटनको आधिपत्यवादी कथाको सन्दर्भमा, अमेरिकासँग उभिएकाहरूलाई 'न्यायिक' मानिन्छ, जबकि विरूद्धमा रहेकाहरूलाई 'दुष्ट' भनेर लेबल लगाइन्छ । यो भेदभाववाद जीवन र मृत्यु समेत, चरम सोच, विश्व शान्तिको लागि सबैभन्दा ठुलो खतरा हो र विश्वभरका मानिसहरूले यसको कडा विरोध गर्नुपर्छ ।

'डिजिटल अधिनायकवाद', 'नयाँ उपनिवेशवाद', 'आर्थिक जबरजस्ती', 'दुष्ट साम्राज्य', 'महान सेतो शार्क', 'एक पुस्ताको परिभाषित खतरा' आफ्नो प्रवचन आधिपत्य प्रयोग गरेर, अमेरिकी राजनीतिज्ञहरूले अरू देशहरूमाथि लेबल लगाउन र अन्य ब्रान्ड नामाकरण गर्न हिचकिचाउँदैनन् । सायद उनीहरूको विचारमा, 'गलत हल्ला फैलाउनु मुख खोल्न जत्तिकै सजिलो छ, तर खुट्टाको गलत चालले अरु कसैको खुट्टा भाँच्न सक्छ ।" अमेरिकाले अन्य देशहरूलाई केही स्पिटबलले समस्यामा पार्न सक्छ, वा कमसेकम, उनीहरूलाई घृणित महसुस गराउन सक्छ ।

एकै समयमा, वाशिङ्गटनले यी लेबलहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रमा मूल्य निर्धारणको माध्यमको रूपमा प्रयोग गर्नसक्छ । साझा चासोहरू साझा गर्नेहरूलाई 'सद्गुणी' लेबल दिइन्छ, जबकि उनीहरूका आदेशहरू पालन नगर्नेहरूलाई 'दुष्ट' को लेबल लगाइन्छ । यो एक आकर्षक व्यवसाय जस्तो लाग्न सक्छ, तर यसले अमेरिकाको विश्वसनीयतामा दीर्घकालीन र गहिरो क्षति पुऱ्याएको छ ।

चीन कुनै पनि 'दुष्ट मण्डल' को भाग होइन र यो शङ्का बाहिर छ र खण्डन गर्न लायक छैन । यो शब्द प्रयोग गर्नेहरूले आफ्नै हृदयको जाँच गर्नुपर्छ र भित्र रहेका कुनै पनि साँच्चिकै दुष्ट विचारहरू हटाउनुपर्छ । यदि वाशिङ्गटनका केही राजनीतिज्ञहरूले त्यस्ता कुराहरू भनेमा उनीहरूलाई पागल घोषित गरी तिनहिरूका दावीहरूलाई खारेज गर्न सकिन्छ । यद्यपि, यदि त्यहाँ धेरै जना छन् भने त्यसपछि वाशिङ्गटनले सामूहिक आत्मनिरीक्षण र सिंहावलोकनमा संलग्न हुनुपर्छ । यो विषयलाई हल्का रूपमा लिन हुँदैन ।

## भुटानी शरणार्थी प्रकरण

# पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई धरौटी तारेख कि जेल ?



✍ रामप्रसाद प्रजापति

**उच्च अदालतका न्यायाधीशहरूको राय बाँझियो !**

**१० तारेखमा, ९ थुनामा**

भुटानी शरणार्थी काण्डमा ठगी, लिखत किर्ते, राज्य विरुद्धको अपराध र सङ्गठित अपराधसम्बन्धी मुद्दामा प्रतिवादीहरूमध्ये १० जना धरौटीमा छुट्ने भनेका छन् भने पूर्वमन्त्री टोपबहादुर रायमाझीलगायत ९ जनालाई थुनामै राखी मुद्दाको कारबाही गरिने आदेश उच्च अदालत पाटनले गरेको छ ।

उच्च अदालत, पाटनका न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले पूर्वमन्त्री तथा माओवादीका नेता टोपबहादुर रायमाझी, गृह मन्त्रालयका पूर्वसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, केशव दुलाल, आङटावा शेर्पा, सानु भण्डारी, सागर राई बिक्रम भन्ने गोविन्दकुमार चौधरी र सञ्जय शर्मासमेत जना ९ लाई पुर्पक्षका लागि थुनामा राख्ने काठमाडौँ जिल्ला अदालतको आदेश सदर गरेको छ ।

भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई १५ लाख रुपैयाँ, रामशरण केसीलाई १५ लाख र नरेन्द्र केसीलाई १० लाख रुपैयाँ, सन्दीप रायमाझीलाई ३० लाख रुपैयाँ धरौटी माग गर्ने आदेश भएको छ । उनीहरूले माग गरिए बमोजिमको धरौटी दाखिला गरे तारेखमा छुट्नेछन् भने लक्ष्मी महर्जन, टङ्ककुमार गुरुङ र केशव तुलाधरलाई भने साधारण तारेखमा छोड्न भनेका छन् ।

भुटानी शरणार्थी प्रकणमा काठमाडौँ जिल्ला अदालतबाट मिति २०८० असार १, १५ र ३१ गते भएको आदेशका सम्बन्धमा अधिकांश प्रतिवादीहरूले उच्च अदालत पाटनमा सुरु जिल्ला अदालतको आदेश बदर गरी सुधार गरी पाउन निवेदन गरेकोमा उच्च अदालत पाटनमा सुनुवाई भई मिति २०८०।८।१५ गते यस्तो आदेश भएको हो ।

**खाँणका सम्बन्धमा न्यायाधीशको राय बाँझियो**

पूर्वगृहमन्त्री बालकृष्ण खाँणका सम्बन्धमा भने उच्च अदालतको संयुक्त इजलासका दुई जना न्यायाधीशहरूबिच राय बाँझिएको छ । त्यसैले बालकृष्ण खाँणको सम्बन्धमा थप सुनुवाई गर्न तेस्रो न्यायाधीशको इजलासमा पेश गरिनेछ ।

**न्यायाधीश जनक पाण्डेको राय**

बालकृष्ण खाँणका सम्बन्धमा न्यायाधीश जनक पाण्डेले आदेशमा ३० लाख रुपैयाँ धरौटी राख्न लगाई तारेखमा छोड्न भनेका छन् ।

उनले आफ्नो राय यसमा जाहेरवाला तथा घटना विवरण कागज गर्ने पीडितहरूले बालकृष्ण खाँणले ठगी गरेको वा निजहरूबाट रकम लिएको भनी यी प्रतिवादीको नाम उल्लेख गरेका छैनन् । बयानका क्रममा पूर्णतः कसुरबाट इन्कार गरी बयान गरेको देखिन्छ ।

घटना विवरण कागज गर्ने तत्कालीन गृह मन्त्रालयमा कार्यरत स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाका प्रमुख शाखा अधिकृत सन्तोष प्रधानले बालकृष्ण पन्थीको कार्यदलले तयार पारेको प्रतिवेदन पछिल्लो समयमा मन्त्रीपरिषदबाट फिर्ता आई आफ्नो जिम्मामा रहेको, विभिन्न समयमा उक्त प्रतिवेदन शाखा प्रमुख सागरमणि पाठक, उपसचिव शेखर पौडेल, महाशाखा प्रमुख फणिन्द्रमणि पोखरेल तथा सचिव टेकनारायण पाण्डेले माग्ने गरेका थिए, के कसरी उक्त प्रतिवेदनको समानान्तर अर्को प्रतिवेदन तयार भयो आफूलाई थाहा नभएको भनी लेखाएको देखिन्छ ।

प्रस्तुत मुद्दाका सह प्रतिवादी टेकनारायण पाण्डेको बयानसमेतबाट यी निवेदक प्रतिवादीले उक्त प्रतिवेदन मागेको अथवा उक्त प्रतिवेदनमा कुनै चासो राखेको देखिँदैन । निवेदक प्रतिवादी बालकृष्ण खाँणलाई सुरु जिल्ला अदालतले थुनामा राख्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरू केशव दुलाल र टेकनारायण पाण्डेबिच भएको टेलिफोन संवादलाई पनि आधार लिएको देखिन्छ । उक्त संवादमा उल्लेख भएको गिफ्ट भनेको रकम हो र उक्त रकम प्रतिवादी केशव दुलालबाट यी प्रतिवादी बालकृष्ण खाँणले लिएको भन्ने दावीका सम्बन्धमा मुद्दा अनुसन्धानका क्रममा बयान तथा ततिम्बा (थप) बयान गर्दा प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाँणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनी उल्लेख गरेको पाइयो । ततिम्बा बयानमा निज प्रतिवादी केशव दुलालले टेकनारायण पाण्डेलाई रु. १,२५,००,०००।- (एक करोड पच्चीस लाख रुपैयाँ) दिएको भनी उल्लेख गरेको देखिन्छ ।

प्रस्तुत मुद्दाका प्रतिवादी आङटावा शेर्पाले गरेको घटना विवरण कागज हेर्दा आङटावा शेर्पा प्रस्तुत मुद्दामा पहिला सरकारी साक्षीको रूपमा घटना विवरण कागज गरेको तथा तुरुन्तै पछि प्रतिवादी कायम गरेकोमा अनुसन्धान अधिकारी एवं अदालत समक्ष बयान गर्दा घटना विवरण कागजलाई यातना दिई गराइएको भनी अस्वीकार गरी आफू कसुरमा इन्कार रही बयान गरेको पाइयो ।

टेकनारायण पाण्डेले प्रतिवादी नरेन्द्र केसीलाई सम्बोधन गरी लेखेको चिटमा प्रतिवादी बालकृष्ण खाँणको नाम उल्लेख नभएको तथा उक्त कागज प्रतिवादी टेकनारायण पाण्डेले आफू पक्राउ परेपछि लेखेको भन्ने तथ्य निजको बयान तथा निज बसेको प्रहरीको हिरासतकक्ष खानतलासी गर्दा डायरी तथा पेन बरामद गरेको मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिन्छ ।

यसरी प्रतिवादी बालकृष्ण खाँणविरुद्ध किटानी जाहेरी नपरेको, अनुसन्धान अधिकारी एवं अदालत समक्ष कसुरमा इन्कार रहेको, सहप्रतिवादीहरूले यी प्रतिवादी कसुरमा संलग्न रहेको भनी पोल नगरेको तथा मिसिल संलग्न अन्य तत्काल प्राप्त प्रमाणहरूबाट यी निवेदक प्रतिवादी बालकृष्ण खाँणलाई थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्नुपर्नेसम्मको आधार, कारण र अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदक प्रतिवादी बालकृष्ण खाँणलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका निम्ति थुनामा राख्ने गरी भएको काठमाडौँ जिल्ला अदालतको मिति २०८०।०३।०१ को आदेश बेरितको देखिँदा बदर गरिदिएको छ ।

अब यी प्रतिवादीको नाम जाहेरवाला प्रेमराज पन्थीको जाहेरीको पेटबोलीमा उल्लेखसम्म भएको देखिँदा पछि प्रमाण परिक्षण र मूल्याङ्कन गर्दै जाँदा ठहरेबमोजिम हुने नै देखिँदा हाललाई यी प्रतिवादी बालकृष्ण खाँणलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु. ३०,००,०००।- (तीस लाख रुपैयाँ) नगद धरौटी, जमानत वा बैङ्क जमानत लिई तारेखमा राख्नु भन्ने आदेशमा न्यायाधीश जनक पाण्डेले आफ्नो रायमा उल्लेख गरेको देखिन्छ ।

**न्यायाधीश प्रकाश खरेलको राय**

यस सम्बन्धमा अर्का न्यायाधीश प्रकाश खरेलले भने सुरु काठमाडौँ जिल्ला अदालतको आदेश परिवर्तन गरिरहनु परेन । प्रतिवादी बालकृष्ण खाँणलाई थुनामै राखी मुद्दाको कारबाही गर्नुपर्ने राय आदेशमा उल्लेख गरेका छन् ।

उनले आदेशमा प्रतिवादी बालकृष्ण खाँणबाहेकका अन्य प्रतिवादीहरूका हकमा अर्का न्यायाधीश जनक पाण्डेबाट भएको आदेश रायसँग सहमत छु भन्दै प्रतिवादी बालकृष्ण खाँणका हकमा प्रतिवादी टेकनारायण पाण्डे र केशव दुलालबिचको मोबाइल म्यासेज्, प्रतिवादी नरेन्द्र केसीबाट बरामद भएको प्रतिवादी टेकनारायण पाण्डेले प्रतिवादी नरेन्द्र केसीलाई लेखी दिएको कागज, प्रतिवादी आङटावा शेर्पाको घटना विवरण कागज तथा सहप्रतिवादी टेकनारायण पाण्डेको अधिकार प्राप्त अधिकारी समक्षको मिति २०८०।०१।२७ को ततिक्बा बयानसमेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी बालकृष्ण खाँण अभियोग दावीको कसुरमा अहिले नै निर्दोष रहेछन् भनी विश्वास गर्न मिल्ने मनासिब आधार नदेखिएको हुँदा धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेशसँग सहमत हुन सकिएन ।

प्रतिवादी बालकृष्ण खाँणलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी काठमाडौँ जिल्ला अदालतबाट मिति २०८०।०३।०१ मा भएको आदेश मनासिब देखिँदा परिवर्तन गरिरहन परेन । आदेशमा उल्लेख छ ।

**तेस्रो न्यायाधीशले आदेश गर्ने**

यसरी आदेशमा दुई जना न्यायाधीशहरूबिच प्रतिवादीमध्येका पूर्वगृहमन्त्री बालकृष्ण खाँणका सम्बन्धमा राय बाँझिएपछि अब उनको सम्बन्धमा अर्का (तेस्रो) न्यायाधीशको इजलासमा पेश हुनेछ । र तेस्रो न्यायाधीशले बालकृष्ण खाँणलाई धरौटी लिई छोड्ने या थुनामै राख्ने आदेश गर्नेछ ।



नेपाली नागरिकहरूसँग लाखौँ रुपैयाँ असुल गरी नक्कली शरणार्थी बनाई युरोप तथा अमेरिका पठाई दिने प्रलोभन देखाई करोडौँ रुपैयाँ ठगेको र यसमा गृहमन्त्री, नेपाल सरकारका सचिवसमेतको संलग्नता रहेको हुँदा यस सम्बन्धमा सर्वसाधारणहरूले निकै चासो लिएको देखिन्छ ।

यसरी देशको राष्ट्रियता, अन्तर्राष्ट्रिय छविमा समेत गम्भीर आँच आउने गरी सत्ता र राष्ट्र सेवकको जिम्मेवार पदमा रहेर, राष्ट्र हितविपरीतको अपराध गर्ने र करोडौँको ठगी गर्ने भुटानी शरणार्थी काण्ड मचाएका यी गम्भीर आरोपका आरोपी तथा उक्त प्रकरणमा संलग्नहरूलाई कडाभन्दा कडा सजाय हुनु जरुरी छ ।


## दस्तावेज

एक समय बेलायतलाई 'सूर्य नअस्ताउने साम्राज्य' भनिन्थ्यो । अङ्ग्रेजहरूले संसारभरि उपनिवेश फैलाएका थिए । २० औँ शताब्दीमा बेलायतको साम्राज्य घट्दै गयो ।

बेलायतले धेरै देशमा ठुलाठुला घाउ छोडेर गयो । हाम्रै छिमेकी देश भारत र चीनबिच काल्पनिक सीमारेखा कोरेर उसले झगडाको बीउ रोप्यो; भारतलाई तीन टुक्रा बनायो । प्यालेस्टाइनको समस्या पनि बेलायतले नै बनाएको गहिरो घाउ हो । अहिले अमेरिकी साम्राज्यवादले इजरायललाई उक्साउँदै छ ।

आजभन्दा झन्डै १०० वर्षअघि प्यालेस्टाइनमा सबै जाति र धर्मका मानिसहरू मिलेर बसेका थिए । त्यसबेला यहुदीहरूको जनसङ्ख्या ६-७ प्रतिशतमात्र थियो । युरोपमा 'विश्व यहुदी महासङ्घ' नामको यहुदी जातिवादी (Zionist) सङ्गठन बन्यो । बेलायतले प्यालेस्टाइनका जनतासँग नसोधी सन् १९१७ मा त्यस सङ्गठनलाई 'यहुदीहरूको देश' बनाइदिन्छौँ भनेर वचन दियो । बेलायतले पहिलो विश्वयुद्धपछि ३० वर्षसम्म त्यहाँ यहुदी बस्ती बसाल्दै गयो र यहुदीहरूको जनसङ्ख्या ३० प्रतिशतमाथि पुऱ्यायो भने १५ हजारभन्दा बढी प्यालेस्टिनी जनता मारेर तथा ५०० भन्दा बढी गाउँ ध्वस्त पारेर संयुक्त राष्ट्रसङ्घमार्फत सन् १९४८ मा इजरायल स्थापना गरायो । 'संयुक्त राष्ट्रसङ्घ' ले प्यालेस्टाइनलाई दुई टुक्रा पारेर इजरायल घोषणा गऱ्यो । संयुक्त राष्ट्रसङ्घले ६ प्रतिशत यहुदीहरूलाई ५६ प्रतिशत प्यालेस्टिनी भूमि छुट्यायो । यसरी प्यालेस्टाइनको घाउ चर्काउने काममा बेलायती दबाबमा रहेको संयुक्त राष्ट्रसङ्घ पनि सहभागी भयो ।

इजरायलको पहिलो प्रधानमन्त्री डेभिड बेन-गुर्योनले भने, "प्यालेस्टिनी अरबीहरू, देश छोडेर भाग !" इजरायलका यहुदी शासकहरू जातिवादी (Racist) छन् । उनीहरू अर्को जाति वा धर्मका मानिसलाई घृणा गर्छन् । तिनीहरूले साढे ७ लाखभन्दा बढी प्यालेस्टिनी जनतालाई घरबारविहीन बनाएपछि 'घर फर्किन नपाउने कानुन' ल्याए । अहिले आधाभन्दा बढी प्यालेस्टिनीहरू परदेशमा बाँच्न विवश छन् । आधा प्यालेस्टिनी गाजापट्टी र पश्चिम किनारामा इजरायलको खुला जेलमा कैदीजस्तै बाँच्न विवश छन्; आफ्नै देशमा शरणार्थी बनेका छन् । इजरायलले बर्सेनि प्यालेस्टाइनमाथि बमबारी गरी जातीय हिंसा गर्दै आएको छ ।




## अमेरिकी साम्राज्यवाद मुर्दावाद ! यहुदी जातिवाद मुर्दावाद !
## प्यालेस्टिनीमाथिको जातीय सफाया बन्द गर !
## स्थायी युद्धविराम सम्झौता गर !

# अपिल

इजरायली प्रधानमन्त्री नेतन्याहुले गत असोज ५ गते संयुक्त राष्ट्रसङ्घको महासभामा मध्यपूर्वको नयाँ नक्सा देखाए । त्यसमा प्यालेस्टाइनको नक्सा नै थिएन । प्यालेस्टिनीहरूको राजनीतिक, सामाजिक र लडाकु सङ्गठन हमासले असोज २० गते त्यसको जवाफ दियो । यही बहानामा इजरायलले प्यालेस्टिनी जनतालाई नै नामेट पार्न जातीय सफाया (Genocide) गर्ने योजनालाई तीव्र पाऱ्यो । इजरायलको कृषिमन्त्रीले केही दिनअगाडि "हामी गाजामा नक्बा गर्दै छौँ " भने । नक्बा (Nakba) भनेको नरसंहार हो ।

नेपाल अङ्ग्रेजहरूसँग लडेको देश हो । आज देशघाती एमसीसी सम्झौतामा फसाएर हाम्रा नदीनालाको बिजुली भारत हुँदै सिङ्गापुरसम्म लग्ने षड्यन्त्र भइरहेको छ । प्यालेस्टिनीहरूसँग घरको चाबी छ तर घर यहुदी जातिवादीहरूले खोसेका छन् । नेपालीसँग नदीनाला छन् तर त्यसको बिजुली भारतीय एकाधिकार पुँजी र साम्राज्यवादीहरूले खोस्दै छन् । अर्कोतिर नेपाली जनतालाई विभिन्न जात र धर्ममा बाँड्न जातिवाद पनि हाबी छ । भारतका फासीवादी नेता नरेन्द्र मोदीले 'अखण्ड भारत' को नक्सामा नेपाललाई पनि गाभे । हिन्दू फासीवाद पनि यहुदीवादजत्तिकै हानिकारक छ ।

संरा अमेरिकाको आर्थिक र सैनिक सहयोग प्राप्त गरी यहुदी जातिवादीहरूले ५० दिनभित्र गाजामा २५,००० टनभन्दा बढी बम खसाले; १५,००० भन्दा बढीको हत्या गरे; हरेक १० मिनेटमा एक बालबालिका मारे; १०,००० भन्दा बढी महिला तथा बालबालिका मारे; जसमध्ये ६,००० भन्दा बढी बालबालिका छन्; ५०,००० भन्दा बढी गर्भवती महिला आवश्यक स्वास्थ्य सेवाको अभावमा छटपटिँदै छन् । इजरायली सैनिकले अस्पताल र विद्यालयमा समेत बमबारी गरे । उनीहरूले प्यालेस्टिनीमा करिब ५० प्रतिशत भौतिक संरचना ध्वस्त पारे; २ सयभन्दा बढी चिकित्सक-नर्स मारे; दर्जनौँ पत्रकारहरू मारे साथै करिब ३९ हजार प्यालेस्टिनी घाइते भइसकेका छन् । भग्नावशेषमा पुरिएका हजारौँलाई अझै निकाल्न सकिएको छैन । यस्तो स्थितिमा यहुदी जातिवादीहरूले खाना, पानी, औषधि, इन्टरनेटलगायत सम्पूर्ण अत्यावश्यक वस्तुको आपूर्ति बन्द गरे । पर्याप्त मानवीय सहयोग नपुगे गाजामा युद्धले भन्दा सङ्क्रामक रोगले मृत्यु हुनेहरूको सङ्ख्या बढी हुनेछ ।

**सात हप्ताको इजरायली आक्रमणले विश्वबाट अलग भएको गाजापट्टीमा के-के भयो ?**

- १७ लाख मानिसहरू विपत्ति र अभावमा छन् ।
- दैनिक १६ लाख डलर कृषि उत्पादनमा घाटा भयो । बेरोजगारी ७० प्रतिशत पुग्यो ।
- २ लाख ३४ हजार क्षतिग्रस्त आवासमध्ये ४६ हजार घर पूर्ण क्षति भए ।
- विद्युत् प्रणाली, पानीको भण्डारण र वितरण प्रणाली, ढल निकास ध्वस्त भएका छन् ।
- विश्व स्वास्थ्य सङ्गठनले गाजापट्टीमा इजरायली बम विस्फोटभन्दा रोगबाट धेरै मानिसहरूको मृत्यु हुने चेतावनी दिएको छ ।

इजरायलले गाजापट्टीका जनताविरुद्ध घेराबन्दी गरी आक्रमण गरेको नरसंहार हो । विश्वभरिका जनताले गाजापट्टीमा भइरहेको आक्रमण नरसंहार नै भएको बताएका छन् । बेलायतको संसद्मा इजरायली राजदूत फिर्ता पठाउने आवाज उठ्यो । आइरिस सरकारले इजरायली राजदूतलाई फिर्ता पठायो ।

बोलिभियाले इजरायलसँग कूटनीतिक सम्बन्ध तोड्यो । कोलम्बियाले इजरायलबाट आफ्नो राजदूत फिर्ता बोलायो । बहराइनले इजरायलबाट राजदूत फिर्ता बोलाएर इजरायलसँगको आर्थिक सम्बन्ध नै तोड्यो । दक्षिण अफ्रिकी सत्तारुढ दल अफ्रिकी नेसनल कङ्ग्रेसले इजरायलसँगको कूटनीतिक सम्बन्ध

*बाँकी पृष्ठ ९ मा*

# संसारका देशभक्तहरूले प्यालेस्टाइनी जनताको समर्थनमा आवाज उठाउनुपर्ने




भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले इजरायल सरकारले प्यालेस्टिनीहरूलाई आम नरसंहार गरिरहेको हुँदा संसारका देशभक्त जनताले प्यालेस्टिनीहरूको समर्थनमा आवाज उठाउनुपर्ने बताउनुभयो ।

नगरपालिकाको गतिविधि र समसामयिक विषयमा जानकारी दिने उद्देश्यले भनपा वडा नं. ६ वडा समितिको आयोजनामा भएको सभामा उहाँले इजरायलमा नेपाली विद्यार्थीहरू मारिनु दुःखद भए पनि ती विद्यार्थीहरू पठाउने सरकार र म्यानपावर कम्पनीहरूले मृत्युको जिम्मेवारी लिनुपर्छ भन्नुभयो ।

जातीय हिंसा कस्तो हुन्छ अफ्रिकी देश रुवान्डा हेरे पुग्छ । त्यहाँ सन् १९९० को दशकमा हुटु र तुत्सी जातिबिचको युद्धमा १ वर्षमा १० लाख मान्छे मारिएको थियो । अहिले इजरायलमा त्यही इतिहास दोहोरिँदै छ, उहाँले भन्नुभयो ।

नगर प्रमुख प्रजापतिले भनपाले निर्वाचन घोषणापत्रअनुसार काम गरिरहेको स्पष्ट पार्दै भन्नुभयो, “जनप्रतिनिधिहरू जनताको सेवामा समर्पित भएर काम गर्दै छन् । विभिन्न पक्षले भनपाको काममा बाधा पुऱ्याइरहेका छन् ।”

उहाँले नगरपालिकाले सञ्चालन गरिरहेको देको मिबा इटापाके आवास योजना छिटो सम्पन्न गर्न आफूहरू लागिरहेको स्पष्ट पार्दै कतिपय मानिसहरू समस्या समाधानतिर भन्दा समस्या देखाएर आयोजना अगाडि बढाउन बाधा पुऱ्याउने कोसिस गर्दै छन् भन्नुभयो ।

जहाँ समस्या त्यहाँ समाधानको उपाय हुन्छ भन्दै उहाँले गुनासा अध्ययन समितिले समस्या समाधानको लागि निरन्तर प्रयास गरिरहेको स्पष्ट पार्नुभयो ।

भनपा वडा नं. २ का अध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा इटापाके आवास योजना किसानहरूकै हितमा भइरहेको बताउँदै जथाभावी नगरपालिकाविरुद्ध लाञ्छना लगाउनु गलत हो भन्नुभयो ।

उहाँले आवास योजनाबारे विस्तृत जानकारी दिँदै नगरपालिकाले नाफाको निम्ति नभई व्यवस्थित आवास योजना सम्पन्न गर्ने सोचले काम गरिरहेको स्पष्ट पार्नुभयो ।

जनतालाई अन्याय पर्ला भन्नेमा हामी अत्यन्त सचेत छौँ, उहाँले भन्नुभयो ।

नगरसभा सदस्य गोविन्द दुवालले भक्तपुरमा अहिलेको विकास र प्रगति विगतमा किसान आन्दोलनको परिणाम हो भन्नुभयो ।

नेमकिपा ६ नं वडा इन्चार्ज गोपीकृष्ण चाँगुभारीले भक्तपुर परिवर्तन हुनुमा यहाँका जनताको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

सभापतिको आसनबाट भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडा बजेटबाट भएका विकास निर्माण र नगरस्तरीय योजनाबारे स्पष्ट पार्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोसनमैयाँ सुवालले भनपाले गर्दै आएको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणबारे जानकारी दिनुभएको थियो ।

# नेपाली युवालाई नेपालमै भविष्य खोज्न उत्साहित गर्नुपर्ने

भक्तपुर । वागीश्वरी कलेज कमलविनायकको एघारौँ कलेज सभा विशेष कार्यक्रमका साथ सम्पन्न भएको छ । कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको सभापतित्वमा भएको उक्त सभामा उहाँले कलेजको विधानअनुसार कलेजको सबभन्दा माथिल्लो निकाय कलेजसभा भएको उल्लेख गर्दै सभा सफल पार्न योगदान गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले हरेक प्रतिकूल परिस्थितिसित जो जुध्न सक्छ उही समय सँगै अघि बढ्न सक्छ भन्नुभयो ।

वागीश्वरीले हरेक विद्यार्थीलाई असल र देशभक्त नागरिक बनाउनुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले परिश्रम गरेर सिक्ने संस्कार बसाल्न शिक्षकहरूलाई आग्रह गर्नुभयो ।

देशको युवा जनशक्ति बिदेसिनु समस्याको समाधान होइन भन्दै उहाँले नेपाली युवालाई नेपालमै भविष्य खोज्न उत्साहित गर्नुपर्ने बताउनुभयो ।

देशको शिक्षा क्षेत्र बिग्रनुमा यहाँका उच्च अधिकारीहरू जिम्मेवार रहेको कुरा उल्लेख गर्दै उहाँले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसँग पछिल्लो समयमा भएको भेटघाटबारे जानकारी दिनुभयो ।

वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले देशको आर्थिक शैक्षिकलगायत अन्तर्राष्ट्रिय परिस्थिति पनि खराब अवस्थाबाट गुज्रिरहेको चर्चा गर्दै यस्तो बेला देशका बुद्धिजीवीहरू मौन रहनु बौद्धिक दरिद्रताको प्रदर्शन हो भन्नुभयो ।

संसारभरका शान्तिप्रेमी युद्धविरोधी जनता प्यालेस्टाइनमाथि अमेरिकाको सहयोगमा इजरायलले गरिरहेको आक्रमणको विरोधमा उठिरहेको बेलामा यहाँका बुद्धिजीवीहरू, शासक र प्रतिपक्ष दलका नेताहरू स-साना विषयमा समय खर्चिरहेको बताउनुभयो ।

प्यालेस्टाइनी बालबच्चा र महिलाहरूको हत्या भइरहेको अवस्थामा सामाजिक न्यायको लागि पनि प्राध्यापक, शिक्षक र विद्यार्थी सबैले आवाज उठाउनुपर्नेमा उहाँले जोड दिनुभयो । वाग्मती प्रदेशसभा सदस्य सिर्जना सैँजुले विद्यार्थीलाई पाठ्यक्रम र पाठ्पुस्तकमा मात्र सीमित गरेर असल र योग्य नागरिक बनाउन नसकिने विचार व्यक्त गर्दै संरा अमेरिका सिङ्गो संसारलाई आफ्नो नियन्त्रणमा राख्न अनेक प्रपञ्च गरिरहेको कुरा पाठ्यपुस्तकमा पाइँदैन भन्नुभयो ।

मध्यपूर्वको इन्धन हात पार्न इजरायललाई उचालेर युद्ध भडकाउँदै छ, यसप्रति हामी सचेत हुनैपर्छ भन्नुभयो ।

उहाँले देश उत्पादन शून्यको स्थितिमा पुग्नु शासकहरूको गलत नीति र अकर्मण्यताको परिणाम हो , यसलाई विद्यार्थीसम्म प्रस्टयाउनुपर्ने दायित्व प्राध्यापकहरूको हो भन्नुभयो ।

सभामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देशको बौद्धिक एवं युवा जनशक्ति विदेश पलायन हुनु साह्रै चिन्ताको विषय हो भन्दै उहाँले त्यसलाई रोक्न यहाँ पनि ‘लर्न एन्ड अर्न’ (पढ्दै कमाउँदै)को नीति लागु गर्नुपर्ने बताउनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याखवले कलेजमा विद्यार्थीहरू स्थानीय विभिन्न विषयमा अनुसन्धानमा लगाउन सके यहाँको आवश्यकताबोध हुनुका साथै विद्यार्थीहरूमा व्यावहारिक ज्ञान हुने बताउनुभयो ।

कार्यक्रममा प्राचार्य धनकुमार श्रेष्ठले कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सभाले प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो । सभामा क्युएएसम्बन्धी स्वअध्ययन समूहका संयोजक विनोद प्रजापतिले क्युएएबारे हालसम्म भएका गतिविधिबारे जानकारी दिनुभएको थियो । सभामा परीक्षा संयोजक विकल प्रजापतिले पनि बोल्नुभएको थियो ।

# नेपालका सञ्चार माध्यममा पनि साम्राज्यवादी छाया




चितवन । नेपाल मजदुर किसान पार्टी, चितवन जिल्ला समितिले शनिबार राप्ती नगरपालिका, स्वामिटारमा प्रशिक्षण कार्यक्रम गरेको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले साम्राज्यवादीहरूको स्वार्थको कारण पश्चिम एसियामा युद्ध चर्किरहेको भन्दै साम्राज्यवाद रहेसम्म युद्धको अन्त नहुने भनाइ राख्नुभयो । उहाँले इजरायलले प्यालेस्टिनी जनतामाथिको नरसंहारको विरोधमा नेमकिपाले काठमाडौँ, ललितपुर, भक्तपुरमा आयोजना गरेको जुलुसमा हजारौँको उपस्थिति भएको तर तथाकथित निष्पक्ष सञ्चारमाध्यमले समाचारसमेत प्रसारण गर्ने साहस नदेखाएको विचार राख्नुभयो । उहाँले भन्नुभयो, “नेपालका सञ्चारमाध्यमहरूमा पनि साम्राज्यवादी छाया परेको छ ।”

केन्द्रीय सदस्य गोसाईले पार्टी चिन्नको निम्ति पार्टीको सिद्धान्त, नीति तथा कार्यक्रम मात्र होइन तिनको व्यवहार पनि हेर्नुपर्ने भन्दै नेका, एमाले, माओवादी, समाजवादी नामका पार्टीहरूले पुँजीवादी सिद्धान्तअनुसार काम गरिरहेको बताउनुभयो । नेपालका शासक दलहरूले जनतालाई राजनीतिकरूपमा शिक्षित नगरेको भन्दै उहाँले जनतामा आलोचनात्मक दृष्टिकोणको विकासको निम्ति राजनीतिक कक्षाको आवश्यकता छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा, चितवन जिल्ला समितिका अध्यक्ष हरिप्रसाद दुवालले नियमित अध्ययन, छलफल तथा अन्तरक्रियाले मात्र कार्यकर्ताको स्तर उठ्ने विचार राख्नुभयो ।

नेमकिपा, चितवनका सचिव ज्ञानेन्द्र चेपाङले रूसमा भएको डिसेम्वर विद्रोहबारे प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ, चितवन जिल्ला समिति अध्यक्ष राजकुमार श्रेष्ठले पुँजीवादी बन्दोबस्तले कामदार वर्गलाई मुक्त नगर्ने प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य लक्ष्मी चेपाङले पुँजीवादी महिलाले कामदार महिलालाई शोषण गरिरहेको भनाइ राख्नुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय सदस्य अर्जुन प्रजाले कामदारवर्गका विद्यार्थीले राजनीतिक सङ्घर्षको नेतृत्व गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा नेक्राविसङ्घ, चितवन जिल्ला समिति अध्यक्ष कृष्णबहादुर तामाङ, सन्तबहादुर पाख्रिन, मोहनबहादुर प्रजालगायतले आ-आफ्नो विचार राख्नुभएको थियो ।

# कीर्तिपुरमा महिला भेला

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टीको भ्रातृ सङ्गठन नेपाल क्रान्तिकारी महिला सङ्घ कीर्तिपुर नगरको महिला भेला बिहीबार भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विश्वका कामदार जनतामाथि हुने अन्यायको विरोधमा न्यायप्रेमी जनताको सङ्घर्षको पक्षमा आवाज उठाउने क्रममा प्यालेस्टाइनमा भएको नरसंहारको विरोधमा प्यालेस्टिनीको पक्षमा आवाज उठाउनुपर्ने बताउनुभयो ।

नेमकिपा कीर्तिपुरका कोषाध्यक्ष कान्छाबाबु महर्जनले प्यालेस्टिनी जनताको मनोबल वृद्धि गर्न नेपाली न्यायप्रेमी जनताको सधैँ साथ रहने बताउनुभयो ।

नेमकिपा कीर्तिपुरका कविता महर्जन, नेक्रामहिलासङ्घका अष्टमाया मजर्हन, चन्द्रशोभा महर्जनले पनि प्यालेस्टिनी जनताको पक्षमा ऐक्यबद्धता जनाउन अनुरोध गर्नुभयो ।

**अपिल...**

तोड्न विश्वलाई आह्वान गऱ्यो । अस्ट्रेलियाले प्यालेस्टाइनको पक्षमा आफ्नो झन्डासँगै प्यालेस्टिनी झन्डा फहरायो । गाजाको नरसंहारविरुद्ध जोर्डनले इजरायलसँग पानी र ऊर्जा सम्झौता बहिष्कार गऱ्यो ।

प्यालेस्टाइन र सिङ्गो मानवताका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा १२० देशले मत खसाले । चीनले सुरूदेखि नै इजरायली बर्बरताविरुद्ध प्यालेस्टिनी जनताको समर्थनमा बोल्दै छ । नेपाल सरकारले पनि इजरायली राजदूतलाई फिर्ता पठाउनुपर्दछ । जापानलगायत मुलुकले मानवीय सहयोग जम्मा गर्दै छन् ।

प्यालेस्टिनमाथि नरसंहार र जातीय सफायाविरुद्ध स्वयम् संरा अमेरिका, लन्डन, इन्डिया, क्यानडा, अस्ट्रेलिया, स्पेन, इजरायललगायत ५-७ दर्जन देशहरूमा लाखौँ सहभागीसहित शक्तिशाली प्रदर्शनीहरू भइरहेका छन् ।

नेपाल सरकार र सत्ता पक्ष एवम् प्रमुख विपक्षी पार्टीहरू प्यालेस्टाइनमाथि इजरायली नरसंहार भइरहँदा किन मौन छन् ? युद्धकै बिच ‘सिक र कमाउ’ को नाउँमा इजरायल पठाइएका १० नेपाली युवाहरूको ज्यान गुमेको छ भने १ जना बेपत्ता छन् । युद्धग्रस्त भूमिमा नेपाली युवा पठाउने नेपालका प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारी र म्यानपावर कम्पनीहरू यसका दोषी हुन् ।

हमास र इजरायल सरकारबिच मङ्सिर ८ गतेबाट सुरु भएको चारदिने युद्धविराम मङ्सिर १४ गतेसम्मको लागि थप दुई दिन थपियो । विगतमा पनि शान्ति सम्झौता भएको थियो । प्यालेस्टिनलाई राजनीतिक मान्यता दिनुपर्ने भएको हुँदा इजरायल शान्ति सम्झौताबाट पन्छिँदै आएको छ । युद्धविरामको अवधिमा पनि इजरायलले प्यालेस्टिनी क्षेत्रमा गोलाबारी गर्न छोडेको छैन । प्यालेस्टिनी जनताको हितमा र विश्वमै शान्ति कायम गराउने एक महत्त्वपूर्ण पाइलाको रूपमा अमेरिकी सरकारले इजरायललाई स्थायी युद्धविराम गराउन जरुरी छ । अमेरिकी सरकारले प्यालेस्टिनी सार्वभौमिकतालाई स्वीकार गर्न आवश्यक छ ।

इजरायली शासकहरूले प्यालेस्टिनी जनतालाई पशुजस्तै मार्ने दाबी गर्दै छन् । हामी सचेत मानव हौँ । तसर्थ, साम्राज्यवाद र जातिवादको विरोध गर्नु हाम्रो दायित्व हो । प्यालेस्टिनी जनताको स्वतन्त्रता तथा स्वाधीनताको लडाइँप्रति हरेक शान्तिप्रेमी नेपाली जनताले ऐक्यबद्धता जनाउँदै छन् । यही मङ्सिर १५ गते ललितपुरको लगनखेलबाट इजरायली फासीवादको विरोधमा प्रदर्शन सुरु गरी मङ्गलबजार परिसरमा हुने सभामा उपस्थित भई प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउने कार्यक्रममा हातेमालो गर्नुहुन सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौँ ।

*२०८० मङ्सिर १४*
*नेपाल क्रान्तिकारी महिला सङ्घ*




**राष्ट्रसङ्घको सभासभामा प्यालेस्टिन नभएको नयाँ मध्यपूर्वको नक्सा देखाउँदै इजरायली प्रम नेतन्याहु (असोज ५)**

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-१

✍ हरिबहादुर श्रेष्ठ

**भाइ राजु र बहिनी दीपा,**


तिमीहरूको पत्र पाएँ। प्रवेशिका परीक्षा (एसएलसी) मा प्रथम श्रेणीमा राम्रो अङ्क ल्याई उत्तीर्ण भएकोमा दुवैलाई बधाई छ। तिमीहरू सार्है मिहिनेती र उत्साही भएको हुँदा आगामी दिनहरूमा तिमीहरूको अध्ययन र परिणाम अहिलेभन्दा अझ राम्रो हुनेछ भन्ने आशा र विश्वास पनि गर्छु।

तिमीहरूले स्कुल र कलेजहरूमा हालै भइरहेका मार्गनिर्देशन कार्यक्रमहरूमा सहभागी भएको पत्रमा उल्लेख गर्‍यौ र मेरो सल्लाहको लागि पनि आग्रह गर्दै छौ। त्यसबारे अन्य धेरै शिक्षक, प्राध्यापक र विशेषज्ञहरूको सल्लाह सुनिहालेकै छौ; ती सबैबारे पनि मनन गर्नू! यस नयाँ शताब्दी र सहस्राब्दीको पुस्ता कस्तो हुनुपर्छ तथा यस युगको चुनौतीको निम्ति के-कस्ता विषयहरू पढ्नुपर्ला भन्ने विषयका साथै म आगामी चुनौती र सम्भावनाबारे सरसर्ती बताउन चाहन्छु। तर, मेरो सल्लाह नै अन्तिम भने होइन है र, तिमीहरूले आफ्ना लब्धाङ्कबाट पनि आफूले के-कस्ता विषय रोज्नुपर्ला भन्ने सङ्केत पाउने नै छौँ। यसबारे विदेशको एक सान्दर्भिक उदाहरण बताउन चाहन्छु।

एकजना चिनियाँ युवाले अङ्ग्रेजी, फ्रान्सेली र जर्मन वा कुनै अर्को गरी जम्मा तीनवटा भाषा पढ्दै थिए। पछि कुन भाषामा आफ्नो राम्रो दखल छ र कुन भाषामा विशेषज्ञता हासिल गर्नुपर्ला भन्नेबारे उनी अन्योलमा परे। एकजना मित्रको सल्लाहअनुसार तीनै भाषामा उनले छुट्टाछुट्टै परीक्षा दिए। परीक्षाको परिणामअनुसार सबभन्दा बढी अङ्क प्राप्त गरेकै विषयमा उनले माथिल्लो कक्षाको अध्ययन गरे।

त्यस्तै, तिमीहरूले कुनै एउटा विषय पढ्ने इच्छा राख्छौ भने पनि यदि तिम्रो प्राप्ताङ्कले तिमी त्यस विषयमा साह्रै कमजोर छौ भन्ने देखाएमा इच्छाले होइन आफ्नो योग्यता र क्षमताको आधारमा अध्ययनको विषय छान्नु बढी व्यावहारिक हुनेछ। अथवा, मनपर्ने विषय नै पढ्ने इच्छा छ भने अझ बढी मिहिनेत गर्नुपर्ने हुन्छ वा त्यस विषयमा पुन: परीक्षाको सम्भावनालाई ध्यान दिनु उचित र भरपर्दो हुन्छ।

कहिलेकाहीँ हाम्रो समाजको जटिलतालाई थाहा नपाउने विद्यार्थी भाइबहिनीहरूले ८-९ कक्षादेखि नै आफू डाक्टर बन्छु, इन्जिनियर हुन्छु वा वैज्ञानिक बन्छु भन्ने मनमा इच्छा राख्दा रहेछन्। तर, तिनीहरूलाई यस्ता विषयमा छात्रवृत्ति पाउन साह्रै कडा प्रतिस्पर्धामा सामेल हुनुपर्छ भन्ने थाहा हुन्न। २०-३० वटा कोटाका लागि ४-५ हजार एक-से-एक राम्रा विद्यार्थी प्रतिस्पर्धामा उपस्थित हुन्छन् र समान प्राप्ताङ्क पनि सयौँ जनाले प्राप्त गर्छन्। त्यसमध्ये शून्य दशमलब एक (०.१) समेत फरक नपार्ने धेरै छात्र-छात्रा हुन्छन्।




त्यसमा पनि शिक्षा मन्त्रालयका माथिल्ला कर्मचारीहरूको पक्षपात, नातावाद र कृपावाद तथा भ्रष्टाचारका कथाहरू सुन्दा केही मानिस सार्है आक्रोशित हुन्छन् भने कोही विरक्त, कोही निराश हुन्छन्। अति राम्रा विद्यार्थीहरूसमेत छात्रवृत्तिमा नपर्दा दु:ख मनाउने गर्छन् भने आर्थिकरूपले सम्पन्न परिवारका छात्रछात्राहरू १२-१५ लाख तिरेर भए पनि देशभित्रै वा विदेशमा पढ्न जान्छन्। तर, यहाँ त जेहनदार भएर पनि आर्थिकरूपले साह्रै कमजोर विद्यार्थीहरूले मनपर्ने विषय पढ्न पाउँदैनन्। गरिब विद्यार्थीहरूका अभिभावकले १५-२० लाख त के, २५-३० हजार रुपियाँ पनि आफ्ना छोराछोरीका निम्ति खर्च गर्न सक्दैनन्।

छात्रवृत्तिमा पनि नछानिएका र आर्थिकरूपले कमजोर छात्र-छात्राहरूले डाक्टर, इन्जिनियर वा वैज्ञानिक नै बन्छु र त्यही विषय पढ्छु भन्ने इच्छा गर्दा पनि नपाइने हुँदा विद्यार्थी भाइबहिनीहरूले महत्त्वपूर्ण र देशको आवश्यकताअनुसारको विषय छानेर पढी देश र जनताको सेवा गर्ने विचार गर्नु अति उत्तम हुन्छ।

फेरि प्रश्न उठ्न सक्छ - परीक्षामा प्रथम श्रेणी वा विशिष्ट स्थान हासिल गरी उत्तीर्ण भएका विद्यार्थीले विज्ञान विषयबाहेक मानविकी पढ्न हुन्छ कि हुँदैन ?

साँचो अर्थमा उत्तीर्णाङ्क भनेकै ६० प्रतिशत वा प्रथम श्रेणी हुनुपर्ने हो। मैले थाहा पाएका केही देशहरूमा त्यस्तै बन्दोवस्त छ।

यसकारण, प्रथम श्रेणी वा विशिष्ट श्रेणीमा उत्तीर्ण विद्यार्थीले विज्ञान नै पढ्नुपर्छ वा मानविकी पढ्नुहुन्न भन्ने होइन। त्यही धारणालाई सत्य मानेको खण्डमा एउटा कुनै देशमा धेरै राम्रा-राम्रा वैज्ञानिक, डाक्टर र इन्जिनियरहरू छन् तर त्यहाँको राजनीतिक, सामाजिक वा आर्थिक व्यवस्था लथालिङ्ग छ र देशलाई उपयुक्त दिशा दिने नेता, समाजशास्त्री एवम् अर्थशास्त्रीहरू छैनन् भने त्यो देशको गति के होला ? के यस्तो हुनसक्ला र ? प्रश्न उठ्न सक्छ। पूर्व-सोभियत सङ्घ यसको उदाहरण हो।



सोक्रेटिज, प्लेटो र एरिस्टोल

सन् १९१७ को समाजवादी क्रान्तिभन्दा पहिले जारकालीन रुस युरोपको सबभन्दा पछि परेको देश थियो। गरिब र सामन्ती रुस पहिलो विश्वयुद्धले धुजाधुजा भएको थियो। त्यहाँको कम्युनिस्ट वा बोल्शेविक पार्टीले लेनिन र स्तालिनको नेतृत्वमा समाजवादी क्रान्तिमार्फत कृषिप्रधान र कमजोर देशलाई एक औद्योगिक, विज्ञान र प्रविधिले सुसंस्कृत तथा बलियो देश बनायो। दोस्रो विश्वयुद्ध (१९३९- १९४५) मा सोभियत सङ्घमा हिटलरको जर्मनीले आक्रमण गर्‍यो।

क्रान्तिकारी रुसी जनताले स्तालिनको नेतृत्वमा देशभक्तिपूर्ण युद्ध लडेर आक्रमणकारीहरूलाई पराजित गर्न २ करोड ६० लाख रुसी जनताले बलिदान दिएपछि सोभियत सङ्घ आर्थिक र भौतिकरूपले धुजाधुजा भयो। तर, मानव सभ्यता र संसारलाई नाजीवाद एवम् फासीवादी आक्रमणबाट जोगायो। युद्धपछिको एक दशकमै सोभियत सङ्घ आफ्नो खुट्टामा उभियो र संसारको सबभन्दा बढी वैज्ञानिक, डाक्टर, प्राविधिक एवम् बुद्धिजीवीहरू भएको देश बन्यो। अन्तरिक्ष र चिकित्सा विज्ञानका साथै अन्य क्षेत्रमा पनि अग्रणी देश बन्यो। त्यही देशले एसिया र अफ्रिकाका देशहरूलाई स्वतन्त्रता एवम् मुक्ति आन्दोलनमा सहयोग गर्‍यो।


बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकाले क्रमश: ४००, ३०० र २०० वर्षमा गरेको प्रगति सोभियत सङ्घले ४० वर्षमा गर्‍यो। तर, सन् १९९० मा गलत राजनीतिक नेतृत्वको कारण सोभियत सङ्घको पतन भयो। त्यस्तो महाशक्ति देश १५-१६ टुक्रामा विभाजित भयो; पुँजीवादको पुन:स्थापना भयो। आज पूर्व-सोभियत सङ्घका देशहरू संरा अमेरिका र नाटो देशहरूको नयाँ उपनिवेशमा परिणत हुँदै छन्। पहिलेको सम्पूर्ण भौतिक उन्नति भताभुङ्ग भयो। लाखौँ-लाख वैज्ञानिक, डाक्टर, लेनिन र स्तालिन प्राविधिक र बुद्धिजीवीहरू निराश छन्। आफूले हासिल गरेका सम्पूर्ण ज्ञान र विज्ञान एवम् प्रविधिका जानकारीहरू खेर गएको सम्झन्छन् र कति रोएर विदेश पलायन भएका छन्। रोग लाग्दा उपचार नपाएर तथा भोकले जनता मर्दा जनसङ्ख्या पनि घट्दै छ।

विज्ञान र प्रविधिको क्षेत्रमा मात्रै प्रगति भएर हुन्न ती उपलब्धिलाई जोगाउन र त्यसलाई अझ अगाडि बढाउन राम्रो राजनीतिक नेतृत्व, समाज वैज्ञानिक र अर्थशास्त्रीहरूको पनि आवश्यकता हुन्छ। त्यस्ता योग्य व्यक्तित्वहरू तयार गर्न प्रथम श्रेणी वा विशिष्ट श्रेणीमा उत्तीर्ण युवा पुस्ताको खाँचो छ। यसकारण, राम्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू विज्ञान विषयको अध्ययनमा लाग्ने अनि दोस्रो र तेस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीमात्र मानविकी अध्ययन गर्न जाने भन्ने धारणा पूर्णरूपले खोटपूर्ण छ।

यसकारण, भाइबहिनीहरूले जुनसुकै विषय पढ्ने भए पनि माध्यमिक कक्षाको जग असाध्यै राम्रो हुनुपर्छ। तर, बिरामी भएमा, घरमा छोड्नै नहुने काम भएर वा कुनै भवितव्यले गर्दा प्रवेशिका परीक्षामा कम अङ्क आई उत्तीर्ण भए पनि निराश हुन वा मन दुखाउन भने हुन्न, आफ्नो योग्यताले दिएको वा आफूले रोजेको विषयमा राम्रो अध्ययन गरेमा पछि प्रथम वा विशिष्ट श्रेणीमा उत्तीर्ण हुने नै छौँ। एउटा उखान छ - हारेको सिपाही झन् राम्रोसित लड्छ। कमजोर विद्यार्थी मिहिनेतका साथ अगाडि बढ्छ, हतोत्साहित हुनुपर्ने कुनै कारण छैन।

विज्ञान र प्रविधिको अध्ययन तथा त्यसका सङ्काय, क्षेत्र र रोजगारका सम्भावनाहरूबारे क्याम्पसका मार्गनिर्देशन कार्यक्रमहरूमा विशेषज्ञहरूबाट थाहा पाइहालेका छौँ। नेपालको मानविकी सङ्कायको अहिलेको स्थिति र आजको महत्त्वको बारेमा केही बताउन चाहन्छु। त्यसबाट तिमीहरूको जिज्ञासा शान्त पार्न केही सहयोग पुग्ने आशा गर्दछु।

हाम्रो देशमा अहिले भौतिकशास्त्रमा एमएस्सी उत्तीर्ण गरेका १० जनामध्ये ८ जना विदेश पुग्छन्। हो, कम्प्युटरदेखि ठूल्ठूला आधुनिक हात-हतियार बनाउनसमेत भौतिकशास्त्रका वैज्ञानिक र गणितज्ञहरूको आवश्यकता छ। त्यस्तै, रसायनशास्त्रका ज्ञाता र वैज्ञानिकहरू प्रयोगशाला र कारखानाहरूमा मात्रै होइन, निर्माण सामग्रीदेखि खाद्यपदार्थ र औषधी बनाउने, गुणस्तर जाँच्ने जस्ता क्षेत्रमा समेत नभई नहुने श्रमशक्ति हुन्। भोलि हरेक जिल्ला, सहर र बस्तीमा वस्तुको उपयोग र उपभोग गर्नुभन्दा पहिले गुणस्तर जाँच्ने कार्यालयहरूले परीक्षण गर्नेछन्। त्यसको निम्ति हजारौँ-हजार रसायनशास्त्री र त्यसका प्राविधिकहरूको खाँचो छ। देशमा उपभोक्ता संरक्षण ऐन बनिसकेको छ र उपभोक्ताहरूसमेत सचेत हुँदै छन्।



बुद्ध, चाणक्य र मेकियावेली

प्रजातन्त्र पुन:स्थापनायता सत्तामा जाने राजनीतिक पार्टीहरू, तिनका नेता र मन्त्री तथा कार्यकर्ताहरूको व्यवहार, गतिविधि एवम् काम-कारबाहीले 'जुन जोगी आएपनि कानै चिरेका' भन्ने उखानलाई चरितार्थ गर्ने काम भएको हुँदा जनतामा 'राजनीति' शब्दको उच्चारण गर्नासाथै एक प्रकारको वितृष्णा र खिन्नता देखिएको सबैले अनुभव गर्दै छन्। तर, यहाँ हामी मानविकी सङ्कायअन्तर्गत पर्ने राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल, इतिहास, शिक्षाशास्त्र, पत्रकारिता, कानुन आदि विषयको महत्त्वबारे छलफल गर्दै छौँ।

## राजनीतिशास्त्र

भाइबहिनीहरूलाई थाहै छ - सबै नीतिको राजा राजनीति हो। राजनीतिशास्त्रीहरूको कमी वा तिनीहरूको उदासीनताले गर्दा देशमा कुन राजनीतिक व्यवस्था सुहाउँछ, किन सुहाउँछ भन्नेबारे रचनात्मक छलफल हुनुभन्दा पनि पञ्चायतकालमा निर्दलीय पञ्चायती व्यवस्था अति उत्तम र २०४६ सालपछि बहुदलीय वा संसदीय व्यवस्था नै सबभन्दा उत्तम व्यवस्थाको रूपमा प्रचार गरियो। १२-१३ वर्षको अनुभवले संसदीय वा बहुदलीय प्रजातन्त्र सर्वोत्कृष्ट व्यवस्था हो, बरु यसका सञ्चालकहरू नै यसका असफलताका दोषी हुन् भन्ने टुङ्गोमा जनतालाई मोडियो। आलोचनात्मकरूपले भन्नुपर्दा 'राजाको लुगा राम्रो छ' भनेजस्तै 'व्यवस्था ठीक छ तर यसका सञ्चालकहरू मात्र योग्य र इमानदार छैनन्' भन्ने सन्देश दिइयो। प्रधानमन्त्री, मन्त्री, नेता तथा कार्यकर्ताहरू पक्राउ पर्दै छन् र तिनीहरूमाथि भ्रष्टाचारको मुद्दा लगाइँदै छ। व्यवस्था सर्वोत्तम हुन्थ्यो भने यस्ता कमी-कमजोरी हुनु नपर्ने र सञ्चालकहरूले बिगार्न खोजे पनि हत्तपत्त ५-१० वर्षभित्र बिग्रनु नपर्ने थियो। उत्पादनका साधनहरू सबै सामाजिकीकरण हुने समाजवादी व्यवस्था भइदिएको भए के यसरी भ्रष्टाचार गर्न पाउँथे र ? केही महिना र वर्षभित्रै भ्रष्टाचारीहरू पक्राउ परिहाल्थे। अयोग्य र भ्रष्टाचारी भन्दाभन्दै सर्वोत्तम व्यवस्थामा यति सजिलैसित घरिघरि एउटै पार्टी कसरी सरकारमा पुग्यो र एउटै व्यक्ति कसरी प्रधानमन्त्री र मन्त्री भए ? यस्तो व्यवस्था कसरी सर्वोत्तम व्यवस्था भयो भन्ने प्रश्न उठ्नु पनि स्वाभाविक छ।

यस्ता महत्त्वपूर्ण विषयबारे व्यापक जनता र बुद्धिजीवी वा नागरिक समाजमा जानकारी नभएकै कारण देशले आज यस्तो हिंसा, हत्या, अपहरण, अशान्ति, अन्योल, भोकमरी, लुटपाट, महँगी, कालाबजारी, तस्करी, निजीकरणको नाउँमा कमिसनखोरी, बैङ्क ठगी, कर छली, खाद्यवस्तुमा मिसावट, नाप-तौलको अनियमितता र सुशासनको अभाव जनताले अनुभव गर्नुपरेको हो। राजनीतिक दर्शन एवम् आदर्श राज्य व्यवस्थाको बारेमा व्यापक जनतालाई शिक्षित पार्न सकिएको भए शासकहरूले नागरिक र मतदाताहरूलाई पैसा तथा पदको लोभमा फसाएर बाटो बिराउन लगाउन सक्ने थिएनन्।

पढेलेखेका व्यक्तिहरूले मात्र देश विकास गर्न सक्छन् भन्ने भ्रम दिएर एमए र पीएचडी गर्ने केही बुद्धिजीवीहरू जिल्ला-जिल्लामा सक्रिय भई राजनीतिमा लागे तथा विभिन्न तहका निर्वाचनमा विजयी पनि भए। परिणामले देखायो, वास्तवमा तिनीहरू देश र जनताको हितमा होइन, व्यापार र उद्योगमा भन्दा राजनीतिमा लागेर छिट्टै बढी पैसा कमाउन सकिन्छ भन्ने उद्देश्यले राजनीतिमा लागेका रहेछन्।

तिनीहरूमध्ये केही देशी र विदेशी गैरसरकारी संस्थाहरू (एनजीओ र आइएनजीओ) मा लागेर २-४ वटा कार्यपत्रहरू लेख्दै पैसा कमाउने मेसोमा लागे। तर, तिनीहरूलाई आफू एक-एक पाइला गर्दै नेपाल खाने विदेशी पुँजीको दलाल बनिरहेको थाहा छैन। साम्राज्यवादी देशहरू बन्दुक र डलरले हस्तक्षेप गर्नुभन्दा पहिले यहाँको सबै स्थिति र तथ्याङ्क थाहा पाउने गर्छन् र बुद्धिजीवीहरूलाई किन्ने गर्छन्। तिनीहरू नै पछि विदेशी एकाधिकार पुँजीका दास हुन्छन्।

देश र जनताको सुख-शान्ति, समृद्धि र उन्नत समाजको निम्ति एक आदर्श राज्य व्यवस्था अत्यन्त आवश्यक छ। कुन व्यवस्था कस्तो छ, कुन-कुन व्यवस्थामा के-कस्ता कमजोरी र राम्रा पक्ष छन्, कुन राजनीतिक सिद्धान्त वा वादका गुण-दोष के-के छन् भन्ने राम्रो जानकारी भएको भए देशले आज जस्तो दुर्गति भोग्नुपर्ने थिएन।

देशलाई उभो लगाउन एउटा राम्रो दिशानिर्देश गर्न सक्ने राजनीतिज्ञ, दार्शनिक वा चिन्तक, राजनेता, लेखक र कार्यकर्ताहरूको खाँचो छ। यसको निम्ति राजनीतिशास्त्रका धेरै विद्यार्थी, ज्ञाता र विद्वानहरू आवश्यक छन्। तर, राजनीतिशास्त्र पढ्नेहरूको कमी देशका विश्वविद्यालय र महाविद्यालयहरूले अनुभव गर्दै छन्। यो खाँचोलाई भाइबहिनीहरूले पूरा गरेको खण्डमा केही वर्षपछि देशमा राजनीतिक चिन्तकहरू देखापर्नेछन्। अनि, देशले एक सङ्लो राजनीतिक आन्दोलनको बाटो पहिल्याउनेछ।

तिमीहरूले त्यस्ता केही राजनीतिक दार्शनिक र चिन्तकहरूको नामबारे जिज्ञासा राख्नेछौँ। प्लेटो, एरिस्टोटल, सोक्रेटिज, हब्स, लक, रुसो, मन्टेस्क्यू, काल्पनिक समाजवादी र वैज्ञानिक समाजवादका प्रवर्तकहरू मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनको नाम दिनु उपयुक्त होला। त्यस्तै, राजतन्त्र र गणतन्त्रका विविध रूप एवम् पुँजीवादी, समाजवादी र साम्यवादी समाजका रूपहरू तथा विभिन्न देश र राज्यको बन्दोवस्त गर्ने मूल ऐन वा संविधानहरूबारे पनि राजनीतिशास्त्रले नै बताउनेछ। नयाँ पुस्ताले ती सबै विषयको गम्भीर अध्ययन गरेपछि हामी बुद्ध, चाणक्य र मेकियावेली बुद्ध, चाणक्य, मेकियावली, माओ त्से-तुङ, हो चि-मिन्ह, किम इल सङ र क्यास्ट्रोसम्मका विचार तथा अनुभवबाट पनि शिक्षित हुनेछौँ।

विश्वविद्यालय र प्राध्यापन, राजनीतिक सल्लाह, राजनीतिक दूत र दूतावासबासहरू, संविधान र ऐन-कानुनको निर्माण, अनुसन्धान र जानकारी, पत्रकारिता, प्रकाशनहरू, परराष्ट्र मन्त्रालय र प्रशासनमा समेत राजनीतिशास्त्रका जानकारहरूको खाँचो छ। यसकारण, राजनीतिशास्त्रका विभिन्न हाँगाबिँगामा धेरै युवायुवतीले अध्ययन गर्नुपर्नेछ।

# इजरायलले प्यालेस्टिनमाथि गरेको बर्बर हमलाको विरोधमा आयोजित जुलुस तथा सभा











## एसआरका दुई कविता

### शिशु संहार चल्दै छ प्यालिस्टिनमा !

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
सन्तुलित आहारको महत्त्वबारे पाठ पढिरहँदा
पोषणको मात्रा नापजाँच गरिरहँदा
गाजापट्टीका शिशुहरू, बालबालिकाहरू
भोकभोकै मर्दै छन्,
प्यासले छट्पटिँदै छन् ।

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
पाठशालामा नाचगान, गीतसङ्गीत सिकिरहँदा
शारीरिक व्यायामको अभ्यास गरिरहँदा
गाजापट्टीका बालबालिकाहरू
रकेटको आवाजसँगै भागदौड गर्दै छन्
चिच्याहट, रोदन, क्रन्दनमा हराउँदै छन् ।

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
रङ्गीबिरङ्गी चित्र कोर्दै गर्दा
रङ्गसँग खेलेर रङ्गीन बनिरहँदा
गाजापट्टीका शिशुहरू, बालबालिकाहरू
रगतमा लत्पतिँदै छन्
रगतको सागरमा डुब्दै छन् ।

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
विज्ञानको चमत्कारबारे घोकिरहँदा
विज्ञानको सभ्यता विकासमा देन पढिरहँदा
गाजापट्टीका बालबालिकाहरू
बम हमलाबाट एक चिहान बन्दै छन्
भर्खरै मात्र भत्किएको घरले पुरिएर अन्तिम स्वास फेर्दै छन् ।

यतिखेर,
बाँकी संसारका बालबालिकाहरूका निम्ति
ठुला-ठुला विद्यालय भवन निर्माण भइरहँदा
गाजापट्टीका बालबालिकाहरूका विद्यालय भवन
अमेरिकी बमले उडाइँदै छन्,
इजरायली बमले ध्वस्त पारिँदै छन् ।

हो,
प्यालिस्टिनी बालबालिकाहरूको सपना
प्यालिस्टिनी बालबालिकाहरूको जपना
प्यालिस्टिनी बालबालिकाहरूको भविष्य
खरानी खरानी बनाइँदै छ ।

हो,
यो सभ्य संसारमा
यो अत्याधुनिक समयमा
शिशु संहार चल्दै छ प्यालिस्टिनमा
बाल संहार चल्दै छ प्यालिस्टिनमा

### नेमकिपा प्यालेस्टिनको गीत किन गाउँछ ?

नेमकिपालाई स्वदेश मात्र दुखे पुग्ने
तर, किन विदेश धेरै दुख्छ हककं ?
यहाँ,
कसैलाई नदुखेको इराक, लिबिया किन नेमकिपालाई दुख्छ ?
हजारौँ माइल परको सिरिया किन यहाँ दुख्छ ?
कसैलाई नदुखेको क्युबाविरोधी नाकाबन्दी किन दुख्छ ?
कसैलाई नदुखेको उत्तर कोरिया किन दुख्छ ?
जानी जानी महाशक्तिसँग नेमकिपा किन जोरी खोज्छ ?

भेरी-कर्णाली मात्र दुखे पुग्ने,
भियतनाम किन दुख्छ ?
भेनेजुयला किन दुख्छ ?
घरी घरी किन अफगानिस्तान, अफ्रिका दुख्छ ?
किन ल्याटिन अमेरिका दुख्छ ?

मधेस मात्र दुखे पुग्ने,
मध्यपूर्व किन दुख्छ ?
पहाड मात्र दुखे पुग्ने,
प्यालेस्टाइन किन दुख्छ ?
गण्डकी मात्र दुखे पुग्ने,
गाजापट्टी किन दुख्छ ?
घरी घरी किन युक्रेन, प्यालेस्टाइन दुख्छ ?

नेमकिपा नदुखेको टाउको किन कपाल लुछेर दुखाउँछ ?
आफैँले आफ्नो निम्ति खतरा किन तेस्याउँदै हिँड्छ ?
दिउँसै बत्ती बालेर नेमकिपा शत्रु किन कमाउँछ ?
पिछलग्गू बन्न छोडेर अमेरिकाको, प्यालेस्टाइनको गीत किन गाउँछ ?



# मजदुरहरूबिच फ्रेडरिक एङ्गेल्स दिवस

भक्तपुर। विश्व सर्वहारा वर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्म दिवस मजदुरहरूको भेला गरी शुक्रबार मनाइयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिद्वारा आयोजना गरिएको सो कार्यक्रममा नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले एङ्गेल्स उद्योगपति भएर पनि कार्लमार्क्ससँग विचार मिलेको कारण मार्क्सवादी सिद्धान्त प्रतिपादन गर्न ठुलो भूमिका निभाएको बताउनुभयो।

इजरायल र प्यालेस्टाइनबिच युद्ध भइरहेको ७५ वर्ष भयो। अन्तर्राष्ट्रिय नियमअनुसार बाल बच्चाहरूलाई युद्धमा सुरक्षित गरिनुपर्ने हो। तर, प्यालेस्टाइनमा इजरायली सेनाले हरेक १० मिनेटमा १ जना बालक मारिरहेको छ। हरेक १ घण्टामा एक जना महिलाको मृत्यु भइरहेको छ, उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, "इजरायलले आजभन्दा २० वर्षअगाडि नै १० हजार बालबालिकाहरूलाई जेलमा कब्जा गरिराखेको छ। हाल युद्धमा ८ सय जना बालबालिकाहरूलाई इजरायली सेनाले बन्दी बनाइराखेको अवस्था छ। ३५ वटा अस्पतालमध्ये २६ वटा बन्द भइसकेको छ। ७२ वटा क्लिनिकहरूमध्ये ५२ वटा बन्द भइसकेको छ।

उपेन्द्र सुवालको सभापतित्वमा भएको सो प्रवचन कार्यक्रममा स्वागत मन्तव्य पुण्यराम न्हुछेले गर्नुभयो भने नेक्रामसङ्घका केन्द्रीय कोषाध्यक्ष विष्णुराम दुमरु, भक्तपुर सिकर्मी सङ्घका अध्यक्ष विक्रम ढुकुछु, गणेशप्रसाद सुवाल र रमेश दुमरुले पनि बोल्नुभएको थियो।

# आठबिसमा तेस्रो वडा सम्मेलन

दैलेख। आठबिस नपा ९ मा मङ्सिर १६ गते नेमकिपा वडा न ९ को तेस्रो वडा सम्मेलन सम्पन्न भयो।

सम्मेलनको बन्द सत्रमा भएको प्रशिक्षण कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत वलीले पार्टी कार्यकर्ताहरू अनुशासित र लगनशील भई पार्टी विधानअनुसार अगाडि बढ्नुपर्ने बताउनुभयो।

नेमकिपाले सडकदेखि सदनसम्म उठाएका आवाजले गरिब, मजदुर, किसान, युवा विद्यार्थीको हक, हित र आकाङ्क्षाको प्रतिनिधित्व गरेको उहाँले बताउनुभयो।

कार्यक्रममा लक्ष्मीकुमार विक, खडक कठायत, शेरबहादुर विक, जयबहादुर बडुवाल, दलबहादुर सिजापति, टेकबहादुर सिजापति, विष्णुबहादुर कठायत, कृष्ण बडुवाल, कटक बडुवाल, कटकबहादुर विकलगायतले बोल्नुभएको थियो।

सम्मेलनले नविनकुमार सिजापतिको अध्यक्षतामा ११ सदस्यीय नेमकिपा आठबिसनपा ९ को वडा पार्टी गठन गरेको छ।

एकक्षण | क्रिश्चिना

# धन्यवाद दिने सरकारको महत्त्व बुझौँ

**प्रिय अमर दाइ,**
**शुभप्रभात !**

पहिले म माफी माग्छु- मलाई दस वर्ष पहिले 'अमर दाइ' भनी सम्बोधन गर्दा हजुरले मलाई सम्झाउनुभएको आज पनि सम्झन्छु। दाइले भन्नुभएको थियो -

'अम्बर हुँ, अमर होइन, संसारमा केही चिज पनि 'अमर' छैन, वस्तुले रूप फेर्छ, भौतिक तत्त्वहरूमा समेत परिवर्तन आउँछ, दिनपछि रात हुन्छ, रातपछि दिन तथा हामी बसेको पृथ्वी वा 'हाम्रो संसार' जलवायु परिवर्तन हुँदै छ, वैज्ञानिकहरू १०-२० वर्षदेखि खबरदारी गर्दै छन्- तापक्रम बढ्दै छ, हिमाल पग्लिनेछन्, समुद्रको सतह बढ्नेछ, कति टापुहरूका सहरहरू डुब्नेछन्, लन्डन र बम्बईजस्ता सहरहरू डुब्नेछन्, नयाँनयाँ कीरा फट्याङ्ग्रा र रोगका किटाणुहरू देखा पर्नेछन्, रोगहरू बढ्नेछ, नदी र पोखरीहरू सुक्नेछन्, खानेपानीको समस्या आउनेछ, वनजङ्गल झन्झन् कमी हुँदै जानेछ र हावापानीमा ठूलो नकारात्मक असर पर्नेछ।'

दाजु, यसको कारणबारे प्रश्न गर्दा भन्नुभएको थियो- 'हातहतियारको निर्माण, कोइला र अन्य धुवाँ आउने वस्तु जलाउनाले, वन डढेलो वा हातहतियारको परीक्षण र साम्राज्यवादी आक्रमण र युद्धको व्यापारले गर्दा संसारमा गम्भीर नकारात्मक असरहरू देखिनेछन्।'

यसको विषयमा धेरै प्रात: स्मरणीय व्यक्ति क्युवाली नेता एवम् एक अन्तर्राष्ट्रवादी चिन्तक फिडेल क्यास्ट्रोले जो आज हामीमाझ हुनुहुन्न। अन्तर्राष्ट्रिय बैठकहरूमा एक पार्टीका नेता र एक देशको जिम्मेवार राष्ट्रपतिको रूपमा संसारका वैज्ञानिकहरूको खबरदारीलाई साह्रै गम्भीरतापूर्वक छलफल गर्न, चिन्तन गर्न र त्यो खराब स्थिति आउनुभन्दा पहिले त्यसलाई रोक्ने उपायहरूबारे निर्क्योल गराउन, यस परिणामका जिम्मेवार राष्ट्रहरू र त्यस दुर्भाग्यलाई रोक्न खर्च गर्नसक्ने ठूलठूला वा शक्ति राष्ट्रहरूले तत्काल उपचारको उपाय सबै मिलेर थाल्नुपर्ने विचार बरोबर बताउनुभएको थियो।

दाजुले भन्दै जानुभयो- 'यसकारण शान्त, संसारमा कुनै वस्तु अमर छैनन् सबै नासवान् छन्, रूप फेर्छन्, मानव समाज पनि एउटै स्तर एवम् एकै ढङ्गले बस्दैन। यसकारण, म 'अमर' होइन, म 'अम्बर' हुँ। सूर्य, चन्द्र र ताराहरू चिसो र अँध्यारो हुँदै गए पनि संसारमा आकाश रहिरहन्छ- त्यसैले म 'अम्बर' हुँ।

यो कुरा सुनेर म छक्क परेकी थिएँ र मैले तत्काल केही भन्न सकिनँ, म पनि विश्व तापमान वृद्धिले ल्याउने खतराबाट हुने गर्मी र अत्यासलाग्दो, डरलाग्दो स्थितिको कल्पना गर्दै थिएँ।

दाइलाई मैले समाचारबाट प्राप्त एक घटनालाई कथाको रूपमा लेखेर देखाएकी थिएँ- टुक्रिएको दायाँ हात झोलाबाट निकालेर सीता नामकी एउटी केटीले डराउँदै डाक्टरको टेबुलमा राखिन्। डाक्टर र नर्सहरूले लगातार एकरात शल्यक्रियामा संलग्न भई हात जोडिदिए। अस्पतालका सबै डाक्टर र सिस्टरहरूले रातदिन नभनी डेढ महिना सेवा गरे। तर, ती सङ्ग्लो हात पाएकी सीताले अस्पतालबाट बिदा हुँदा हातले 'नमस्ते' सम्म गरिनन् र चारैतिर अनुगृहित भावनाले सबैलाई हेरेर घर गइन्- एक शब्द पनि नबोलेर।

अत्यन्त पिर लिएर हातको शल्यक्रिया गर्ने डाक्टर गम्भीरमान सीता अस्पतालको हाताबाट त्यसरी बाहिर सरासर गएको देखेर तोलाए। उनी कसैसँग केही नबोली आफ्नो कोठामा गएर ढोका थुने र साँझ नपरेसम्म कोठाबाट निस्केनन्। सबैले सोचे - 'डाक्टर साहबले धेरै दिन अनिदो भएर काम गर्नुभयो र सुत्नुभयो।'

तर, भोलिपल्ट पनि डाक्टरको मुखमा हाँसो र चमक थिएन, एक्लै बस्ने गर्न थाले। काम गर्ने एक जना परिचारिकाले पत्ता लगाइन्- 'डा. गम्भीरमान सा' वको तकिया आँसुले भिजेको थियो, राति रुनुभएको थियो।'

दाजुले मेरो कापीको कथा हेर्नुभयो, एकछिन सोचेर तलको कुरा जोड्नुभयो- अस्पतालका अन्य डाक्टर, नर्स र अन्य स्टाफहरूको बैठक बस्यो। मुख्य डाक्टर थिएनन्। छलफलको निचोड थियो- हातको अप्रेसन गरेकी सीताले आफ्नो सांस्कृतिक स्तर माथि उठिनसकेको र बिदा हुँदा सबैतिर हेरेर 'के भनूँ र के गरूँ' भनी टाउको झुकाएर अनुगृहित हुँदै घरको बाटो लागेकी थिइन्।

अनौपचारिक स्टाफ बैठकले एक जना डाक्टर, एक जना स्टाफ नर्स र एक जना कर्मचारीको समिति बनायो। त्यस समितिले अस्पतालको रजिस्टर हेरेर सीताको घरको ठेगानामा सीताको भर्नाको मिति, अपरेसन र डिस्चार्जको मितिसमेत राखेर त्यस परिवारलाई एक पत्र लेखेर अब आउने आइतबारको दिन पुन: अस्पतालमा आउन निमन्त्रणा गऱ्यो। पत्रमा जोडिएको हातको पुन: परीक्षण गर्ने र सफाइ गर्नु परे सफाइ गर्न लेखिएको थियो।

२

तोकिएको दिन अस्पतालको व्यवस्थापन समिति र स्टाफहरू मिलेर डाक्टर गम्भीरमानलाई सीताकै हात जोडेर कष्ट साध्य काम गरेकोमा धन्यवाद र बधाई दिने कार्यक्रम ५ बजे राखियो।

चिट्ठी पाएर सीताको परिवार केही फलफुल, रोटी र केही सुकुटी मासु एउटा प्लास्टिकको थैलीमा पोको पारेर ल्याएको स्टाफहरूले चाल पाए। केही स्टाफहरूले त्यस कार्यक्रमबारे त्यस परिवारलाई सम्झाए र सबभन्दा पहिले सीता बहिनीले फूलको गुच्छा डाक्टर गम्भीरमानलाई प्रदान गर्ने, सीताका बुबाले फूलको माला लगाइदिने र पछि वक्ताहरूले बोल्नेबारे बताए।

कार्यक्रम सुरु भयो। सीता बहिनीले डाक्टर गम्भीर मानलाई फूलको गुच्छा प्रदान गर्दा रुँदै भनिन्- डाक्टर सा'प तपाईं अरू डाक्टर र नर्स दिदीहरूले मलाई नयाँ जीवन दिनुभयो' यति के भनेकी थिइन् उनी ढलमलिइन्। तत्काल डाक्टर गम्भीरले दुई हातले सीतालाई अँगालोमा राख्दै आफ्नो रुमालले सीताको आसुँ पुछ्दै भने- 'सीता म आज फेरि एकचोटि तिम्रो हात हेर्छु र सफा गर्छु।' अप्रेसन गरेको हात समातेर उचाल्दै डाक्टरले भने - यो कार्यक्रम पछि सीता हामी कोठामा गएर हेरौँ है !'

सीताले हवस् भनी आफ्नो स्थानमा बसिन्। सीताका बुबा फूलको माला डाक्टरलाई लगाई बिन्ती गरेर भने- 'डाक्टर साहेब मेरी छोरीको हात जोडिदिनु भएर हाम्रो परिवारको दुर्भाग्यबाट हामीलाई बचाउनुभयो।'

व्यवस्थापक समितिको अध्यक्षको सभापतित्वमा भएको सो बधाई कार्यक्रमको समाचारमा छापियो। त्यसमा व्यवस्थापन समितिका सचिवले अस्पतालको अभिभावकको नाताले डाक्टर गम्भीरमान, अन्य डाक्टर, नर्स र कर्मचारीहरूको सहकार्यले पहिलेदेखि नै गर्दै आएको राम्रो सेवाको निम्ति धन्यवाद र सबै स्टाफहरूलाई बधाई दिए।

डाक्टर गम्भीरमानले आफ्ना स्टाफहरूको तर्फबाट मन्तव्य दिँदै भने - १०-१२ वर्षदेखि हामी डाक्टर साथीहरू र स्टाफहरूले सेवा गर्दै छौँ। हामीले सेवा दिएको यो अप्रेसन हाम्रो निम्ति एक हाँक पनि थियो। तर, सबैको मेहनतले हामी सफल भयौँ, हामीलाई खुसी र गर्व अनुभव हुँदै छ। व्यवस्थापन समितिका अध्यक्ष र सचिव एवम् अन्य सदस्यहरूलाई हाम्रो कामप्रतिको उचित मूल्याङ्कनको निम्ति हामी अनुगृहित छौँ। धन्यवाद !

"सीता बहिनी र उहाँका परिवारका सबैलाई हाम्रो सेवाबारे गर्नुभएको सराहनाको निम्ति धन्यवाद छ। हाम्रो सेवाबाट जनतालाई सहयोग भएकोमा हामी साह्रै सन्तोष अनुभव गर्छौं। तपाईंहरूको सद्भावना र सहयोगले हामीलाई पनि काम गर्ने हौसला मिल्नेछ। पछि हुने कार्यक्रमहरूमा हाम्रा कामको कमीकमजोरी र थप सुविधा र सुधारको बारेमा पनि आ-आफ्ना सुझावहरू दिनुहोला। धन्यवाद !"

कार्यक्रमपछि डाक्टर र नर्सहरूले सीतालाई अस्पतालको परीक्षणको निम्ति कोठामा लगे। सीता साह्रै खुसी देखिन्थिन्।

***उही हजुरको भाइ रमेश***

# शङ्खरपुरमा प्यालेस्टिनीमाथि भएको इजरायली आक्रमणको विरोध

काठमाडौँ। नेपाल मजदुर किसान पार्टीमा आबद्ध कार्यकर्ताहरूको भेला आइतबार शङ्खरपुरमा भयो।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले इजरायली आक्रमणको विरोध गर्दै भन्नुभयो, "साम्राज्यवादी देश संरा अमेरिका र बेलायतको आडभरोसामा इजरायलले गाजामा पुन: भीषण हमला गरिरहेको छ। केटाकेटी, महिला र बुढा-बुढीलगायतका करिब १७ हजार प्यालेस्टिनीहरूको हत्या गरिसकेको छ। गएको २४ घण्टामा इजरायलको बमबारीले ७०० प्यालेस्टिनीको ज्यान लिएको छ। यो जङ्गली वा असभ्य स्वभाव इजरायलले देखाइरहेको छ। यो कार्य उसकै लागि आत्मघाती हुनेछ।"

उहाँले भन्नुभयो, "सन् १९४७ सम्म प्यालेस्टिन भन्ने देश मात्र थियो। इजरायली वा यहुदीहरूले बास मागेकाले प्यालेस्टिनीहरूले बास दिए; तर डेरावालाले घरै कब्जा गरेझैँ इजरायली सेनाले संरा अमेरिका र बेलायतको सहयोगमा प्यालेस्टिन देश पूरा इजरायल बनाउने प्रयास गर्दै प्यालेस्टिनी बालबालिका, महिला र बुढाबुढीको हत्या गरिरहेको छ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले भन्नुभयो, "गत असोज ५ गते (२२ सेप्टेम्बर) इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले प्यालेस्टिनी भाग समेत इजरायलमा गाभेर इजरायलको नक्सा संयुक्त राष्ट्रसङ्घको बैठकमा देखाए। त्यसको विरोधस्वरूप २० असोज वा ७ अक्टोबरको दिन प्यालेस्टिनी लडाकु समूह हमासले इजरायली भूभागमाथि आक्रमण गरेको हो।"

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटाले संरा अमेरिकी साम्राज्यवादी नीतिको विरोध गर्दै भन्नुभयो, "संरा अमेरिकाको बाइडेन सरकारले इजरायली पागलपनको आगोमा घिउ थप्ने कार्य गरिरहेको छ। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा गाजा सहरमा बस्ने २३ लाख जनतालाई खाना, औषधि, पानी र इन्धनलगायत मानवीय सहयोग पठाउने प्रस्तावको विरुद्ध भिटो प्रयोग गरेर संरा अमेरिकाले गाजामा उद्धारका सामग्री पठाउनबाट रोक्ने अपराध गर्‍यो। ब्राजिल, रुस र चीनले राखेको युद्ध विराम प्रस्तावको पक्षमा १२० देशले मत दिए पनि संरा अमेरिकाले युद्धविराम प्रस्ताव राखेको थियो।"

**प्यालेस्टिनमा...**

लिनु उचित हुन्थ्यो, तर भएन। भारतको पञ्जावमा बालिने परालको धुवाँले नेपालमा आँखा पोल्ने, आकाश धुम्म हुने, श्वासप्रश्वास रोग बढ्ने र हिमालहरू बढी पग्लिनेबारे सरकारले कोप-२८ मा बोल्नु जरुरी छ", सांसद सुवालले उल्लेख गर्नुभयो।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको पैसामा अन्तरक्रिया गर्न नहुने र नेपालकै परराष्ट्र मन्त्रालयसँग समन्वय गरी कार्यक्रम राख्नुपर्नेमा जोड दिँदै सांसद सुवालले नेपालीको दूध फाल्न लगाउने, विदेशी दूध आयात गर्ने काम उखु खेतीजस्तै पशुपालनलाई समाप्त पार्ने सरकारी नीति भएको उल्लेख गर्नुभयो।

समितिमा विपिन जोशीको रिहाइको लागि सरकारको ध्यानाकर्षण गराउने र आवश्यक उपसमिति गठन गर्ने निर्णय गरियो।

समितिका सभापति राजकिशोर यादवले नेका सांसद विमलेन्द्र निधीले हुम्लामा सीमा मिचिएको सूचना दिएको हुँदा त्यसतर्फ अध्ययन भ्रमण गर्ने बताएपछि सांसद सुवालले आफू नेपालको पश्चिमतर्फ खुला सीमामा भर्खरै गएको र त्यस क्षेत्रका नेपालीहरू सीमामा भारतीय अतिक्रमण बढेको गुनासो गरिरहेको हुँदा खुला सीमामा नेपाली भूमि अतिक्रमण अध्ययन भ्रमण गर्नुपर्ने उल्लेख गर्नुभयो।

**अमेरिकी...**

भएकोले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत छ, उहाँले स्पष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले इतिहास, भूगोल र अन्तर्राष्ट्रिय राजनीतिबारे कर्मचारीहरूमा जानकारी हुनुपर्छ भन्नुभयो।

पीडितको पक्षमा ऐक्यबद्धता जनाउनु र युद्धको विरोध गर्नु मानवीय कर्तव्य भएको उहाँले बताउनुभयो।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू असल र इमानदार हुनुका साथै देशभक्त हुनुपर्ने बताउनुभयो।

संरा सङ्घको महासभामा प्यालेस्टिनी भूमि नदेखाई मध्यपूर्वको नयाँ नक्सा देखाएको विरोधस्वरुप प्यालेस्टिनी लडाकु सङ्गठन हमासले इजरायलमा आक्रमण गरेको उहाँले बताउनुभयो।

कार्यक्रममा समाजका दिलकृष्ण माक, काजीबहादुर पञ्च र शिवराम धुख्वाले पनि बोल्नुभएको थियो।

**नेपाली...**

केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले प्यालेस्टिनी जनताको मुक्ति सङ्घर्षको आन्दोलनमा नेपाली कामदारवर्गका महिलाको तर्फबाट ऐक्यबद्धता जनाउँदै प्यालेस्टिनी जनताको समर्थनमा बोल्नु अमेरिकी साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्नु हो भन्नुभयो।

नेमकिपाले स्वतन्त्र र स्वाधीन देशको पक्षमा बोल्न तथा अत्याचार र अन्यायविरुद्ध लड्न सिकाएको बताउँदै उहाँले इजरायली फासीवादले अमेरिकी साम्राज्यवादको साथ र सहयोगमा प्यालेस्टिनी महिला र बालबालिकाको हत्या गरिरहेको चर्चा गर्नुभयो।

इजरायल स्थापनामा पुँजीवादी र साम्राज्यवादी देशहरूको स्वार्थबारे प्रस्ट पार्दै उहाँले जबरजस्ती देश हडप्न खोज्नेहरूविरुद्ध प्यालेस्टिनी जनताको प्रतिकार स्वाभाविक भएको बताउनुभयो।

प्यालेस्टिनमा क्रान्तिकारीहरू जन्मलान् भन्ने त्रासमा अमेरिकाले बालबालिकाको संहार गर्न लगाएको बताउँदै केन्द्रीय अध्यक्ष थापामागरले सानासाना बालबालिकालाई इजरायली सेनाले पक्राउ गरी यातना दिइरहेकोमा विरोध जनाउनुभयो।

उहाँले नेपालका शासकहरू अमेरिकी साम्राज्यवादका पिछलग्गू भएको चर्चा गर्दै जाजरकोट र रुकुमका भूकम्पपीडित जनता, सुत्केरी बालबालिका चिसोले कठ्याङ्ग्रिएर मरिरहेको उल्लेख गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले अमेरिकाको चरित्र मुखमा शान्ति, प्रजातन्त्र र मानव अधिकार भए पनि बगलीमा युद्ध, हतियारजस्तै भएको बताउनुभयो।

इजरायली सेनाले प्यालेस्टिनी महिला, बालिकाको हत्या गर्नु फासीवादको नृशंस रूप र जातीय सफायाका पराकाष्ठा भएको उहाँले बताउनुभयो।

केन्द्रीय सदस्य सैंजूले भन्नुभयो, हरेक युद्धले अर्को सम्भावनाको पनि जन्म दिन्छ। हरेक युद्ध या सङ्कटले नयाँ नयाँ सम्भावना जन्माउँछ भनेझैँ इजरायल र अमेरिकाको यो युद्धले पनि विश्वलाई जऱ्याकजुरुक उठाएको छ; न्यायको पक्षमा, शान्तिको पक्षमा, युद्धको विरुद्धमा जनलहर उठाएको छ।"

सभामा मन्जु लाखा र ममिता श्रेष्ठले पनि बोल्नुभएको थियो।

लगनखेलबाट सुरु भएको जुलुस मङ्गलबजारमा पुगी सभामा परिणत भएको थियो।

जुलुसमा सहभागीहरूले प्यालेस्टिनी स्वतन्त्रता जिन्दावाद, इजरायली फासीवाद मुर्दावाद, युद्धविरोधी जनता एक होऔँ, स्थायी युद्धविराम सम्झौता गर, प्यालेस्टिनी जनतालाई बाँच्न दे, गाजापट्टीमा नरसंहार बन्द गर, प्यालेस्टिनमा जातीय सफाया बन्द गर, प्यालेस्टिनी भूमि फिर्ता गर, अमेरिकी दलाल नेतन्याहु मुर्दावाद, युद्ध सरदार बाइडेन मुर्दावाद, नेपाल क्रान्तिकारी महिला सङ्घ जिन्दावाद, नेपाल मजदुर किसान पार्टी जिन्दावादलगायतका नारा लगाएका थिए।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३